





नेपाल
नेपाली मनको नेपाली पत्रिका
समाचारपत्र
NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)





नेकपाका नेता राम कार्कीसँगको अन्तर्वार्ता पृष्ठ २

नेकपा संसदीय दलको नेतामा ओली पृष्ठ ५

क्युबामा भयानक विमान दुर्घटना पृष्ठ ८

टेस्ट-ट्युब बेबी १६ वर्षमा पृष्ठ ९


# कालीगण्डकी बहुउद्देश्यीय परियोजना अघि बढाउन दबाब

दुर्गाप्रसाद शर्मा, पर्वत

विद्युत्, सिँचाइ र जल यातयातसमेत सञ्चालन गर्न सकिने जलाशययुक्त कालीगण्डकी बहुद्देश्यीय परियोजना अघि बढाउन सरकार र लगानी बोर्डसँग लबिङ तीव्र पारिएको छ।

परियोजनाबाट प्रत्यक्ष लाभ लिने पर्वत, बाग्लुङ र गुल्मीका जनप्रतिनिधि तथा स्थानीय तहका प्रमुखहरूले परियोजना अघि बढाउन सरकार र लगानी बोर्डसँग लबिङ तीव्र बनाएका छन्। सबैभन्दा गहिरो खोंच भएर बग्ने कालीगण्डकी नदीमा जलाशययुक्त परियोजना बनाउन सस्तो पर्ने र बहुउपयोग गर्न सकिने भन्दै लबिडलाई तीव्र पारिएको छ।



» एक हजार मेगावाट विद्युत् उत्पादन हुने
» हजारौं हेक्टर जमिनमा सिँचाइ सुविधा
» ६० किलोमिटर लामो जल यातयात
» बूढीगण्डकीभन्दा परियोजना धेरै सस्तो

पर्वतको फलेबास नगरपालिकाको संयोजनमा कालीगण्डकी किनारमा रहेका पर्वतको फलेबास र कुस्मा नगरपालिका, बिहादी गाउँपालिका, बाग्लुङको जैमुनि नगरपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाले संस्थागत निर्णय गरेर परियोजना अघि बढाउन ऊर्जा मन्त्रालय र लगानी बोर्डमा प्रस्ताव पेस गरेका छन्। यता पर्वत र बाग्लुङबाट प्रतिनिधिसभामा निर्वाचित सांसदहरूले अर्थमन्त्रीलाई भेटेर परियोजना अघि बढाउन निवेदन दिएका छन्।

(क्रमशः पृष्ठ ९ मा)

## फोर्ड गाडीमा जीओ अटोमोबाइल्सको ठगीको अर्को शृङ्खला

# दबाब थेग्न नसकेपछि मूल्य घटाइयो

नेपाल समाचारपत्र

काठमाडौं

गत माघ १० गते वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको बजार अनुगमन टोली अन्तर्राष्ट्रिय सवारीसाधन कम्पनी फोर्डको नेपालका लागि आधिकारिक विक्रेता तथा वितरक जीओ अटोमोबाइल्स प्रालिको थापाथलीमा रहेको कार्यालय (डिलर) पुग्यो।

दैनिक बजार अनुगमनका क्रममा त्यहाँ पुगेको विभागको टोलीले जीओ अटोमोबाइल्स कम्पनीका कर्मचारीलाई उक्त कम्पनीले पछिल्लो समय बेचेका सवारीसाधनको प्रज्ञापनपत्रसहितका बिल बिजक, त्यसको पुस्ट्याइँ गर्ने कागजात, भ्याटबिल, करचुक्तापत्र तथा कम्पनीसँग सम्बन्धित कागजात उपलब्ध गराएर सहयोग गर्न भन्यो। तर, कर्मचारीले अनुगमन टोलीलाई टेरेनन्। विभागको टोलीले उक्त डिलरका कर्मचारीसँग लामो सोधपुछपछि उनीहरूले केही कागजात उपलब्ध गराए।

(क्रमशः पृष्ठ ९ मा)




## कुन गाडीमा कति ठगी

| शीर्षक | इकोस्पोर्ट टाइटानियम | इकोस्पोर्ट ट्रेन्ड | इकोस्पोर्ट यम्बियन्ट | फ्रिस्टाइल टाइटानियम |
|---|---|---|---|---|
| एफओबी मूल्य (भारु) | ५५९३८२ | ४९१३०५ | ४४६२२४ | ४,१७,८७२ |
| ढुवानी भाडा (भारु) | ३५०६९ | ३५०६९ | ३५०६९ | ३५,०६९ |
| बीमा (भारु) | ८९ | ८९ | ८९ | ८९ |
| कुल निर्धारण मूल्य (भारु) | ५९४५४० | ५२६४६३ | ४८१३८२ | ४,५३,०३१ |
| कुल निर्धारण मूल्य (नेरु) | ९५२१५६ | ८४३१३१ | ७७०९३४ | ७,२५,५२९ |
| भन्सार शुल्क (नेरु) | ७३८८७३ | ६५४२७० | ५९८२४५ | ५,६३,०१० |
| कुल | १६९१०३० | १४९७४०१ | १३६९१७८ | १२,८८,५३९ |
| नेपाली उत्पादन शुल्क कर | १०१४६१८ | ८९८४४१ | ८२१५०७ | ७,७३,१२३ |
| मूल्य अभिवृद्धि करका लागि निर्धारित मूल्य | २७०५६४८ | २३९५८४१ | २१९०६८५ | २०,६१,६६२ |
| मूल्य अभिवृद्धि कर | ३५१७३४ | ३११४५९ | २८४७८९ | २,६८,०१६ |
| उत्पादन शुल्क र नेपाली कर | २१०५२२६ | १८६४१७० | १७०४५४१ | १,६०,४१५० |
| कुल लागत | ३०५७३८२ | २७०७३०१ | २४७५४७४ | २३,२९,६७९ |
| खुद्रा मूल्य | ४२९०००० | ३६९०००० | ३४४०००० | २९,९९,००० |
| कुल नाफा | १२३२६१८ | ९८२६९९ | ९६४५२६ | ६,६९,३२१ |
| नाफा प्रतिशत | ४० | ३६ | ३९ | २९ |






## कनिष्ठ पद 'सेफ लेन्डिङ' गर्ने 'प्लेटफर्म'

टीका बन्धन, काठमाडौं

वन सेवातर्फको सबैभन्दा कनिष्ठ पद वन रक्षक हो। यो पदको आवेदन र सेवा प्रवेशका लागि अन्य स्थायी जागिरका लागि तोकिने उमेरहद र विद्यालयको आधारभूत तह (कक्षा ८) उत्तीर्ण भए पुग्छ।

वनको निगरानी र अनुगमनका लागि प्रत्यक्ष 'फिल्ड'मै खटिनुपर्ने वन रक्षक पदका लागि केही वर्षयता स्नातक र स्नातकोत्तर तह उत्तीर्ण गरेका समेत प्रतिस्पर्धामा उत्रन थालेका छन्। श्रेणीविहीन कनिष्ठ पदका लागि पढाइमा अधिकतम् अब्बल जनशक्ति छनोट हुने गरे पनि राज्यलाई भने उल्टै व्ययभार थपिने गरेको छ।

तोकिएको 'फिल्ड'मा नखट्ने, फिल्डबाहेकको प्रशासनिक काम रोज्ने, सेवा प्रवेशलगत्तै माथिल्लो तह र पदमा प्रतिस्पर्धा गर्नेको संख्या धेरै भएपछि कनिष्ठ पदका कर्मचारीको अभाव हुने गरेको छ। राज्यले ठूलो लगानीका साथ जनशक्ति तयार पारे पनि श्रेणीविहीन वन कर्मचारीको अभाव सधैं हुने गरेको केन्द्रीय वन तालिम तथा प्रचार-प्रसार केन्द्रका तालिम अधिकृत विष्णुप्रसाद आचार्य बताउनुहुन्छ।

वन रक्षकका लागि अन्य विषय र संकायसँगै बीएससी र एमएससी फरेस्ट्री उत्तीर्णबीच प्रतिस्पर्धा हुन थाले पनि यो पदमा लगाव राख्नेको संख्या न्यून रहेको उहाँको भनाइ छ। 'वन रक्षक त स्थायी जागिरका लागि सेफ लेन्डिङ गर्ने प्लेटफर्म मात्रै बनेको छ, यो जागिरलाई माध्यम बनाएर आन्तरिक प्रतिस्पर्धा गर्ने र अन्यत्र स्थानान्तरण हुनेहरूको संख्या धेरै छ।' -आचार्यले भन्नुभयो। हाल मुलुकभर २ हजार ७ सय ३७ जना वन रक्षकको दरबन्दी तोकिएको वन विभागले जनाएको छ।

विगतमा राजनीतिक पहुँचवालाको भनसुन वा सोझै जिल्ला वन अधिकृतले आधारभूत तहको शैक्षिक योग्यता भएकालाई भान्से, सहयोगी र अन्यलाई अस्थायी दरबन्दीमा वन रक्षक नियुक्त गर्ने प्रचलन थियो। मनोमानी नियुक्ति रोक्दै पारदर्शी ढंगबाट योग्य जनशक्ति नियुक्त गर्न वन मन्त्रालयको विशेष प्रस्तावमा २०७१ यता लोकसेवा आयोग मार्फत वन रक्षक छनोट गर्न थालिएको छ। आयोग आफैंले श्रेणीविहीन कर्मचारी नियुक्त गर्ने प्रावधान नभएकाले मन्त्रालयले अर्थ मन्त्रालयसँग विशेष बजेट माग गरेर यस्ता कर्मचारी पूर्ति गर्न शुरू गरिएको हो।

(क्रमशः पृष्ठ ९ मा)




2018, MAY
Sunday
20

महानगर

कम्युनिस्ट पनि मान्छे हो। उसको पनि व्यक्तिगत इच्छा चाहना हुन्छन् भन्ने बुझाएको भए जनताले बिस्तारै पछ्याउँदै लैजान्थे। अहिले पनि २०३४ सालको कम्युनिस्ट हेरेर अहिलेको कम्युनिस्टलाई हेर्ने गरिएको छ।

# 'एकता त भयो काम धेरै बाँकी छ'



**राम कार्की**
स्थायी समिति सदस्य,
नेपाल कम्युनिस्ट पार्टी

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी बनेको छ। नयाँ पार्टी गठनसँगै नेकपाले आगामी नीति र कार्यक्रम कस्तो बनाउँछ भन्ने सर्वत्र चासो बढेको छ। नेकपाले ९ सदस्यीय सचिवालय, ४५ सदस्यीय स्थायी समिति र ४ सय ४१ सदस्यीय केन्द्रीय कमिटीको घोषणा गरेको छ। यसै विषयमा नेकपा पार्टीको आगामी बाटो, चुनौतीलगायतको विषयमा केन्द्रित भएर नेपाल समचारपत्रका लागि **मधुसूदन रायमाझी** र **दीपेन्द्र थापाले** गरेको कुराकानी :

**लामो समयको उतारचढावपछि दुई पार्टी मिलेर नेपाल कम्युनिस्ट पार्टी गठन भएको छ। अबको यात्रा कसरी अगाडि बढ्छ?**

-पार्टी एकता हुनुपूर्व विभिन्न कोणबाट आशंका थियो र अहिले पनि छ। कम्युनिस्ट पार्टीहरूबीचको एकता हुँदा आफ्नो वर्चस्व गुम्ने आशंका पाल्नेहरू पनि थिए। निर्वाचनमा मतदान गर्ने मतदाताले पनि आशंका व्यक्त गरेका थिए। मुख्यरूपमा अहिले आम जनता र कम्युनिस्ट समर्थन जनतालाई यो विश्वास दिलाउनुपर्छ कि तपाईंहरू निस्क्रिय रहेर मतदान गरेका भरमा समाजवादको लक्ष्यमा पुग्न सकिँदैन। तपाईंहरू सदैव लाग्नुपर्छ। तपाईंहरूले सधैं खबरदारी र सजग गराउनुपर्छ। यी कुरा जनतालाई बुझाउनुपर्छ। अर्को चिन्ता भनेको यसको वैचारिक राजनीतिक सिद्धान्त के त? कुन विचार राजनीतिको आधारमा एकता भएको छ। त्यसका लागि वैचारिक राजनीतिक आधार तयार गर्नुपर्छ। एउटा त विचारधारात्मक रूपमा स्पष्टता हुनुपर्छ। अर्को कुरा नेतृत्वको कुरा हो। संगठनको कुरा, अब पहिला-पहिला संगठनहरू नोकरशाही भए भन्ने कुरा आए। त्यसले गर्दा संगठन र संगठनको बलमा प्राप्त हुने जति पनि उपलब्धि छन् त्यसलाई सधैंभरि जनताको निगरानीमा राख्ने संयन्त्र के हो? कस्तो संयन्त्र बनाउँदा जनताले त्यसलाई निगरानी गर्न पाइरहन्छन्? नत्र कम्युनिस्ट पार्टी स्वयं नै नोकरशाही संयन्त्र बनेर जनताले त्यसलाई मिल्काएको इतिहास देखेका छौं। अहिले एकता भएको छ तर धेरै कामहरू बाँकी छन्।

अहिले पनि किसानहरू ठूलो संगठितरूपमा आन्दोलन गरुन्। विद्यार्थी र शिक्षकले शिक्षाको स्तरोन्नती राम्रो बनाउनका लागि नेपालमा चाहिने शिक्षा पाठ्यक्रममा सुधार ल्याउन निजी सार्वजनिक अवधारणाको बारेमा आन्दोलन गर्नुपर्छ। त्यो आन्दोलनको जगमा शिक्षा नीतिमा ठूलो परिवर्तन ल्याउन सक्छ। तर किसान, विद्यार्थी आन्दोलित रहेनन् र उनीहरू निस्क्रिय बन्न पुगे भने एउटा मन्त्री छानिँदैमा समाजवादको पक्षमा परिवर्तन ल्याउन सक्दैन।

**निकै ठूलो टुटफुट विभाजनको शृंखला पार गर्दै दुई कम्युनिस्ट पार्टीबीच एकता भएको छ। सैद्धान्तिक र वैचारिक रूपमा कम्युनिस्टले उठाउने कुरा र व्यवहारमा हेर्दा निकै फरक देखिन्छ नि किन होला?**

-यो सबै कुरा सोचकै कुरा हो। हाम्रो सोच र चिन्तन हो। एउटै घरको मान्छे एउटा छोरो जीविकोपार्जनसँगै छोरा नातीका लागि कस्सिएको देखिन्छ। त्यही परिवारको अर्को सदस्य जोगी भएर हिँडेको देखिन्छ। यो चिन्तन हो। यो विषयमा छलफल हुन जरुरी छ। संघर्ष भनेको के हो? कम्युनिस्टले शसस्त्र संघर्षलाई एउटा मात्र विधि र पद्धतीमा बुझ्ने कुरा भयो। शसस्त्र संघर्ष त्यागेपछि अरू केही चाहिँदैन जस्तो भयो। संघर्षका विभिन्न रूपहरू हुन्छन्। शसस्त्रको बाटो लिने कि शान्तिपूर्ण बाटो लिने? परिस्थिति, वर्गशत्रुको रणनीति तमाममा निर्भर रहने कुरा हो। त्यसैले संघर्षको जुनसुकै रूप अपनाए पनि कम्युनिस्टको नैतिक आचरण, विधि, जीवनपद्धती त रहिरहनुपर्छ नि? तर सशस्त्र संघर्षमा सामेल हुँदा सबै कुरा त्याग गर्न तयार हुने। नैतिकवान हुने मात्र होइन ज्यान पनि दिन तयार हुने। अनि संशस्त्र संघर्ष त्याग्नासाथ त्यही मान्छे अर्को रूप हामी देख्छौं। हामीले यो बुझाउन सकेनौं। संघर्षका विभिन्न रूप हुन्छन्। कम्युनिस्ट अभियानलाई पारदर्शी बनाएर लैजानुपर्छ। यो केबल मितव्ययीताको कुरा मात्र होइन। जनतालाई पनि के पर्‍यो भन्दा शुरूमा कम्युनिस्टको जुन रूप देखे। फाटेको लुगा फाटेको चप्पल, ननुहाएको त्यो खोलाको बिम्ब बनेर बस्यो। जनतालाई हामीले के बुझाउनुपर्दथ्यो भने परिस्थितिमा फेरबदल आएको छ। फेरिएको परिस्थितिमा जीवनशैली, जीवनपद्धती पनि फेरिएको हुन्छ भनेर बुझाउन सकिएन। कम्युनिस्ट पनि मान्छे हो। उसको पनि व्यक्तिगत इच्छा चाहना हुन्छन् भन्ने बुझाएको भए जनताले बिस्तारै पछ्याउँदै लैजान्थे। अहिले पनि २०३४ सालको कम्युनिस्ट हेरेर अहिलेको कम्युनिस्टलाई हेर्ने गरिएको छ। हिजो माला पनि व्यवस्था नगरिकन विवाह गर्ने, अहिले १० लाख विवाहमा खर्च गर्ने, पार्टी पनि थरिथरिका गर्ने, यो खोलको पाखण्ड आउनुमा धेरै समस्या रहे। हिजो परिस्थिति थियो आज परिस्थिति फेरिएको छ। कोही साथी, आफन्त मर्छ। हिजो त्यसलाई शक्तिमा बदल्ने भनेर हिँडियो। आज कपाल काटेर जुठो बारेर बसेका छन्। यस्तो गतिछाडा ताल भयो। कम्युनिस्ट पार्टी पारदर्शी हुनुपर्छ। कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताको जीवनबाट अरूले अनुकरण गर्ने हुनुपर्छ। १३ दिनलाई ३ दिनमा ल्याउनु पनि ठूलो कुरा हो। यसका लागि कम्युनिस्टले अर्को तरिका ल्याउनुपर्‍यो। शोक लाग्छ, आँसु त आउँछ, चिन्ता त हुन्छ। कसरी शोक मनाउने त भन्ने वैकल्पिक पद्धती त दिनुपर्‍यो नि।

**पूर्व माओवादी केन्द्रले अडान राख्दै आएको बराबरी हैसियत छाडेको भन्दै असन्तुष्टि छ भने एमालेकै भित्र पनि सांगठनिक विषयलाई लिएर असन्तुष्टि देखिन्छ नि?**

-यी पनि कुराहरू हुन्। तर यी धेरै महत्त्वका कुरा होइनन्। अरू धेरै महत्त्वका छन्। अब शसस्त्र संघर्षमा जाँदा चुनाव चिहनको के मतलब? संघर्षको भोलि रूप फेरियो भने? हामीले शान्तिपूर्ण संघर्ष भनेका छौं। हाम्रो वर्गशत्रु हतियार बोकेर आयो भने के गर्ने? संघर्षको कुन रूप लिने भन्ने परिस्थिति तमाम कुराले तय गर्ने कुरा हो। हिजो उठाइएका जनताका पक्षका मुद्दाहरू छन्। त्यसमा अब नयाँ पार्टीले के गर्छ? त्यो महत्त्वपूर्ण कुरा हो। हेडक्वार्टर जहाँ राखे पनि त्यसले अन्तर पार्दैन। तर, मुख्य अन्तर पार्ने भनेको यसले बनाउने कार्यक्रम, नयाँ पार्टीले लिने लक्ष्य, विकास रणनीति हो। अहिले विकासकै कुरा बढी चलिरहेको छ। विकास भनेको बाटोघाटो, पुल हो कि के हो? ती पनि विकासको संसाधन हुन्। मुख्य विकास भनेको त मान्छे होला। समाजवादीले सबैभन्दा बढी ध्यान दिने भनेका सामाजिक वर्गलाई हो। उदाहरणका लागि झापामा १८ लेनको सडक बन्यो ठूला-ठूला गाडी गुडे। तर, त्यहाँ किनारामा चिया मजदुरको दैनिकीमा केही सुधार आएन भने के अर्थ? यी चिजहरू पार्टीको दस्तावेजमा रहन्छ कि रहँदैन? जीवन व्यवहारमा लागू हुन्छ कि हुँदैन? त्यो प्राप्त गर्न पार्टीले प्रयत्न गर्छ कि गर्दैन? त्यो महत्त्वपूर्ण कुरा हो। कार्यकर्ता र समर्थन जनतालाई पनि अनुरोध छ, खबरदारी र निगरानी निरन्तर रहनुपर्‍यो। पार्टीले त्यो लाइन लिनुपर्‍यो।

**पार्टी पुनर्गठन गर्दा नेपाल कम्युनिस्ट पार्टीले अगाडि सारेको घोषणपत्रअनुसार अगाडि बढ्ला?**

-पहिला कार्यक्रम तय भएपछि नारा तय गर्ने हो। अहिले त हामीले आपत् पर्दाखेरी कुशको ब्राह्मण बनाएर काम चलाएकोजस्तो गरेका छौं। मुख्यरूपमा हामीले बनाउने दस्तावेज, कार्यक्रम, संगठनात्मक सिद्धान्तलाई त्यो कुरा महत्त्वपूर्ण हो।

**अब नेपाल कम्युनिस्ट पार्टीले कस्तो कार्यक्रमका साथ जनताको बीचमा जान्छ?**

-पहिलो महत्त्वपूर्ण कुरा प्राथमिकता छनोट गर्दा, नीति निर्माण गर्दा तल्लो तहको जनतालाई पनि सहभागी गराउनुपर्छ। अब नेपालको विकासको रणनीति के हुन्छ? दुईवटा एक्सपोर्ट र एउटा नेता विशेषले तय गर्ने कुरा होइन। यसमा ठूलो संख्यामा जनताको सहभागिता हुनुपर्छ। नेपालको शिक्षा कस्तो हुनुपर्छ भनेर गाउँघर, शहर टोलटोलमा बहस र छलफल हुनुपर्छ। पार्टी कमिटी, जनवर्गीय संगठन त्यो काममा लाग्नुपर्‍यो। अहिले बाटोघाटो र पुलको माग बाकेर काठमाडौं आउने कार्यकर्ताले त्यो दस्तावेज पनि लिएर आउनुपर्‍यो नेपालमा विकासको बाटो, शिक्षा, स्वास्थ्य यस्तो हुनुपर्छ भनेर। नेपालमाा कति शिक्षित जनशक्ति चाहिएको छ? कति डाक्टर चाहिएको छ? नीति निर्माण तहमा कार्यकर्ता सहभागि हुन पाएनन् भने उनीहरूले छलफल गर्न पाएनन् भने बिस्तारै उनीहरूमा निराश तटस्थता, आत्मविश्वास र सिर्जनशीलता गुमाउँदै जान्छन्।

हाम्रो तीसौं हजार गाउँ, शहरका गल्लीहरुमा, विद्यालयमा, कारखानामा अस्पतालमा यो सब ठाउँमा छलफल गर्नुपर्छ। पहिलो र प्राथमिक कुरा यही हो। हामीले भन्छौं, इतिहासका निर्माता जनता हुन्। मार्क्सवादको सिद्धान्त पनि यही हो। चाहेअनुसार होइन, आवश्यकता र परिस्थितिअनुसार हुन्। ज्ञान र शक्तिका स्रोत जनता हुन् भने बुझाइ व्यवहारमा देखिनुपर्‍यो। ज्ञानको स्रोत जनता हो भनेर भटभट्याउने अनि ज्ञानको स्रोत जनताले के बुझेका हुन्छन् भनेर हामीले  भन्ने गलत चिन्तन हटाउनुपर्छ।

**समृद्धि र विकास नेकपा पार्टीको नारा नै बनेको छ। नेपालको शिक्षा र स्वाथ्य क्षेत्रमा देखिएको विभेद बढ्दो छ। यसरी समाजवादमा पुगिएला?**

> 'शक्तिका स्रोत जनता हुन् भन्ने बुझाइ व्यवहारमा देखिनुपर्छ'
>
> 'जनतालाई खबरदारी र निगरानी निरन्तर गरिरहनुपर्छ'
>
> 'एउटा मन्त्री छानिँदैमा समाजवादको पक्षमा परिवर्तन ल्याउन सक्दैन'
>
> जनताको निगरानीमा राख्ने संयन्त्र के हो?
>
> अहिले एकता भएको छ तर धेरै काम बाँकी छ।
>
> नेताले खोला-नदी नखाओस्। देशको स्वाभिमान बेचेर नखाओस्। मासु भात त खाओस्।

-विकास भनेको राजनीतिक कुरा हो। अर्थतन्त्र भनेको राजनीतिक एउटा सानो पाटो मात्र हो। मार्क्सवादलाई खुम्च्याएर अर्थशास्त्र बुझ्ने कुरा। मार्क्सले आधार र उत्पादन प्रमुख हो भनेर भन्नुभयो भन्ने, सिंगो मार्क्सवादलाई नबुझ्ने। मार्क्सले भनेको महत्त्वपूर्ण कुरा नै हो, आधार र परिसंरचनालाई मात्र समातेर हिँड्ने। मुख्य कुरा आर्थिक विकास हो। मुख्य कुरा अर्थतन्त्र हो।   आर्थिक विकास भनेको राजनीतिक कुरा हो। कम्युनिस्टले अर्थशास्त्र मात्र भन्दैनौं। राजनीतिक अर्थशास्त्र पनि भन्छौं किनकि राजनीतिकबाट गाइडेट हुन्छ। राजनीतिक क्रान्तिले पुरानो आधारलाई सिध्याउँछ र नयाँ आधारमार्फत अगाडि बढ्ने कुरा हो। यहाँ राजनीतिक सोझ्याउने कुरा नै प्रमुख हो। राजनीति छोडिदियौं, अहिले आर्थिक समृद्धि र विकासको मुद्धा प्रमुखरुपमा आएको छ।

दोस्रो कुरा व्यक्तिको आधारभूत स्वतन्त्रताको प्रक्रियालाई विकास भनिन्छ। हामी त्यो विकासमा जानु छैन। जहाँ शहरमा केही खर्बपतीहरू बढ्छन् र त्यसको परिणाम करोडौं जनताचाहिँ घरबारविहीन बन्न पुग्छन्। स्वास्थ्य र शिक्षाबाट वञ्चित बन्न पुग्छन्। त्यस्तो विकासको मोडल हामीलाई चाहिएको छैन। हामीले पहिलो कुरा स्वास्थ्य भनेको शरीर हो। शिक्षा भनेको मस्तिष्क हो। शरीर र मस्तिष्क नै अरूको उपनिवेश बन्यो भने अनि जग्गा जमिन इत्यादिको के कुरा हुन्छ र? पहिला हाम्रो आफ्नो शिक्षा हुनुपर्‍यो। अहिले बिलम्ब नगरी के पत्ता लगाउनुपर्‍यो भने नेपालमा शिक्षित जनशक्ति कति छ? अब आगामी २० वर्षमा कस्तो शिक्षित जनशक्तिको आवश्यकता पर्छ? हामीलाई डाक्टर कति चाहिने हो? ईन्जिनियर कति चाहिने हो? पाइलट कति चाहिने हो? कृषि विशेषज्ञ कति चाहिने हो? हामीसँग योजना हुनुपर्‍यो। २० वर्षपछि उनीहरूलाई कहाँ-कहाँ रोजगारी दिन्छौं। सधैंभरि यो सोच्नु भएन कि हाम्रा युवा कतार मलेसिया जान्छन्?

नेपालमा नै उनीहरूले भूमिका पाउने योजना बनाउनुपर्‍यो। आफ्नो स्वास्थ्य र शिक्षा हुनुपर्छ। उदाहरणका लागि झन्डै ७० वर्षको नाकाबन्दी झेलेर पनि क्युबा अहिले पनि समाजवादी देशको रूपमा बाँचिरहेको छ। त्यसको प्रमुख कारण उसको शिक्षा र स्वास्थ्य आफ्नो छ। उसले आफ्नै स्वास्थ्य भनेर शुरू गर्‍यो। क्युबाको शिक्षा र स्वास्थ्य उपचार पद्धतीलाई चुनौती दिने देश संसारमा नै छैन। हिजो विभिन्न देशलाई मुक्त गर्न बन्दुक दिएर गुरिल्ला पठाउँथ्यो। अहिले डाक्टर पढाउँछ। महिलाहरूको सहभागिता संसारमा नै त्यही छ। ५५ प्रतिशत महिला उच्च तहमा हावी छन्। उच्च तहमा पुरुषको सहभागिता ४५ प्रतिशत मात्र छ। त्यहाँ जातीय प्रश्न नै उठ्न छोड्यो। क्युबाको समाजवादले सबैलाई मान्छेको व्यवहार गर्‍यो। उसले जात चिनेन। जो पिछडिएका जात थिए उनीहरूलाई वर्गको नाममा यसरी माथि ल्यादियो कि उनीहरूले पत्तो नै पाएनन्। यो सबै कुरा ख्याल गरेर हाम्रो संगठनात्मक कार्यदिशा तय गर्नुपर्छ।

**नेपालमा स्वास्थ्य र शिक्षा नि:शुल्क सम्भव छ कि छैन?**

-हामी राजनीतिक, आर्थिक, शैक्षिक विकल्प चुन्न स्वतन्त्र हुनुपर्‍यो। हामीले विकल्प चुन्न पाउनुपर्‍यो। अरूले भनिदिएर भएन। हाम्रो घरको प्राथमिकता अरूले भनिदिनुभएन। हामीले नै निर्धारण गर्नुपर्छ। हामीले जनतालाई सहभागी गराएर निर्धारण गर्ने हो। अहिले नेपालको पहिलो प्राथमिकता जलस्रोत हो कि, कृषि हो कि, पर्यटन हो कि भन्ने कुरा कसले तय गर्ने? नेपाली जनतासँग हामीले छलफल गरेका छौं? नेपाली जनताले सबै कुरा तय गर भनेर भोट हालेका हुन्? सबै सोच्ने कुरा जिम्मा लगाएको त होइन होला। त्यसैले उनीहरूलाई त्यसमा सहभागी गराउनुपर्‍यो। ४ वर्ष अमेरिका र अष्ट्रेलिया बसेर आएकाले दिने सल्लाह होइन। हाम्रो बानी छ विदेशमा भाँडा माझेर बसेको हुन्छ। नेपालमा आएर भाँडा माझेर बसेको अनुभव लेखिदिए त राम्रो हुन्थ्यो। तर शिक्षाको बारेमा लेख्छ। हाम्रो शिक्षाको आवश्यकता कस्तो हुने? हुम्ला र सप्तरीमा एउटै शिक्षा दिएर हुँदैन, फरक-फरक चाहिन्छ। हाम्रो स्वास्थ्य भारतीय कम्पनीको फर्मुलाले तयार गर्ने म्याच भइसकेको छ। भारतले तयार गरेको औषधि नखाएसम्म हाम्रो स्वास्थ्यले चिन्दैन। अब नेपालका भावी पुस्तालाई नेपालमा नै बन्ने औषधिले चिन्ने बनाउनुपर्‍यो। हाम्रो आवश्यकता नुन भुटुनको छ। अब छिमेकी फर्सी लिएर आइपुग्छ। उसको बारेमा फर्सी फल्यो। यसको दाम पछि दिए पनि हुन्छ। उसले फर्सी दियो भनेर हामी जहिले पनि निहुरिनु पर्ने यो गलत छ।

**राजनीतिक दलका नेताहरू पारदर्शी हुनुपर्छ कि पर्दैन?**

-राननीतिक दलका नेता पारदर्शी हुनुपर्छ। तर, मिडियाले पारदर्शी नै हुन दिँदैन। खाना खाएको विषयले चर्चा पाउँछ। सुत्ने खाटको अनावश्यक चर्चा गरिन्छ। करोडौंको खाटको चर्चा छैन, प्रचण्डले एक लाखको खाटमा सुतेको चर्चा हुन्छ। नेताले खोला नदी नखाओस्, देशको स्वाभिमान बेचेर नखाओस्, मासुभात खाओस्। अनि लुकाएर खाँदा त के के खान्छ खान्छ? यहाँ राजनीतिक पार्टीले राजनीतिकबाहेक सबै कुरा गरिरहेका छन्। अरू पेसाका मानिस सबै राजनीति गरेर बसेका छन्। राजनीतिक पार्टीले राजनीति गर्नुपर्छ। राजनीति नगर्नाले पनि बिग्रियो।

**संविधानमा नै समाजवाद उन्मुख भनेर उल्लेख गरिएको छ। अब त्यसको आधार तयार भएको हो?**


त्यो त एउटा संकल्पको कुरा हो। यत्रो जनताले भोट दिएको त समाजवादकै निम्ति हो। त्यसमा हामी कति खरोरूपमा उत्रिन्छौं। जनवादी केन्द्रीयताको सिद्धान्त अपनाउने भनिएको छ। मेरो ६० वर्षको अनुभवमा कम्युनिस्ट पार्टीले जनवादी केन्द्रीयता अपनाएको देखाएको छैन। त्यो लागू भएको देखिँदैन। जनवादी केन्द्रीयता लागू नै गर्न नसकिने भएर लागू नगरिएको हो कि? त्यो छलफलको विषय हो। लेलिनले जनवादी केन्द्रीयताको जुन सांगठनिक संरचना भनेका छन्- 'विभिन्न देशका कम्युनिस्ट पार्टीले आफ्नै मौलिक संगठनात्मक सिद्धान्त तयार गर्नुपर्छ।' हामी आफ्नै संगठनात्मक सिद्धान्त तयार नपार्ने, लेलिनवादी संगठनात्मक सिद्धान्त अपनाउछौं भन्ने। लेनिनको पनि नअपनाउने यता आफ्नो पनि नबनाउने?

**नेकपा पार्टीको अबको चुनौती के हो?**

-यति ठूलो हाम्रो संगठन छ। यसलाई सैद्धान्तिक, राजनीतिक आधार प्रदान गर्नु र जग माथि उभ्याउन सबैभन्दा ठूलो चुनौती छ। जसले गर्दा हरेक मानिसले मैले भूमिका पाएको छु भन्ने बोध गरोस्। भूमिका नहुने म पार्टीमा छु भनेर हिड्ने अवस्था सिर्जना नहोस्।

**५ वर्षको अवधिमा साँच्चिकै नेपाली जनतालाई अपेक्षाकृतरूपमा सकारात्मक सन्देश दिन सक्छ?**

-दिन सक्नुपर्छ, प्रयास गर्नुपर्छ। २० वर्षपछिको नेपाल कस्तो बनाउने भन्ने लक्षण देखिनुपर्छ।



## मधुर मुस्कान

नायिका अनु शाह एक म्युजिक भिडियो सुटिङमा।

PAGE 3

## अब कस्तो कलर लगाउने?

हास्य कलाकार सीताराम कट्टेल र कुञ्जना घिमिरे पेन्टरका साथ वीर अस्पतालमा।



# प्रशासनले आँखा चिम्लिएको वीर अस्पताल चम्काउँदै धुर्मुस सुन्तली



रश्मी थापा

देशकै सबैभन्दा जेठो अस्पताल वीर अस्पतालको रूप अहिले काँचुली फेर्दैछ। वीर अस्पताल प्रशासनले आँखा चिम्लिएका कारण लथालिंग, फोहोर र दुर्गन्धित बन्न पुगेको अस्पताल अहिले चम्किलो बन्दैछ।

अँध्यारो, मैलो र फोहोर भित्ताहरू रङ तथा चित्रकलाले सजिएका छन् भने बत्ती तथा धारा मर्मत कार्य पनि एकैसाथ अघि बढिरहेको छ। नेपाल सरकारको सरसफाइ दूत रहेका हास्य कलाकार दम्पती सीताराम कट्टेल र कुञ्जना घिमिरेले स्वास्थ्य राज्यमन्त्री पद्मा अर्याल, सफाइ अभियन्ता खेम शर्मा, वागमती सफाइ अभियन्ता अर्जुन धरेलसहित गत वैशाख २३ गते वीर अस्पताललाई नमुना अस्पताल बनाउने उद्देश्यका साथ १५ दिने अस्पताल सफाइ अभियान शुरू गरे पनि उनीहरूले अस्पतालको दुरावस्था देखेपछि रङ रोगनका साथ अन्य कामलाई पनि अघि बढाउने प्रस्ताव गरेका थिए।

यसैअनुरूप यो दम्पतीको सामाजिक संस्था धुर्मुस-सुन्तली फाउन्डसनको प्रमुख नेतृत्वमा भइरहेको सरसफाइ रङरोगन तथा निर्माण कार्यक्रममा विभिन्न संघ-संस्था तथा व्यक्तिहरूले सहयोग गर्दै आइरहेका छन्। 'वीर अस्पताललाई नमुना अस्पताल बनाउने हाम्रो मात्र सोच होइन।' स्वास्थ्य राज्यमन्त्री पद्मा अर्यालले स्वास्थ्य क्षेत्रलाई राम्रो बनाउनका लागि सहयोग गर्नुपर्छ भन्नुभएको थियो। यो हामी सबैको दायित्व पनि हो। त्यहीअन्तर्गत हामी यहाँको सफाइमा आयौं। शुरूमा सरसफाइका लागि मात्र आएका थियौं तर यहाँ आइसकेपछि धारा, बत्ती, भित्ताको अवस्था पनि हेर्नै नसकिने खालको भएको देखियो। त्यसकारण हामी बिस्तारै सबै काम अगाडि बढाउनुपर्छ भन्ने सोचले अघि बढ्यौं। भूकम्पले भत्किएका संरचना निर्माणका लागि होस् या अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम निर्माण होस्, राज्यले बेवास्ता गर्दै आएको समस्या निराकरणका लागि सरकारलाई नै चुनौती दिँदै अगाडि बढ्ने सीतारामले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भने 'यो काम हामीले सफाइ अभियन्ता खेम शर्मा, वागमती सफाइ अभियन्ता अर्जुन धरेल, सिस्नुपानी नेपालका टंक आचार्य, दाइ मनोज गजुरेल, कलाकार अर्जुन घिमिरे (पाँडे) र भाइ कुमार कट्टेल (जिग्री) लगायतका अभियन्ताको साथमा अगाडि बढाएका हौं।

सरसफाइ अभियानकै क्रममा भैरहवामा सम्पन्न लीलाराम कुन्तीदेवी प्रतिष्ठानले गरेको *सामाजिक सेवा सम्मान कार्यक्रम*मा सहभागी हुँदा प्रतिष्ठानले वीर अस्पताल सरसफाइ गरिरहेको देखेर रङरोगनका लागि २ लाख रुपियाँ प्रदान गरेपछि उनीहरू लगत्तै काठमाडौं फर्किएर वीर अस्पतालमा रङ लाउने काम अगाडि बढाए। 'त्यसबेला पत्रकार चेतन पन्तले पनि २५ हजार रुपियाँ सहयोग गर्नुभएको थियो। त्यही २ लाख २५ हजारबाट रङ रोगनको काम शुरू गरेका हौं।' अहिलेसम्म अभियान चलिरहदा ६ लाख रुपियाँ सहयोग संकलन भइरहेको सीताराम बताउँछन्। 'हामीले पहिले नै योजना बनाएर काम शुरू गरेका होइनौं, तर काम गर्दै जाँदा सहयोग गर्ने हात पनि बढ्दै गइरहेका छन्', सीतारामले सुनाए- 'अहिलेसम्म





१८ लाख रुपियाँ खर्च भइसकेको छ। रङ उधारोमै ल्याएका छौं। अनुमानित बजेट ५० लाख रहेको छ। हामीले वीर अस्पताल र स्वास्थ्य मन्त्रालयबीच समन्वयको लागि कुरा गरिरहेका छौं। सहयोगका लागि अपिल पनि गरिरहेका छौं।' सबैभन्दा बढी सफा र व्यवस्थित हुनुपर्ने अस्पतालकै प्रशासन र व्यवस्थापनका कारण अस्पतालको फोहोर अस्तव्यस्त रूप देखेपछि सीताराम र कुञ्जना चुप बस्न सकेनन्। 'शुरूमा ट्वाइलेट सफाइमा आएका थियौं। पछि अव्यवस्थित बिजुलीका तार, जलेका चीम, टुटेफुटेका धारा, अँध्यारो प्यासेज आदि देखेपछि यी सबै कुरालाई बनाएर संरचना नै परिवर्तन गर्नुपर्छ भन्ने सोचले काम गर्दै गयौं। सबै कुरा ठीक अवस्थामा नभएकाले हामीले यहाँका सबै डिपार्टको सहयोग लिँदै सबै काम एकैसाथ अघि बढाइरहेका छौं' -सितारामले भने।

दिउँसो बिरामीको चाप बढी हुने भएका कारण सीतारामको समूहले सरसफाइको काम भने राति गर्ने गरेको छ। त्यस्तै रङरोगन तथा मर्मत सम्भारका काम भने बिहान ६ बजेदेखि राति १२-१ बजेसम्म गर्ने गरेको उनले बताए। 'वीर अस्पताल देशकै पुरानो र सरकारी अस्पताल भएकाले यहाँ दुरदराजका व्यक्तिहरू उपचारका लागि आउने र चाप पनि धेरै हुन्छ। त्यसकारण पनि समय व्यवस्थापन र अस्पताललाई छिटो तयार बनाउनको लागि हामी काममा खटिइरहेका छौं। काम पूरा हुन अझै २० दिन जति लाग्छ। अब बिरामीलाई प्राईभेट अस्पतालमा छिरेको अनुभव हुने अस्पताल बनाउनेछौं। योसँगै वीर अस्पताल अटोमेटिक सिस्टममा चल्न थाल्छ' -सिताराम सुनाउँछन्।

पेटको समस्याका कारण ४ वर्षअघि वीर अस्पतालमा तेस्रो ईन्डोस्कोपी गरेका उनी अहिले वीरमै चौथो ईन्डोस्कोपी गरी औषधि खाँदै अहोरात्र अस्पतालमा खटिइरहेका छन्। 'पहिले पनि अस्पतालमा सरसफाइका कर्मचारीहरू खटिएर काम गरिरहनुभएको थियो। तर, कतिपय कर्मचारी दक्ष हुनुहुन्थेन होला या प्रभावकारीरूपमा सफाइका काम भएनन् होला' -सीताराम वीरको कर्मचारी संयन्त्रको बचाउ गर्दै भन्छन्- 'हामीले सरसफाइ अभियन्ताको रूपमा यहाँका सबै ठाउँमा सरसफाइ गर्‍यौं। यो हाम्रो एउटा सचेतनाको अभियान मात्रै हो। निरन्तर सफाइ चाहिँ वीर हस्पिटलकै कर्मचारीले गर्नुहुनेछ र हामीले उहाँहरूलाई ट्रेनिङ दिदैं दिगो हिसाबमा सरसफाइलाई अघि बढाउने सोचका साथ यो अभियान चलाएका हौं।' यस कार्यमा ख्यातिप्राप्त हास्य अभिनेताद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य तथा बद्री पंगेनी, यमन श्रेष्ठ, अशोक धिताल, भद्रगोलका टिमका कलाकारलगायतले साथ दिइरहेका छन्।

## कलाकार संघको भवन निर्माणलाई साढे २ लाख सहयोग



फिल्मकर्मी गेहेन्द्र धिमालले नेपाल चलचित्र कलाकार संघको भवन निर्माणका लागि २ लाख ५१ हजार १ सय ५१ रुपियाँ सहयोग रकम प्रदान गरेका छन्। उनले यो रकम कलाकार संघका अध्यक्ष रामकेशर बोगटीलाई हस्तान्तरण गरेका हुन्।

त्यसैगरी ग्लोबल नेपाली फिल्म अवार्ड तथा नेपाल फिल्म सोसाईटीका अध्यक्ष कृष्ण मल्लले नेपाल चलचित्र कल्याणकारी कोषका लागि बोगटीलाई १ लाख २० हजार रुपियाँको चेक हस्तान्तरण गरेका छन्।

## अनुरागको साथी सार्वजनिक



रिलिजको तयारीमा रहेको फिल्म *अनुराग*को नयाँ गीतको भिडियो सार्वजनिक भएको छ।

*यस्तो साथी तिम्रो बन्छु म* बोलको यो गीतमा स्वर सुगम पोखरेल र अन्जु पन्तको रहेको छ भने शब्द सत्यराज यसआरसी, संगीत सरोज पोखरेल र संगीत संयोजन महाराज थापाको रहेको छ।

मनोरम दृश्यमा खिचिएको गीतको कोरियोग्राफी विक्रम स्वारले गरेका छन् भने यो गीतको भिडियो सम्पादन टेकेन्द्र शाहले गरेका छन्। फिल्म भने भुपेन्द्र अधिकारीले सम्पादन गरेका छन्। छयांकन रामकुमार केसीको रहेको छ।

फिल्ममा कथा किरण दाहाल, पटकथा र संवाद सत्यराज चौलागाईं र आगत केसीको रहेको छ। भरत गौतम र गीता भेटवालको निर्माण तथा ऋृषिराज धमलाको प्रस्तुति रहेको फिल्म सत्यराज चौलागाईंले निर्देशन गरेका छन्। एरिका फिल्म्सद्वारा निर्मित फिल्ममा सरोज खनाल, रूपा राना, एलिजा गौतम, समुन्द्र पण्डित, ठिलेन लामा, राजाराम पौडेल, शिशिर राणा, मोहन निरौला, विस्व बस्नेत, कमलकान्त मैनाली, विद्या भट्टराई, दावा लामालगायतका कलाकार प्रमुख भूमिकामा छन्। यसअघि यो फिल्मको *कान्छा दाइ गाना बजाइदेउ न* र तिम्रो *स्वरमा स्वर मिलाई* बोलका गीतको भिडियो सार्वजनिक भइसकेका छन्।



# विचार

उधारो लिनु भिख
मागनुभन्दा असल होइन।
- लिसिङ

साहस तागतमा होइन,
आत्मामा हुन्छ।
- स्केलर

## सम्पादकीय

नेपाल समाचारपत्र

# कारबाही प्रक्रिया अघि बढाऊ

प्रदेश र स्थानीय तहमा कर्मचारी खटाइएको महिनौं भइसकेको छ। तर, तोकिएको कार्यक्षेत्रमा कर्मचारी पुगेका छैनन्, सरकारले कर्मचारी खटाए पनि हाजिर नहुने कर्मचारीको संख्या धेरै छ। तोकिएको क्षेत्रमा कर्मचारी नगएपछि सरकारले केही समयअघि घरपायक तहमा निजामती कर्मचारी खटाउने नीति ल्याएको छ, तर सो नीति पनि व्यावहारिक हुनेमा प्रश्न चिह्न खडा भएको छ। दरबन्दी छोडेर सुगम भेगका स्थानीय तह कर्मचारीको रोजाइ र मागमा परेपछि तत्काल कर्मचारी खटाउन अन्योल भएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अधिकारी बताउँछन्।

प्रदेश र स्थानीय तहको कार्यसम्पादन प्रभावकारी बनाउन र तोकिएको क्षेत्रमा कर्मचारी खटाउने मापदण्ड–२०७४ तयार पारे पनि सो मापदण्ड व्यावहारिक बन्न सकेको छैन। मापदण्ड तयार भएपछि अधिकांश कर्मचारीले सुगम गन्तव्य रोज्दै निवेदन दिएका र प्राप्त निवदेनबारे छानविन भइरहेको मन्त्रालयले जनाएको छ। मन्त्रालय स्रोतका अनुसार लामो समयदेखि काठमाडौं उपत्यकालगायत अन्य शहरी क्षेत्रमा कार्यरत कर्मचारी घरपायक क्षेत्रमा खट्न आनाकानी गर्दै आएका छन्।

कर्मचारीको नागरिकताको ठेगानाका आधारमा घरपायक हुने गरी समायोजन गरेमा प्रदेश र स्थानीय तहमा जान इच्छुक हुने मन्त्रालयको ठहर थियो। नयाँ नीतिअनुसार कर्मचारी खटाउँदा कार्यरत पदको जेष्ठता, कर्मचारीले रोजेको तह, स्थायी बसोबास ठेगाना, सो नखुलेमा नागरिकताको प्रमाणपत्र वा कर्मचारीको सिटरोलमा उल्लेख ठेगानालगायतका आधारमा खटाउने भनिएको छ। तर, नयाँ मापदण्डप्रति बहुसंख्यक कर्मचारी अनिच्छुक रहँदा कर्मचारी समायोजनमा अझै लामो समयसम्म समस्या हुने सहजै अनुमान गर्न सकिन्छ। निजामती कर्मचारीका पति र पत्नीलाई यथासम्भव एकै स्थानीय तह, सम्भव नभए आसपासको तहमा एउटै जिल्लाभित्रमा खटाउने भनिए पनि सम्भव हुन सकेको छैन।

कर्मचारीले आफ्नो इच्छा र चाहनाअनुसार कार्यक्षेत्र रोज्ने हो भने अझै महिनौं मात्रै होइन, केही वर्षसम्ममा पनि स्थानीय तहले अनुभवी कर्मचारी पाउन गाह्रो हुन्छ। नयाँ र भर्खरै नियुक्ति लिएका कर्मचारी मात्रै स्थानीय तहमा खट्ने हो भने पक्कै पनि कार्य सम्पादन प्रभावकारी हुँदैन। दातृ निकाय र राज्यको ठूलो लगानी, वर्षौंसम्मको गृहकार्यपश्चात् मुलुक संघीय ढाँचामा गएको छ तर अनुभवी कर्मचारी कार्यक्षेत्रमा नखट्दा स्थानीय तहमा परिवर्तन महसुस गर्न सकिँदैन।

प्रस्टरूपमा यो कुरा बुझेका कर्मचारीले एकोहोरो जिद्दिपन छोड्नुपर्छ। शिशु संघीयतालाई परिपक्व बनाउने वातावरणमा जुट्नुपर्छ। विभिन्न विकल्प दिँदा दिँदै पनि कार्यक्षेत्रमा नखट्ने, आफूखुसी सुविधा खोज्ने र एकोहोरो जिद्दी मात्रै गर्ने कर्मचारीलाई कारबाही गर्न सरकारले ढिलो गर्न हुँदैन। सरकारले कारबाही प्रक्रिया अघि बढाएको खण्डमा छिटै सकारात्मक परिवर्तन देखिनेमा दुईमत छैन।

# प्रचण्डको राजनीतिक छलाङ



निनाम कुलुङ 'मंगले'

पछिल्लो समय नेपालको राजनीतिमा प्रभाव जमाएका र सत्ता साझेदार रहेका दुई ठूला नेकपा एमाले र नेकपा माओवादी केन्द्र (माके) एकीकृत भएर नेपालकै शक्तिशाली र ठूलो (जनमतका आधारमा) राजनैतिक दल भएको छ। हाल एकीकृत भएको उक्त दलको नाम नेपाल कम्युनिस्ट पार्टी (नेकपा) रहने कुरा पनि राजनैतिक बजारमा छाएको छ। तर, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नामक राजनैतिक दल पहिले नै निर्वाचन आयोगमा दर्ता भइसकेको यथार्थ कसैसामु छिपेको छैन। यो प्रकरणले नेपालको राजनैतिक बजारमा निर्वाचन आयोगले कत्तिको निष्पक्षता अपनाउला? भनी व्यग्रताका साथ हेरिरहेको छ।

हुन त २०६४ वैशाखमा भएको ऐतिहासिक संविधानसभाको निर्वाचनद्वारा गठित पहिलो संविधानसभा विघटन भएपछि २०७० मंसिरमा भएको दोस्रो संविधानसभाको निर्वाचनको प्रचारप्रसारका क्रममा माओवादीले काठमाडौंमा आयोजना गरेको एक आमसभामा कमरेड प्रचण्डले सार्वजनिकरूपमा भनेका थिए- 'एमाले भनेको कम्युनिस्टको हिङ बाँधेको टालो मात्रै हो तर माओवादी भनेको असली हिङ हो।' असली हिङ नै भइसकेपछि हिङ बाँधेको टालोको के काम? आज कमरेड प्रचण्डलाई त्यही हिङ बाँधेको टालो नभई भएन मात्रै होइन, उक्त पार्टीको संयुक्त अध्यक्ष नै भएका छन्। तर, उनीहरूले व्यावहारिक रूप र आमप्रचलनमा संयुक्त अध्यक्ष भन्छन् भन्दैनन्, हेर्न बाँकी नै छ। नेपालको राजनीतिमा जान्ने बुझ्ने हौं भन्नेहरूका अनुसार कमरेड प्रचण्डलाई जसरी हुन्छ, सकेसम्म एकपटक नेपालको राष्ट्रपति (कार्यकारी) हुनु छ। अनि लगभग ११ वर्षसम्म चलाएको आन्तरिक युद्ध (माओवादीको भाषामा जनयुद्ध) का क्रममा जोडेको सम्पत्तिको सुरक्षा गर्नु छ। त्यस्तै उक्त युद्धका क्रममा सरकारी पक्ष र विद्रोही पक्षका तर्फबाट मारिएका (तत्कालीन माओवादीको भाषामा भन्नुपर्दा सहिद भएका) लगभग १७ हजार निर्दोष जनताको आत्माबाट शान्ति र मुक्ति पनि पाउनुपरेको छ। त्यस्तै सकेसम्म नेपालको एकीकृत कम्युनिस्ट पार्टीको आधा कार्यकाल भए पनि अध्यक्ष र आधा कार्यकाल भए पनि पुनः प्रधानमन्त्री आफू हुने सपना पनि कमरेड प्रचण्डमा जीवितै थियो।

> एक आमसभामा कमरेड प्रचण्डले सार्वजनिकरूपमा भनेका थिए- 'एमाले भनेको कम्युनिस्टको हिङ बाँधेको टालो मात्रै हो तर माओवादी भनेको असली हिङ हो।' असली हिङ नै भइसकेपछि हिङ बाँधेको टालोको के काम? आज कमरेड प्रचण्डलाई त्यही हिङ बाँधेको टालो नभई भएन मात्रै होइन, उक्त पार्टीको संयुक्त अध्यक्ष नै भएका छन्।

त्यसमा पूरै कार्यकाल पार्टीको अध्यक्ष पनि हुन पाएका छन्। यस अर्थमा १७ हजार निर्दोष नेपाली जनताको अनाहकको बलिदानीको आलोकमा कमरेड प्रचण्डले राजनैतिकरूपमा ठूलो छलाङ मार्न सफल भएका छन्।

कमरेड प्रचण्डको फेरि पनि प्रधानमन्त्री हुने र कार्यकारी राष्ट्रपति हुने सपना पूरा हुन बाँकी छ। तर, नेपालको राजनीतिमा मोहोरा कताबाट र कसरी छ, कसले घुमाउँछ? अत्तोपत्तो नहुने भएकाले कमरेड प्रचण्ड प्रधानमन्त्री हुने र कार्यकारी राष्ट्रपति हुने कुरालाई अहिले नै यसै हुन्छ भन्न सकिँदैन। हुन त कमरेड प्रचण्डबारे भन्नुपर्दा २०६२/०६३ को परिवर्तनपछिको खासगरी २०६४ यताको इतिहास हेर्दा समग्रमा प्रचण्डको खुबी भनेको चरम अवसरवादिता देखाउनु र बिरालाले मुसो खेलाएझैं अरू पार्टीका नेताहरूलाई खेलाउनु र अन्तमा आफूले राजनीतिक फाइदा लिन सक्नु हो। यस क्रममा कमरेड प्रचण्डले गरेका केही काम कारबाहीको प्रमाण भनेको २०६४ को पहिलो संविधानसभाको निर्वाचनअघि स्वर्गीय गिरिजाप्रसाद कोइरालालाई 'तपाईं गणतन्त्र नेपालको पहिलो राष्ट्रपति!' भनी दिएको आश्वासन र पछि दिएको धोका, त्यस्तै माधवकुमार नेपाललाई पनि शुरूमा राष्ट्रपतिको ललीपप देखाएर अन्तमा वास्ता नगरेको प्रसंग, त्यसअघि नेपालका आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, पिछडिएको क्षेत्र, उत्पीडित जातजातिलाई आत्मनिर्णयको अधिकारसहित राज्य दिन्छौं भनी उनीहरूको कथित् जनयुद्धमा होमेको प्रसंग पनि घत लाग्दा नै छन्। तर, कमरेड प्रचण्डले साँच्चै नेपालका आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, पिछडिएको क्षेत्र, उत्पीडित जातजातिलाई आत्मनिर्णयको अधिकारसहित राज्य वा भनौं स्वयत्तता दिन चाहेको भए २०६४ को संविधानसभामा चुनिएर/मनोनित भएर आएका ६०१ सभासदमध्ये ४ सय १९ जनाले संविधानसभा विघटन हुनुअघि विवाद समाधान उपसमितिको संयोजक कमरेड प्रचण्ड भएकाले उनलाई माथि उल्लेखित ४ सय १९ जना सभासदले हस्ताक्षर गरेर दिएका थिए। तर, 'बिरालाले म्याउँ गरेरै छाड्छ नत्र ऊ कसरी बिरालो हुन्छ?' भनेझैं अन्तमा प्रचण्डले पनि नेपालका आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, पिछडिएको क्षेत्र, उत्पीडित जातजातिलाई धोका दिएरै छाडेका थिए।

हुन त अरू बाहुन नेताहरू हेरेर कमरेड प्रचण्डलाई बाहुन भएर पनि हक्की र नढाँट्ने स्वभाव भएका बाहुन नेताका रूपमा लिन सकिन्छ। अरू पार्टी नेपाली कांग्रेस, हालै विघटित नेकपा एमाले, राप्रपा, राप्रपा प्रजातान्त्रिक, राप्रपा एकीकृत, नयाँ शक्ति, राष्ट्रिय जनमोर्चा (राजमो) आदि राजनैतिक पार्टीका नेताहरू जो जातले पनि बाहुन, क्षेत्री र व्यवहारले पनि प्रस्टैसँग बाहुन क्षेत्रीको व्यवहार देखाउँछन्। कमरेड प्रचण्डको यो खालको इमान्दारिताको भने प्रशंसा गर्नै पर्छ। यस प्रसंगमा भन्नुपर्दा २०६२/०६३ को परिवर्तनपछि २०६६/०६७ को बीच समयमा उनी पटकपटक लैनचौरस्थित भारतीय राजदूतावास गएका थिए। आखिरमा पत्रकारको ट्र्यापमा परेपछि (खासमा भारतीय राजदूतावासकै सूचनाका आधारमा) 'यो पटकसमेत म लैनचौर आएको सातौं/आठौंपटक भयो!' भनी स्वीकार गरेको कुरालाई लिन सकिन्छ। जसले गर्दा, नेपालका जति नै राष्ट्रवादी हौं भन्ने पार्टी र तिनका नेताहरू पनि आखिरीमा लैनचौरस्थित भारतीय राजदूतावास नगई र केही न केही मन्त्रणा नगरी धर पाउँदैनन् भन्ने कुरो प्रचण्डको लैनचौर प्रकरणले प्रमाणित गरेको थियो।

त्यस्तै २०६९ को अन्तिमताका नेपालका आदिवासी जनजातिका लागि जातीय, भाषिक, धार्मिक, ऐतिहासिक आधारमा पहिचान झल्कने गरी संघीयता दिन र हकअधिकार दिलाउनका लागि 'अब म लड्न सक्दिनँ, तपाईंहरू आफैं अघि बढ्नोस्' भनी प्रस्टसँग भनेका थिए। तर, प्रचण्डको त्यो भनाइलाई नेपालका परम्परागत विचार भएका मिडिया, पत्रकार, बुद्धिजीवी, लेखक, स्तम्भकार आदिले प्रचण्डले नेपालका आदिवासी जनजातिलाई अनावश्करूपमा उचाले/उकासे भनी लेखे, टिप्पणी गरे। यसरी हेर्दा खासगरी मूलधार हामी हौं भन्ने नेपालका परम्परागत विचार भएका मिडिया, पत्रकार, बुद्धिजीवी, लेखक, स्तम्भकार आदिले प्रचण्डले जनजातिलाई अनावश्यकरूपमा उचाले/उकासेको जस्तो देखे तापनि राजनैतिक पार्टीका रूपमा तत्कालीन नेकपा माओवादी र नेताका रूपमा कमरेड प्रचण्डले नै नेपालका आदिवासी जनजाति, मधेसी, महिला, दलित, मुस्लिम, पिछडिएको क्षेत्र आदिको वास्तविक समस्यालाई हल गर्लान् कि त? भन्ने आशा गरेका थिए नेपालका आदिवासी, जनजाति, मधेसी, महिला, दलित, मुस्लिम, पिछडिएको क्षेत्र आदिका अगुवाहरूले र नै नेपालका आदिवासी जनजाति, मधेसी, महिला, दलित, मुस्लिम, पिछडिएको क्षेत्र आदिका अगुवाहरूले २०६४ को पहिलो संविधानसभाको निर्वाचनमा तत्कालीन नेकपा (माओवादी) को पक्षमा मतदान गर्न आफ्ना समुदायलाई आग्रह गरेका थिए। तर, आखिरमा 'बिरालाले म्याउँ गरेरै छाड्छ', नत्र ऊ कसरी बिरालो हुन्छ?' भनेझैं कमरेड प्रचण्डले पनि 'म्याउँ गरेरै छाडे'। तर, कमरेड प्रचण्ड र उनको पार्टीले त्यसको फल चाख्न धेरै समय कुर्नुपरेन, २०७० को दोस्रो संविधानसभाको निर्वाचन परिणामले देखाइहाल्यो। त्यस्तै २०७४ को ३ वटै निर्वाचनको परिणामले पनि प्रचण्ड र उनको पार्टीले नेपालका आदिवासी, जनजाति, मधेसी, महिला, दलित, मुस्लिम, पिछडिएको क्षेत्र आदिका जनतालाई दिएको धोकाको पुष्टि भयो। तर, नेपालका परम्परागत विचार भएका मिडिया, पत्रकार, बुद्धिजीवी, लेखक, स्तम्भकार आदिले खासगरी मूलधार हामी हौं भन्नेहरूले भने २०७० र २०७४ को निर्वाचनमा नेपालका जातिवादी र साम्प्रदायिकको पत्तासाप भएको रूपमा बुझे।

यसरी राजनीतिकरूपमा हेर्दा कमल थापा, विजयकुमार गच्छदारलगायत अन्य केही नेतासरह नै सत्तामोह देखाउने गरेका कमरेड प्रचण्डले अहिले आएर हिङ बाँधेको टालो अर्थात् एमालेको आलिंगनमा न्यानो त महसुस गर्लान नै, नगरुन पनि कसरी? किनभने, जनयुद्धकालमा पार्टीको नाममा जोडेको अकूत सम्पत्तिको सुरक्षा गर्नु पनि छ। त्यसैले कमरेड प्रचण्ड आफू एमालेमा विलय हुन तयार भए। अनि अध्यक्षसमेत बन्न सफल भएका छन्। साथै आफ्ना केही विश्वास पात्रहरू जस्तै- वर्षमान पुन मगर 'अनन्त' र उनकी श्रीमती ओनसरी घर्तीलगायतलाई एकीकृत पार्टी 'नेकपा'को स्थायी समितिमा पार्न पनि सफल भएका छन्। तर, कमरेड प्रचण्डले आफू यसरी राजनैतिक रूपमा छलाङ मार्नमा सहयोगी सिद्ध भएका ती १७ हजार निर्दोष जनताका लागि के गर्दा हुन्? के उनले फेरि पनि एकपटक 'भैंसी पूजा' गर्लान्? लगभग ११ वर्षको समयावधिमा बिनाकारण बलिवेदीमा होमिन/मारिन बाध्य भएका ती १७ हजार निर्दोष जनताका लागि के गर्लान्?

## पाठक पत्र

### जनता लक्षित कार्यक्रम आवश्यक

सरकारले ग्रामीण पहुँचमा कार्यक्रम र प्रत्येक गाउँमा सडकको सञ्जाल, उत्पादन क्षेत्र निर्धारण, युवा लक्षित कार्यक्रम, अनुदान, प्रोत्साहन साथै प्रविधिमा सहयोग गर्न सकेमा देशले चाँडै नै कोल्टो फेर्नेछ र बजारलाई विश्वमाझ पुर्‍याउन पनि सकिन्छ। विश्वव्यापीकरणको सिद्धान्तअनुसार गाउँको महत्त्व दर्साउन, एक गाउँ एक उत्पादन र एक घर एक प्राविधिक कृषक अपनाउन सकिन्छ। गाउँको विकासमा गाउँलाई अगाडि सार्ने बजारलाई व्यवस्थित गर्ने र उत्पादित वस्तु विश्व बजारमा पुर्‍याउन सरकारले सहयोग गर्न सक्यो भने हाम्रो जीवनस्तर विश्वकै धनी राष्ट्रसँग दाँज्न सकिन्छ। विकसित राष्ट्रसामु हाम्रो देश पनि नजाला भन्न सकिँदैन।

आर्थिक समृद्धि हुनका लागि सोचको विकास हुनु जरुरी छ। भाषण, गफ गरेर मात्रै समृद्धि हुँदैन भन्ने कुरा जनमानसमा थाहा हुनुपर्ने आजको मूल बिषय हो। विश्वका विकसित तथा अल्पविकसित देशहरू त्यसै विभाजन भएका होइनन्। विकसित मुलुकले आफ्नो प्रभुत्व जहिले पनि जमाइराख्ने र अल्पविकसित सधैं परनिर्भरतातर्फ गइरहने देखिन्छ। विश्व अर्थतन्त्रलाई हेर्ने हो भने एउटा प्रणालीमा नियम कानुनका साथ अगाडि बढेर आर्थिक विकास गर्न सफल भएका हुन्। जनतालाई शिक्षा, स्वास्थ्य र रोजगारका आधारभूत आवश्यकतामाथि पहुँच हुनु नै आर्थिक समृद्धितर्फको फड्को हो।

*- मनोज रिजाल, भक्तपुर*

# ब्रिजकोर्सको बेथिति : आवश्यकता कि फेसन?



बाबुकाजी कार्की

ब्रिजकोर्सको उद्देश्य फुर्सदको समयमा विद्यार्थीलाई अलमल्याउनु मात्र नभएर उनीहरूमा भएको अन्तरनिहित प्रतिभाको आविष्कार गरेर उच्च शिक्षाको विषय छनौटका लागि मार्गदर्शन प्रदान गर्नु पनि हो। अभिभावकले पनि छोराछोरीलाई यो र त्यो बन्नुपर्छ भनेर अध्ययनको विषय छनौटमा दबाब दिनु कतिपय अवस्थामा घातक हुन सक्छ। अरूको दबाबको विषयमा पढ्दा बीचैमा पढाइ छाडेर वल्लो घाट न पल्लो तीर भएर उद्देश्यविहीन जिन्दगी जिउन विवश भएका उदाहरण पनि समाजमा बग्रेल्ती पाइन्छ। किनकि पढ्ने छोराछोरीले हो, अभिभावकले होइन। प्रख्यात खेलाडी, कलाकार, संगीतकार तथा राजनीतिज्ञले विश्वमा आफ्नो भविष्यमात्र सुनिश्चित गरेका छैनन्, कतिपयले आफ्नो संस्कार संस्कृति र समग्र देशलाई नै विश्वमा चिनाउन सफल भएको हाम्रोसामु कैयौं उदाहरण छन्। कुनै पनि विषय ठूलो सानो हुँदैन। छोराछोरीले चाहेको विषय र विधामा अध्ययनको वातावरण बनाएर विशेषज्ञता हासिल गर्ने अवसर प्रदान गर्नु बुद्धिमानी हुन्छ।

अतः विद्यार्थीलाई उच्च शिक्षा करले नभई रहरले पढ्ने सहज वातावरणको व्यवस्थापन गर्नु सरोकार पक्षको दूरदर्शिता हो। अन्यथा हतारमा निर्णय गरेर फुर्सदमा पछुताउनुबाहेक केही हुनेछैन अभिभावकसँग। किनकि त्यति बेलासम्म छोराछोरीको बहुमूल्य समय धेरै घर्किसकेको हुनेछ। विद्यार्थीको पृष्ठभूमिको आधारमा भावी जीवनको तयारीका निम्ति उनीहरूको योग्यता, क्षमता तथा बजारको मागको विश्लेषण गरी सही सल्लाह सुझाव र सोअनुकुलको तयारी गर्नु/गराउनु ब्रिजकोर्सको प्रमुख ध्येय हुनुपर्दछ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएर बसेका झन्डै ५ लाख परीक्षार्थी अहिले बेरोजगारजस्तै भएका छन्। विद्यालय तहको शिक्षा पूरा गरी उच्च तहको अध्ययनमा प्रवेश गर्न खुट्टा उचालेका यिनीहरूमा आगामी शिक्षा र शिक्षण संस्थाबारेमा कौतुहलता हुनु स्वाभाविकै हो। तसर्थ १० वर्षभन्दा बढी समय विद्यालयको निश्चित् दायराको अनुशासनबाट भर्खरै बाहिर आएका अल्लारे उमेर १५-१६ वर्षका विद्यार्थीका गतिविधिलाई सकारात्मक दिशातर्फ उन्मुख गराउनुपर्ने हुन्छ। यस उमेरका बालबालिका स्वभावैले चञ्चले र अपरिपक्क हुन्छन् नै। मनोवैज्ञानिकका भनाइअनुसार यस उमेरलाई 'स्ट्रोमी एन्ड स्ट्रेस' भनिन्छ। जसअनुसार छिट्टै रिसाउने, कुनै कुरामा चाँडै विश्वास गरेर निर्णय लिने तथा आफूले चाहेको कुरा तत्काल पूरा नभएमा उत्तेजनामा आउने एवं परिणामको ख्यालै नगरी काम गर्न अग्रसर हुनु सामान्य मानिन्छ। आफ्नो चाहना अनि साथीभाइको संगत र लहैलहैमा लागेर नकारात्मक काम गर्नसमेत पछि नपर्ने चरित्र हो यो उमेरेको। स्वभावैले उनीहरू आफ्नो चाहना पूरा गर्न/गराउन अनेक तिकडम र जिद्दी गर्न पछि पर्दैनन्। एसईईको नतिजा नआउन्जेल करिब कोर्सको स्तरीयताका बारेमा शंका उब्जिनु स्वाभाविकै हो। अहिले ब्रिजकोर्स कोचिङ र ट्युसनको पर्यायका रूपमा सीमित लगानी गरेर कमाउ धन्दाको माध्यम बनेको आरोप खण्डन गर्ने भरपर्दो आधार र हिम्मत छैन सञ्चालकहरूसँग। ब्रिजकोर्स सञ्चालनका लागि आवश्यक मानवीय तथा भौतिक साधान-स्रोत पर्याप्त छ कि छैन? सञ्चालक र सम्बन्धित निकाय तथा अभिभावक चनाखो हुनुपर्दछ। ब्रिजकोर्सका विषयवस्तु विद्यार्थीको भावी

> छोराछोरीलाई महँगो ब्रिजकोर्स पढाउनु भनेको सामाजिक प्रतिष्ठाको विषय बन्न थालेको छ। ब्रिजकोर्स आवश्यकता हो कि फेसन ? खुट्याउन सर्वसाधारणलाई कठिन भएको छ। साथीभाइको अगाडि ब्रिजकोर्समा नपढेमा विद्यार्थी स्वयंले हीनताबोध महसुस गर्ने मानसिकता हाबी भएको देखिन्छ।

अढाई महिना परीक्षार्थीको समयको यथोचित व्यवस्थापन गर्न अभिभावक र पूर्व विद्यालयको चिन्ता र चासोको विषय बन्नुपर्दछ।

अचेल विद्यार्थीको वर्तमान र भविष्यको शिक्षालाई जोड्न ब्रिजकोर्स महिमाको प्रचारप्रसार विभिन्न सञ्चारमाध्यममा बग्रेल्ती देख्न र सुन्न पाइन्छ। फुर्सदको समयलाई उपयोग गर्ने यस्ता कोर्सलाई सकारात्मक नै मान्न सकिन्छ। तर, चाउचाउ र पत्रिका व्यापारको बजार विस्तार गर्ने शैलीमा शहरका चोकचोकमा घुम्ती स्टल राखेर ब्रिजकोस भर्ना अभियान सञ्चालनले अध्ययनलाई टेवा पुग्ने खालका छन् त? सरोकार पक्ष प्रत्यक्ष अनुगमन र अवलोकनबाट ढुक्क हुनुपर्दछ।

काठमाडौंलगायत देशका विभिन्न शहरी क्षेत्रमा धमाधम खोलिएका ब्रिजकोर्सको कानुनी हैसियत अन्यौलमा छ। सञ्चालकहरू पढाउने विषयको कोर्स, पढाइ शुल्क तथा संस्थाको स्थायित्वबारेमा विवादरहित छैनन्। छोराछोरीलाई महँगो ब्रिजकोर्स पढाउनु भनेको सामाजिक प्रतिष्ठाको विषय बन्न थालेको छ। ब्रिजकोर्स आवश्यकता हो कि फेसन? खुट्याउन सर्वसाधारणलाई कठिन भएको छ। साथीभाइको अगाडि ब्रिजकोर्समा नपढेमा विद्यार्थी स्वयंले हीनताबोध महसुस गर्ने मानसिकता हाबी भएको देखिन्छ। विद्यार्थीको सहज पहुँचको सुनिश्चित गर्दै स्तरीय पठनपाठन गर्न ब्रिजकोर्सको नियमन र व्यवस्थापन समयमा नै हुनुपर्दछ। अतः सरकारले समयमा नै अनुगमन, निरीक्षण गरी ब्रिजकोर्सलाई कानुनी दायरामा ल्याउन हिचकिचाउनु हुँदैन।

१० वर्षभन्दा लामो समयसम्म विद्यालयमा निरन्तर पढेका विद्यार्थीका लागि एसईई रिजल्ट कुरुन्जेलसम्मको समय ब्रिजकोर्सको विकल्पका रूपमा अन्य रचनात्मक काममा पनि खर्चिन सकिन्छ। विद्यार्थीले अध्ययन गरेका सैद्धान्तिक ज्ञानलाई ऐतिहासिक स्थान तथा प्रख्यात तीर्थस्थलको अध्ययन भ्रमणको अवसरबाट उनीहरू व्यवहारिक ज्ञानको कसीमा दाँजेर वास्तविकताको अनुभव र अनुभूति गर्न सक्छन्। विभिन्न स्थान, जातजाति, धर्म, संस्कार, संस्कृतिको प्रत्यक्ष अवलोकन र सहकार्यबाट जीवन र जगत्लाई नजिकबाट बुझ्न मद्दत गर्दछ। त्यस्तै समाज र समुदायमा गरिने सामाजिक कार्यहरू सरसफाइ, स्वास्थ्य शिविर, वृक्षारोपण, असहाय बालबालिका, वृद्ध तथा अपांगहरूको हेरचाहजस्ता मानवीय कार्यबाट आर्जन हुने ज्ञान र सीप दिगो र ब्रिजकोर्सभन्दा कुनै अर्थमा कम हुँदैन।

*(लेखक कार्की पूर्व जिल्ला शिक्षा अधिकारी हुनुहुन्छ।)*

यसका लागि सियान नगरपालिका र उक्त विश्वविद्यालयको उच्चस्तरीय प्रतिनिधिमण्डल बुटवलको भ्रमणमा जान लागेको जानकारी पनि उहाँले दिनुभयो।



# नेकपा संसदीय दलको नेतामा प्रधानमन्त्री ओली



नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओली नेपाल कम्युनिस्ट पार्टीको संसदीय दलको नेता चयन हुनुभएको छ।

शनिबार नेकपा संसदीय दलको बैठकले प्रधानमन्त्री ओलीलाई दलको नेतामा सर्वसम्मतरूपमा चयन गरेको हो। नेकपाका नेता देवप्रसाद गुरुङले प्रधानमन्त्री ओलीलाई दलको नेतामा चयन गर्न गर्नुभएको प्रस्तावमा सबै सांसदले समर्थन जनाउनुभएको थियो।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रको एकीकरण भएर नेकपाको स्थापना भएपछि संसदीय दलको नेता चुन्नपर्ने वैधानिक व्यवस्थाअनुसार प्रधानमन्त्री ओली सो पदमा चुनिनुभएको हो।

# करणी गरेको अभियोगमा पक्राउ

भक्तपुर, (नेस)

युवतीलाई करणी गरेको अभियोगमा प्रहरीले १ जनालाई पक्राउ गरेको छ। महानगरीय प्रहरी परिसर भक्तपुरको टोलीले काठमाडौंको शंकरापुर नपा वडा नं. ५ बस्ने ३० वर्षीय सन्तोष दंगाललाई पक्राउ गरी अनुसन्धान शुरू गरेको परिसरले जनाएको छ। गत वैशाख ३१ गते युवतीलाई भेट्नु छ भनेर बोलाई खाजा खाने बाहनामा होटलमा पुऱ्याइ करणी गरेको उजुरी परेपछि प्रहरीले दंगाललाई पक्राउ गरेको बताइएको छ।

# झा 'नागरिक दूत' नियुक्त

नेपाल समाचारपत्र

काठमाडौं

चीनको सान्सी प्रान्तले नेपाली प्राध्यापक डा. राजीवकुमार झालाई नेपालको आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका क्षेत्रमा सहकार्य र सम्बन्ध विकास गरी चीन-नेपाल सम्बन्धलाई थप सुदृढ बनाउन नेपालका लागि 'नागरिक दूत' नियुक्त गरेको छ।

उक्त प्रान्तको सियान शहरमा अवस्थित सियान मेडिकल विश्वविद्यालयमा प्राध्यापनरत प्राडा झालाई सियान प्रान्तीय सरकारको विदेश मामिलासम्बन्धी कार्यालयमार्फत यही मे १६ मा उक्त नियुक्ति दिइएको हो।

चीनको कुनै पनि प्रान्तीय सरकारले त्यहाँ लामो समय बसेर विभिन्न क्षेत्रमा विशिष्ठता हासिल गरेका र अन्य देशसँगको सम्बन्ध विकासमा उल्लेखनीय योगदान पुऱ्याउने विदेशी नागरिकलाई यस्तो 'नागरिक दूत' का रूपमा नियुक्त गर्ने गर्दछ।

प्राडा झाले उक्त पदमा नियुक्त भएसँगै आफूले सान्सी प्रान्तको सियान नगरपालिका र नेपालको बुटवल उपमहानगरपालिकाबीच भगिनी सम्बन्ध स्थापनाका लागि गरेको प्रस्ताव उक्त प्रान्तको सरकारले स्वीकृत गरेको जानकारी दिनुभयो।

यस सम्बन्धपछि सियानस्थित 'सियान युनिभर्सिटी अफ आर्ट एन्ड साइन्स' ले बुटवल उपमहानगरपालिकाभित्र पर्ने कुनै विश्वविद्यालयसँग मिलेर 'कन्फ्युसियस इन्स्टिच्युट' स्थापना गर्ने र यसमार्फत २ नगरबीच शिक्षाको क्षेत्रमा सहकार्य र सहयोगको योजना बनाइएको पनि प्राडा झाले जानकारी दिनुभयो।

यसका लागि सियान नगरपालिका र उक्त विश्वविद्यालयको उच्चस्तरीय प्रतिनिधिमण्डल बुटवलको भ्रमणमा जान लागेको जानकारी पनि उहाँले दिनुभयो।



यसअघि गतवर्ष मात्र उहाँलाई सियान प्रान्तले नै चीनको एक बृहत् आयोजना 'वान वेल्ट वान रोड' सम्बन्धी नेपालमा सञ्चालन गरिने सम्पूर्ण कार्यक्रम हेर्ने दूतका रूपमा नियुक्त गरेको थियो।

चिनियाँ राष्ट्रपति सि चिनफिङको गृह नगरसमेत रहेको सियान चीनको पुरानो 'सिल्क रोड' अवधारणाको उत्पत्ति भएको शहर पनि हो। पुरानो 'सिल्क रोड' अवधारणा नै चीनको वर्तमान वान वेल्ट वान रोड बृहत् आयोजनाको आधुनिक रुप हो।

पित्तथैलीको क्यान्सर रोगको प्रकोप कम गर्ने विषयमा चिनियाँ विश्वविद्यालबाट विद्यावारिधि र त्यसपछि विद्यावाचस्पति (पोस्ट डक) पूरा गरी चिनियाँ विश्वविद्यालयमा प्राध्यापनरत डा.झाको नाममा सियान प्रान्तीय सरकारले ४ वर्ष अघि 'चाइना नेपाल फ्रेन्डसिप मेडिकल रिसर्च सेन्टर अफ प्रोफेसर राजीव कुमार झा' स्थापना गरेको छ।

सियान मेडिकल युनिभर्सिटीमा स्थापना गरिएको सो केन्द्रमा हाल क्यान्सर रोगसम्बन्धी अध्ययन, अनुसन्धानका साथै यससम्बन्धी २ देशबीको चिकित्सकीय अनुभव आदानप्रदान हुने गर्छ। प्राडा झा हाल चीनका विभिन्न विश्वविद्यालयमा भिजिटिङ प्रोफेसर पनि हुनुहुन्छ।

# डा. दीक्षित सम्मानित अध्यक्षमा खरेल



काठमाडौं, (नेस)

राष्ट्रिय मानवअधिकार प्रतिष्ठानले वरिष्ठ मानवअधिकारकर्मी डा. सुन्दरमणि दीक्षितलाई 'शान्ति र मानवअधिकार राष्ट्रिय सम्मान २०७५' बाट शनिबार सम्मान गरेको छ। मानवअधिकार, विधिको शासन, दिगो शान्ति, नागरिक स्वतन्त्रता र समानत कायम गर्न विशेष भूमिका निर्वाह गरेकाले उहाँलाई कदरपत्रले सम्मान गरिएको हो।

उक्त कार्यक्रमका सहभागीले मानवअधिकारको संरक्षणबिना व्यक्तिको आधारभूत अधिकार सुनिश्चित हुन नसक्ने बताएका थिए।

प्रमुख अतिथि पूर्वप्रधानन्यायाधीश केदारनाथ उपाध्यायले मानवअधिकारको पबर्द्धनका लागि सरोकारवालाहरू आफ्नो तर्फबाट कटिबद्ध भएर लाग्नुपर्ने बताउनुभयो।

संविधानका प्रत्येक अंगमा मानवअधिकार झल्किएको भन्दै संविधान कार्यान्वयनमा राजनीतिक दलहरूले आफ्नो भूमिका बढाउनुपर्ने उहाँको भनाइ थियो।

यसैबीच प्रतिष्ठानको अध्यक्षमा भवानीप्रसाद खरेल निर्वाचित हुनुभएको छ। प्रतिष्ठानको नवौं राष्ट्रिय सम्मेलनबाट खरेलको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय कार्यसमिति गठन भएको हो। उपाध्यक्षमा राजकुमार गुरुङ, महासचिवमा हरिचन्द्र भट्टराई, उपमहासचिवमा घमान तामाङ र कोषाध्यक्षमा सोनाम छिरिङ रहनुभएको छ।

# हनुमन्तेबाट १० टन फोहोर संकलन

भक्तपुर, (नेस)

२०७५ साललाई हनुमन्ते सफाई वर्ष घोषणा गर्दै सफाई अभियान सञ्चालन भएको भक्तपुरमा १२औं हप्ताको हनुमन्ते सरसफाईमा १० टन फोहोर संकलन गरिएको छ।

शनिबार भक्तपुरको सूर्यविनायक नगरपालिका र मध्यपुरथिमि नगरपालिकाको जोड्ने कौशलटार बालकोट पुल क्षेत्रमा भएको सरसफाईमा १० टन फोहोर संकलन भएको हनुमन्ते सफाई अभियन्ता पुष्कर गजुरेलले जानकारी दिनुभयो।

गत फागुन १९ गतेदेखि हनुमन्ते सफाई उद्घाटन गरिएकै स्थानमा भएको सफाईमा ३ महिनाको अन्तरालमा फेरि १० टन फोहोर जम्मा भएको भन्दै प्रतिनिधिसभा सदस्य महेश बस्नेतले हनुमन्तेमा फोहोर फाल्नेलाई कडा कारबाही गर्नुपर्ने बताउनुभयो।

नगरपालिकाले नगर प्रहरीलाई खटाई सादा पोसाकका प्रहरी परिचालन गरी सीसी क्यामरा जडान गरेर यी क्षेत्रमा फोहोर फाल्नेलाई पक्रेर कडा कारबाही गर्नुपर्ने उहाँको भनाइ थियो।


Government of Nepal
Ministry of PhysicalInfrastructure and Transport
**Department of Roads**
**Bridge Branch**
**Project CoordinationUnit**
Chakupat, Lalitpur

**Invitation for Bids**

**Notice No. 15/074/75**

Date of publication: May **20, 2018** (6 Jestha, 2075)

1. Government of Nepal has allocated funds to Department of Roads, Bridge Branch to procure Non-Destructive Test (NDT) Equipments which will be credited to eligible payment under the contract for which this invitation for bids is issued.
2. GON, Ministry of Physical Infrastructure and transport, Department of Roads (DoR), Bridge Branch, Project Coordination Unit (PCU) invites sealed bids for the Supply and Delivery of Non-Destructive Test (NDT) Equipments. The Bidders will be conducted through National Competitive Bidding (NCB) Procedures and is open to all bidders as defined in the bidding documents.

| Contract Id. No. | Description | Minimum Bid Security Amount (NRs) |
|---|---|---|
| PCUBB/320/GOODS/074-75/01 | Supply and Delivery of Non-Destructive Test (NDT) Equipments | NRs. 7,50,000.00 |
| PCUBB/320/GOODS/074-75/02 | Supply and Delivery of Pile Driving Analyzer | NRs. 6,50,000.00 |

3. Eligibl ebidder smay obtain further information and inspect the bidding documents at Department of Roads, Bridge Branch, Chakupat, Lalitpur, or may visit PPMO egp system http://www.bolpatra.gov.np/egp.
4. Electronic Bidding Document is available online and can be downloded on or before 12 hours on **19th June, 2018** from PPMO's website http://www.bolpatra.gov.np/egp, the Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit their electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundablefee of **NRs. 5,000** in the Revenue (Rajaswa) account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
Information to deposit the cost of Bidding Document in Bank:
Name of the Bank: Nepal Bank Limited, Gabahal, Lalitpur
Name of Office: Department of Roads, Bridge Branch, Project Coordination Unit,
Office Code No.: 28-337-17
Rajashwa Shirshak (Head):**14227**
Rajashwa Acc. No**: 01801000000000014000**
Dharauti Acc. No. :**180-51-16856**
Bidder Shall submit the electronic bid through website http://www.bolpatra.gov.np/egp on or before 12:00 hours on **19th June**, ***2018.*** Bids shall be valid for a period of 90 days after the deadline of bid submission. All bids must be accompanied by a bid security of amount mentioned above, ***valid 30 days beyond Bid validity.***
5. Bids received after the deadline of the submission will be rejected. Bids will be opened in the presence of the Bidders representatives who choose to attend at the address below at 13:00 Hours on **19th June**, ***2018.***
6. If the last day for downloading, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. Bank Guarantee issued by any finance company in any form willnot be accepted.
8. Bids should comply in all respects with the Instructions to Bidder included in the Bid Document. Non compliance with this instructions will result in disqualification.
9. The purchaser reserves the right to accept or reject wholly or party any or all the bids without assigning reason, whatsoever.

**Project Coordinator**
**Project Coordination Unit, Bridge Branch**


## सिनेमा कर्नर












**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : परिवार, इष्टमित्रमा विवाद, निरर्थक दौडधुप, लखतरान।
**वृष** : पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, सम्मान बढ्ने।
**मिथुन** : धनलाभ, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता।
**कर्कट** : उपहारादि वस्तु प्राप्ति, आफ्नो बोली बिक्ने, कार्य सफल।
**सिंह** : साथीभाइसँग विवाद, धनहानि, दुर्घटनाको सम्भावना।
**कन्या** : साथीभाइबाट सहयोग, पारिवारिक सुख, मिष्ठान्न भोजन प्राप्ति।
**तुला** : कोसेली-उपहारादि वस्तु प्राप्ति, कामकाज सफल, स्फूर्ति जाग्ने।
**वृश्चिक** : प्रतिष्ठा वृद्धि, राज्यबाट लाभ, पढाइ वा परीक्षामा सफलता।
**धनु** : रोगको भय, कामका बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट।
**मकर** : धनलाभ, मान-सम्मान, समस्याको समाधान, बाहन-सुख।
**कुम्भ** : आर्थिक लाभ हुने, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल।
**मीन** : काममा सफलता, स्वस्थताको महसुस, आम्दानीको सम्भावना।



# प्रदेश-३



भेलाबाट गठन गरिएको युवा परिषद्मा याम्सो लामा, ईश्वर सापकोटा, सुरेन्द्र पराजुली, धर्मेन्द्र रन्जित, सन्दीपलाल श्रेष्ठ, जयोज श्रेष्ठ, स्वस्तिक ब्याञ्जु, राम वाइवा तामाङ, लालतारा अधिकारी, जितेन्द्रभुपाल प्रधान, श्रीराम बडाल र अकन श्रेष्ठ रहेका छन्।

## समुन्नत नगरपालिका बनाउने अभियान शुरू

**मोतीराम तिमिल्सना, काभ्रे**

धुलिखेल नगरपालिकाले नगरपालिकाभित्र रहेका युवा, महिला, आदिवासी जनजाति, अपांगता भएका र दलित वर्गका व्यक्तिहरूको आयआर्जन, सशक्तीकरण र सीपमूलक कार्यका लागि बृहत् भेलाको आयोजना गरी परिषद् गठन गरेको छ।

सबै वर्गको आवश्यकता पहिचान गरी सोही वर्ग र समुदायबाट कार्यक्रमको छनोट गरी कार्यान्वयन गर्न परिषद् गठन गरिएको नगरप्रमुख अशोक ब्याञ्जुले बताए। नगरप्रमुख अशोक ब्याञ्जुको अध्यक्षतामा गठन भएका नगर परिषद्मा उपप्रमुख विमला शर्मा सहअध्यक्ष रहनेछिन्। परिषद्मा छनोट भएका व्यक्तिहरूबाट उपाध्यक्ष चयन गरिनेछ। १२ वटै वडाबाट छनोट भई सिफारिसमा परेका व्यक्तिहरूको परिषद्ले नेतृत्व विकास, सहभागिताका लागि समूहगत छलफलबाट कार्यक्रम प्रस्तुत गर्नेछ। एक घर एक रोजगार सिर्जना गर्ने र गरिबी न्यूनीकरण गरी स्वरोजगार र आत्मनिर्भर बनाउने उद्देश्यले परिषद् गठन गरिएको नगरप्रमुख अशोक ब्याञ्जुले बताए। राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष माधव ढुङ्गेलले युवाहरूलाई स्वदेशमै रहन सक्ने गरी कार्यक्रम र योजना बनाइरहेको बताए। ‘घोषणापत्रमै उल्लेख गरेका कुरालाई कार्यक्रमका रूपमा ल्याइएको हो’, प्रमुख ब्याञ्जुले भने- ‘नगरमा युवा, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति, दलित वर्गको उत्थान र महिलाहरूका लागि महिला परिषद् गठन भएको छ।’

भेलाबाट गठन गरिएको युवा परिषद्मा घ्याम्सो लामा, ईश्वर सापकोटा, सुरेन्द्र पराजुली, धर्मेन्द्र रन्जित, सन्दीपलाल श्रेष्ठ, जयोज श्रेष्ठ, स्वस्तिक ब्याञ्जु, राम वाइवा तामाङ, लालतारा अधिकारी, जितेन्द्रभुपाल प्रधान, श्रीराम बडाल र अकन श्रेष्ठ रहेका छन्। त्यस्तै आदिवासी जनजाति परिषद्मा शर्मिला लामा, रोजिना लामा, सरिता पुलामी मगर, अस्मिता तामाङ, उमा रन्जितकार, ओम श्रेष्ठ, शशी माकजु श्रेष्ठ, विक्रम लामा, सञ्च माया तामाङ, रामकृष्ण रन्जितकार, चमेली तामाङ र सञ्जिता लामा रहेका छन्। अपांगता वर्गको परिषद्मा रमेश खड्का, वसन्तप्रसाद चौलागाईं, सुनमाया योञ्जन, जय दयालु माकजु, अनिल श्रेष्ठ, मनीष श्रेष्ठ, दिलकृष्ण देवजु, उद्धव अधिकारी, संगीता हुमागाईं, भीमसेन मिजार, सुरेश धिताल र शोभा माया विक (तामाङ) रहेका छन्।

दलित वर्गको परिषद्मा सन्तकुमार विक, कुमार रसाइली, सुरेन्द्र सोनार, जीवनलाल तोलाङ्गे, पद्मबहादुर विक, पुष्पा विक, श्याम ढलकोटी, सरिता रोक्का, सुमित्रा परियार, सुष्मा पुकुर्टी, लक्ष्मी रम्तेल र चमार विक रहेका छन्। महिला परिषद्मा सञ्चमाया तामाङ, भगवती कोइराला (ओझा), सरस्वती तामाङ, सुशीला ढकाल, शर्मिला जोशी, लक्ष्मी सुवाल, संगीता तामाङ, चिनी माया लामा, सविता हुमागाईं, मञ्जरी नेपाल, सृजना प्याकुरेल र कमला काफ्ले( भट्टराई) रहेका छन्।

नगरपालिकाभित्र रहेका नागरिकको जीवनस्तर उकास्न र आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूलाई गरिबीको रेखामाथि ल्याउन विभिन्न आयआर्जन, सीपमूलक कार्य गर्ने गरी मेयर गरिबी निवारण कोषको स्थापना गरेको छ। उक्त कोषमार्फत हरेक वर्ष नगरपालिकाभित्रका गरिब व्यक्तिलाई आयआर्जनमा सहयोग गरिनेछ। नगरवासीहरूलाई आत्मनिर्भर बनाउन उक्त कोषमार्फत विभिन्न कार्यक्रम गरिने सामाजिक शाखा प्रमुख विदुर गौतमले जानकारी दिए।

विश्वकै सर्वोच्च शिखर सगरमाथा भएको गाउँपालिकासँग धुलिखेल नगरपालिकाको भगिनी सम्बन्ध कायम गरिएको छ। सगरमाथा रहेको खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष निङ्मा शेर्पा र धुलिखेल नगरपालिका प्रमुख अशोक ब्याञ्जुबीच उक्त गाउँपालिका र नगरपालिकाबीच सामाजिक, आर्थिक, पूर्वाधार, पर्यटन, सामाजिक र सांस्कृतिक क्षेत्रको विकासका लागि सहकार्य गर्ने सहमति भएको छ। एक अर्काबीच भएका विकासका अनुभव आदानप्रदान गर्ने र गाउँपालिका र नगरपालिकाबीच भगिनी सम्बन्ध कायम गरी दुवै क्षेत्रका नागरिकको आर्थिक समृद्धि गर्ने धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जुले बताए।

## प्रदेश-३ को अवस्था झल्काउन पार्श्वचित्र

हेटौंडा, (नेस)

प्रदेश-३ को सामाजिक विकास मन्त्रालयले प्रारम्भिक पार्श्वचित्र सार्वजनिक गरेको छ। हेटौंडामा बिहीबार आयोजित कार्यक्रममा प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले पार्श्वचित्र सार्वजनिक गर्नुभएको हो। पार्श्वचित्रमा प्रदेशको शिक्षा, स्वास्थ्य, भौगोलिक, राजनीतिक र प्राकृतिक सम्पदालगायत विषयमा जानकारी दिइएको छ। मुख्यमन्त्री पौडेलले विभिन्न प्रतिकूलताबीच मन्त्रालयले उल्लेख्य काम गरी तयार पारेको पार्श्वचित्रले प्रदेशको योजना निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। सामाजिक विकासमन्त्री युवराज दुलालले धेरै प्रतिकूलताबीच काम गरिएको बताउनुभयो। मन्त्री दुलालले प्रदेशलाई बालविवाहमुक्त बनाउने अठोट व्यक्त गर्नुभयो।

उहाँले प्रदेशको बालविवाह समस्या सदाका लागि अन्त्य गर्दै बालविवाहमुक्त बनाउने अठोट व्यक्त गर्नुभएको हो। उहाँले प्रदेशका केही बालगृहले धर्म परिवर्तनलाई प्रोत्साहन गरिरहेको भन्दै कडाइका साथ अनुगमन गरी त्यस्ता बालगृहलाई कारबाहीको चेतावनी दिनुभयो। बालअधिकार हनन गर्ने बालगृहबाट बालबालिका उद्धार गरिने र प्रदेश सरकारले बाल संरक्षण केन्द्र स्थापना गरी उनीहरूलाई सुविधा प्रदान गरिने मन्त्री दुलालको भनाइ छ। प्रदेशको स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, महिला तथा बालबालिकालगायत क्षेत्रको तथ्यांकीय प्रोफाइल तयार गर्ने प्रतिबद्धताअनुरुप काम पूरा भएकोमा उहाँले सन्तुष्टि जनाउनुभयो। उहाँले तथ्यांकलाई निरन्तर परिमार्जन गरी यसका आधारमा आगामी आर्थिक वर्षको बजेट विनियोजन गरिने बताउनुभयो।

## आँखा शिविरमा ८४ जनाको मोतियाविन्दुको शल्यक्रिया

**शालिकराम चालिसे, नुवाकोट**

विदुरमा बिहीबार र शुक्रबार भएको निःशुल्क आँखा शिविरमा मोतियाविन्दु भएका ८४ जनाको निःशुल्क शल्यक्रिया गरिएको छ।



तिलगंगा आँखा प्रतिष्ठान गौशाला काठमाडौं, जिल्ला सामुदायिक आँखा केन्द्र नुवाकोट र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा नुवाकोटको संयुक्त आयोजनामा भएको आँखा शिविरमा २ सय १८ जनाले आँखाको परीक्षण गरेको सामुदायिक आँखा केन्द्र नुवाकोटका प्रमुख शंकर अधिकारीले बताउनुभयो।

आँखा शिविरमा तिलगंगा आँखा प्रतिष्ठान गौशाला काठमाडौंका वरिष्ठ जलविन्दु रोग विशषेज्ञ डा. प्रतिभा लामा जोशीको नेतृत्वमा १९ जनाको चिकित्सक टोली खटिएको थियो। जिल्ला सामुदायिक आँखा केन्द्रको भवनमा सञ्चालन गरिएको शिविरमा विभिन्न ठाउँका आँखाका बिरामीको उपस्थिति रहेको थियो। मोतियाविन्दु लागेका बिरामीको निःशुल्क शल्यक्रियापछि गुमेको ज्योति फर्किएको अधिकारीले बताउनुभयो।

तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखासँगको सहकार्यमा विशेषज्ञ चिकित्सकमार्फत केन्द्रको कार्यालय विदुरमा शल्यक्रिया गरी ज्योति फर्काउन सफल भएकाले उनीहरूले आगामी दिनमा सरसफाईमा ख्याल गर्दै समय-समयमा जाँच गराएमा नियमितरूपमा दृष्टि पाउने अधिकारीले बताउनुभयो।

जिल्लाका विभिन्न स्थानमा गरिएको निःशुल्क आँखा शिविर र केन्द्रमा जाँच गर्न आएका बिरामीको तथ्यांक संकलन गरी आयोजना गरिएको निःशुल्क शल्यक्रियामा सम्पर्कमा आएका सबैलाई २ दिनमा आँखा केन्द्रले समेटेको सामुदायिक आँखा केन्द्र नुवाकोटले जनाएको छ। जिल्ला सामुदायिक आँखा केन्द्र नुवाकोटले नुवाकोटसहित रसुवा र धादिङका आँखाका बिरामीलाई समेत सेवा दिइरहेको छ। सामुदायिक आँखा केन्द्र नुवाकोटले विभिन्न चरणमा गरेको निःशुल्क आँखा शिविरबाट ८ सयभन्दा बढीले सेवा लिएका छन्।

## स्थानीय सरकारलाई मुख्यमन्त्रीको निर्देशन

**नेपाल समाचारपत्र**

हेटौंडा

प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले स्थानीय तहको निर्वाचन भएको एक वर्ष बितेको अवस्थामा अधिकार नपाएको भन्नु लाजमर्दो रहेको बताउनुभएको छ। उनीहरूले तलब सेवाबाहेक पर्याप्त मात्रामा अधिकार पाइरहेको उहाँले दाबी गर्नुभयो।

उहाँले जनप्रतिनिधिले आफ्नो जिम्मेवारी कहाँ छ? भनी खोजेर जिम्मेवारीप्रति भूमिका निर्वाह गर्नुपर्ने सुझाउनुभयो। स्थानीय तहलाई मात्र नभएर राज्यका ३ तहका सरकार समस्याको घेरामा रहेको पौडेलले गुनासो गर्नुभयो।

उहाँले केन्द्र र प्रदेश सरकार आफैं अलमलमा रहेको र कुन तहलाई कति अधिकार दिँदा राम्रो होला भन्नेमा सरकार निर्णयमा पुग्न नसकेको स्वीकार गर्नुभयो। पौडेलले भन्नुभयो- ‘स्थानीय तह बलियो हुनुपर्छ। मुलुकमा स्थानीय सरकारले साँच्चै जनताका समस्या हल गर्छ भन्ने कुरालाई उदाहरणका रूपमा देखाउनु जरुरी छ।’

यस वर्ष नीति तथा कानुन निर्माण गर्दै बितेका कारण स्थानीय तहलाई प्रदेश सरकारले अनुदानका रूपमा केही दिन नसकेको उहाँको भनाइ थियो। स्थानीय तहलाई अनुदान कहाँ र कसरी दिने भन्नेबारे आगामी आर्थिक वर्षमा निर्णय गरिसक्ने पौडेलले स्पष्ट पार्नुभयो।

जिल्ला समन्वय समिति मकवानपुरको प्रथम जिल्लासभा एवम् समीक्षा बैठकको हेटौंडामा उद्घाटन गर्दै उहाँले स्थानीय तहले पाएका अधिकार कार्यान्वयन गरेर देखाउन निर्देशन दिनुभयो। राम्रो काम गर्ने स्थानीय तहलाई प्रदेश सरकारले पुरस्कृत गर्ने बताउँदै उहाँले थप्नुभयो- ‘प्रदेशका १३ जिल्लामा एउटा जिल्लाका उत्कृष्ट र नमुना काम गर्ने गाउँपालिका वा नगरपालिकालाई ठूलै रकम दिएर पुरस्कृत गरिनेछ। अहिलेबाट नै नमुना काम गरेर देखाउनूस्।’

एकीकृत बस्ती बसालेर विकास सम्भव हुने बताउँदै उहाँले थोरै घर भएका बस्तीमा जति लगानी गरे पनि विकास सम्भव हुने नभएकाले बस्तीलाई एकै ठाउँमा ल्याउनुपर्ने बताउनुभयो। प्रदेशले आफ्नो गौरवको योजनाका रूपमा भीमफेंदी-कुलेखानी सुरुङमार्ग निर्माणको योजना बनाएको उहाँले पुनः स्मरण गराउनुभयो।

प्रदेश प्रमुख सचिव रेश्मीराज पाण्डेले समन्वय समितिमार्फत संयुक्त गर्न मिल्ने काम थालनी गरिनुपर्नेमा जोड दिनुभयो। हाल नदी दोहनको विकृति बढेकाले यसलाई स्थानीय तहले व्यवस्थित गर्नुपर्ने उहाँले बताउनुभयो।

नेपाली कांग्रेस प्रदेशका संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले जनचाहनाअनुसार स्थानीय तहले काम गरेर देखाउनुपर्ने बेला आएको बताउनुभयो। हेटौंडा उपमहानगर मेयर हरिबहादुर महतले हेटौंडामा सडक निर्माण, पर्यटन र खानेपानीलगायत क्षेत्रमा आफूहरूले बढी प्राथमिकता दिएको बताउनुभयो।

थाहानगर मेयर लवशेर विष्ट, भीमफेंदी गाउँपालिका अध्यक्ष हिदम लामा, मकवानपुरगढी गाउँपालिका अध्यक्ष विदुर हुमागाईं, कैलाश गाउँपालिका अध्यक्ष टंक मोक्तान, बकैया गाउँपालिका अध्यक्ष दामोदर खनाल, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, इन्द्रसरोवर गाउँपालिका अध्यक्ष जीवन लामा, मनहरि गाउँपालिका अध्यक्ष एकराज उप्रेती र मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढालगायतले सभामा मन्तव्य व्यक्त गर्नुभएको थियो।

जिल्ला समन्वय समिति मकवानपुरले चालू आर्थिक वर्षमा २ अर्ब २ करोड ८१ लाख ७ हजार रुपियाँ खर्च गरेको छ। समन्वय समिति प्रमुख रघुनाथ खुलालले प्रथम जिल्लासभामा यसबारे जानकारी दिनुभएको हो।

सरकारबाट ८ शीर्षकमा खर्च गर्न प्राप्त रकममध्ये पुँजीगततर्फ १ अर्ब ९९ करोड ६६ लाख रुपियाँ खर्च गरिएको छ।

## दश वर्षपछि लेखापढी व्यवसायीको परीक्षा

विदुर, (नेस)

नुवाकोटमा १० वर्षपछि लेखापढी व्यवसायीहरूको परीक्षा शनिबार विदुरमा सम्पन्न भएको छ। मालपोत कार्यालय, जिल्ला वन कार्यालय, प्रहरी कार्यालय, अदालत, जिल्ला प्रशासन कार्यालय, भूमिसुधार कार्यालय र अर्धन्यायिक निकायमा व्यवसायीहरूको अभाव भई जनताको काम प्रभावकारीरूपमा गर्न नसकेको भन्दै जिल्ला अदालत नुवाकोटले १० वर्षपछि लेखापढी व्यवसायीहरूको परीक्षा गरेको हो।


परीक्षाका लागि २ सय ९ जनाले आवेदन दिए पनि १ सय ७८ जनाले मात्र परीक्षा दिएको जिल्ला अदालत नुवाकोटका श्रेस्तेदार महिमानसिंह विष्टले बताउनुभयो। परीक्षा १ सय पूर्णांकको



भएको र ३५ अंक ल्याएमा पास हुने विष्टले बताउनुभयो। परीक्षाको नतिजा छिट्टै सार्वजनिक गर्ने जिल्ला अदालत नुवाकोटले बताएको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १000 I-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता। बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता। दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता। मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA **को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू**

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागाजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, जेठ
आइतबार
६

‘१ जना व्यक्तिले रकम उठाएर फरार भइदिँदा सबैको बिजोग भएको छ’, राईले भने- ‘आफूले घरमा गरेको वाइरिङ भत्किन लागिसक्यो । मिटर बक्स बिग्रने अवस्थामा पुग्न लाग्यो।’

# नेपाल

## दुर्व्यवहारपूर्ण कार्य गरेको भन्दै कर्मचारीहरू आन्दोलित

**सरिता चलाउने, सल्यान**

सल्यानमा जनप्रतिनिधिहरूले आफूहरूलाई दुर्व्यवहारपूर्ण कार्य गरेको भन्दै कर्मचारीहरू आन्दोलित भएका छन्।

जिल्लाको बन्गाड कुपिण्डे नगरपालिकाका कर्मचारीले वडा अध्यक्षहरूले सधैं आफूहरूलाई हेप्नेदेखि थर्काउने खालको क्रियाकलाप गरेको भन्दै कामकाज ठप्प पारेका छन्। उनीहरूले यो समस्या समाधान नभएसम्म कामकाजमा नफर्कनेसमेत चेतावनी दिएका छन्। धेरैजसो उपभोक्ता समितिका सम्झौतामा बढी दबाब दिने गरेको उनीहरूको दुखेसो छ।

नगरका अधिकांश कर्मचारी यसरी नगरमा काम गर्न नसकिने जनाएका छन्। जनप्रतिनिधिले आफूहरूलाई बोल्ने भाषाशैलीमा निकै आपत्ति रहेको योजना शाखाका हरिष तिरुवाले दुखेसो पोखेका छन्। उनले भने- ‘हामी कर्मचारी नीतिमा टेकेर काम गर्ने हो। नीतिभन्दा बाहिर गएर काम गर्दा निकै समस्या हुने भएकाले यो नगरमा काम काज गर्न दिन प्रतिदिन कठिनाइ परेको छ।’

जुन अध्यक्षज्यूहरूले कर्मचारीहरूप्रति लगाएको आरोप निकै निन्दनीय रहेकाले यसप्रति नगरका कर्मचारीले डटेर सामाना गर्ने कर्मचारीहरूले जनाएका छन्। त्यसैगरी वडा नम्बर ५ का वडाअध्यक्ष कमल विकले आफूहरूले कर्मचारीलाई कुनै दबाब नदिएको र नीतिमा रहेर काम गर्न अनुरोध गरेका छन्। तर राजनीतिकरूपमा प्रेरित कर्मचारीले योजनाका कतिपय निवेदनका मुद्दाहरू फालिदिएको उनले बताए।

विवादित योजनाका मुद्दा कुनैको सुनुवाइ नभई सम्झौता गरिदिएको र आफ्ना वडाका केही योजनाका मुद्दामा कर्मचारीले बल्झाएकाले सबै मुद्दा एकै प्रकृतिको भएकाले कर्मचारी पनि त्यहीअनुसार काम गरेको पाएकाले आफूहरूको आपत्ति रहेको उनले बताएका छन्। नगरका कर्मचारीले काम गर्ने कुरामा भेदभाव र छुद्र व्यवहार गरेको विकको भनाइ छ। कसैका मुद्दा टेबलबाट च्यातिदिने हराइदिने आफू अनुकूलका मुद्दाहरू दर्ता गरिदिने, सम्झौता गरिदिने भएकाले यो अवस्था आएको उनको कर्मचारीप्रति आरोप छ। आफू अध्यक्ष तथा समितिभित्र बस्न नपाएको झोकमा केही वडामा स्थानीयले नगरमा मुद्दा हाल्ने काम गरेकाले दर्जनभन्दा बढी योजना अलपत्र पर्ने देखिएको छ। अहिले नगरमा आएर केही व्यक्तिले मुद्दा दर्ता गराएका छन्। सबैभन्दा बढी योजनामामा मुद्दा परेको वडा ४ र ५ मा यस्ताखाले समस्या देखा परेका छन्।

## प्रहरीद्वारा अवैध घरेलु मदिरा नष्ट

कपिलवस्तु, (नेस)



वडा प्रहरी कार्यालय चन्द्रौटाले १ सय २० लिटर अवैध घरेलु मदिरा नष्ट गरेको छ। दाङको गढवा गाउँपालिका-१, कालाकाटेबाट लु१ख ७६५९ र लु१ख ८८१८ नम्बरको बसमा लोड गरी बिक्रीवितरणका लागि कपिलवस्तुतर्फ लैजाँदै गर्दा प्रहरीले उक्त मदिरा बरामद गरेको हो।

विशेष सुराकीको आधारमा शिवराज नगरपालिका-१ फारलाइनमा चेकजाँचका क्रममा प्रहरीले मदिरासहित २ महिलालाई समेत नियन्त्रणमा लिएको थियो। प्रहरीले पत्रकारहरूको रोहबरमा प्रहरी परिसरमा खाल्डो खनी उक्त मदिरा नष्ट गरेको छ। घरेलु मदिराको अवैध कारोबारलाई रोकथाम गर्न विशेष अभियान सञ्चालन गरिएको प्रहरी निरीक्षक झविन्द्रप्रसाद भट्टराईले जानकारी दिनुभएको छ।

## प्रधानाध्यापकले गरे लाखौंको अनियमितता

**सरोज यादव, विराटनगर**

मोरङको बुढीगंगा-१ मा रहेको नरग्राम माध्यमिक विद्यालयमा अनियमितता भएको आरोप लागेको छ। विद्यालयले लगाएका भाडाका सटरदेखि भवन निर्माणमा विद्यालयका प्रधानाध्यापकले अनियमितता गरेको आरोप लागेको हो।

मोरङको बुढीगंगा गाउँपालिका-१ को नरग्राम माध्यमिक विद्यालयमा ठूलो भ्रष्टाचार र अनियमितता भएको पाइएको छ। विद्यालयले भौतिक पूर्वाधार निर्माण गर्दा होस् या आन्तरिक आम्दानीमा मनपरी गरेको विद्यालय व्यवस्थापन समितिकै सदस्य तथा पदाधिकारीले बताएका छन्। विद्यालयको गत आर्थिक वर्ष २०७२/०७३ को आय-व्यय विवरणमा २ लाख ६९ हजार ५ सय ७२ रुपियाँबराबरको रकमको खर्च विवरण देखाउन नसकेको पाइएको छ।

विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णु चालिसेले प्रधानाध्यापक राजनीतिमा लागेका कारण विद्यालयको अवस्था बिग्रिरहेको बताउनुभयो। उहाँले विद्यालयले खरिद गरेको ल्याबको सिलिन्डर हराएको, विद्यालयको भवन निर्माणका क्रममा चरम लापरबाही भएको र ट्वाइलेट निर्माण सम्पन्न नगरी पैसा निकासा गरेर खाएको दाबी गर्नुभयो।

यस्तै विद्यालयका प्रअले चाहेकोमात्रै निर्णय हुने र विद्यालयका हितका निर्णय नहुने गरेको पनि उहाँले बताउनुभयो। स्थानीय नेता जितनारायण थापाले शिक्षकको तलबबाट कट्टा गरेको १४ लाखभन्दा बढी रकमको खर्च नदेखाइएको बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधवप्रसाद कोइरालाले आफूले विद्यालयमा सुशासन र शैक्षिक गुणस्तर कायम गर्न लागेको बताउनुभयो। आफू नेतृत्वमा आएपछि अनियमितताको शंका लागेर छानबिन गर्दा उक्त रकम बेरुजु देखिएको उहाँले बताउनुभयो। विद्यालयले आफ्नो साढे ५ विगाहा जग्गा ठेक्कामा दिएको छ।

विद्यालयको भवनका ७ वटा सटर भाडामा लगाएको छ। तर, २ लाख १५ हजारमा लगाइएको सटर भाडा विद्यालयको आम्दानीमा भने १ लाख २० हजार मात्रै दाखिला हुने गरेको व्यवस्थापन समितिकै सदस्यको दाबी छ। आर्थिक वर्ष २०७३/०७४ मा विद्यालयमा बनेको भवन ४८ लाख लगत स्टिमेटको हो। तर, ६५ लाख रुपियाँ खर्च गरिएको छ। यस्तै साढे ५ लाख रुपियाँ पर्ने विद्यालय परिसरमा निर्माण भएको शौचालय निर्माण नै नगरी साढे ६ लाख रुपियाँ सकेको विद्यालय व्यवस्थापन समितिकै पदाधिकारी तथा सदस्यले बताएका छन्।

## गाउँमा मिटर ल्याइदिने भन्दै रकम कुम्ल्याएर युवक फरार

इलाम, (नेस)

गाउँमा विद्युत् मिटर ल्याइदिएर जडान गरीदिने भन्दै घरधुरी रकम संकलन गरेर इलाम माइनगरपालिकाका १ युवा रकम कुम्ल्याएर फरार भएका छन्।

विद्युत् प्राधिकरणबाट मिटर ल्याएर जडान गरीदिने भन्दै स्थानीय प्रेम राई यतिखेर सम्पर्कविहीन बनेका हुन्। राई गाउँमा वाइरिङ गर्ने काम गर्दै आएका थिए।

गाउँमा मिटर ल्याइदिने भन्दै राईले १५ घरधुरीबाट प्रतिघर ४ हजार २ सय रुपियाँ संकलन गरेका थिए। डेढमहिनाअघि रकम संकलन गरेका राई यतिखेर सम्पर्कविहीन बनेपछि माइनगरपालिका-१ दानाबारीस्थित खमारे, खर्बनी र टिम्बुरे टोलका करिब ७० घरधुरी गाउँमा विद्युत् पुगे पनि विद्युत् सेवा उपभोग गर्नबाट वञ्चित भएका छन्। गाउँलेबाट रकम संकलन गरेर फरार रहेका प्रेम राईको खोजी भइरहेको नेपाल विद्युत् प्राधिकरण फ्युज सेवा दानाबारीका इन्चार्ज गणेश विश्वकर्माले बताए।

राईको विद्युत् प्राधिकरण कार्यालयसँग कुनै सम्बन्ध नरहेको पनि विश्वकर्माले स्पष्ट पारे। विचारै नगरी गाउँलेले हचुवाको भरमा रकम दिँदा टोलमा विद्युत् सेवा पुगे पनि टोलवासी विद्युत् सेवा लिनबाट वञ्चित हुनुपरेको इन्चार्ज विश्वकर्माको भनाइ छ।

मिटर खरिद गरेर ल्याइदिने भन्दै रकम संकलन गरेर फरार हुँदा सोही नगरपालिकाअन्तर्गत खर्वानी टोलका सुवर्ण राईले मिटर खरिद गरेको ३ महिना बित्दा पनि जडान गर्न सकेका छैनन्।

‘१ जना व्यक्तिले रकम उठाएर फरार भइदिँदा सबैको बिजोग भएको छ’, राईले भने- ‘आफूले घरमा गरेको वाइरिङ भत्किन लागिसक्यो, मिटरबक्स बिग्रने अवस्थामा पुग्न लाग्यो तर अझै जडान गरेर विद्युत्को उपभोग गर्न पाइएन।’

फ्युज सेवा इन्चार्ज विश्वकर्माले टोलमा १०/१५ घरमा मिटर जडान नभइकन एउटा मात्र घरमा जडान गरेर विद्युत् दिन नसकिने बताए। ‘खर्वानी टोलमा ३० घरधुरी छन्, तीमध्ये एउटा घरमा मात्र मिटर जडान गर्दा विद्युत् चोरी हुने सम्भावना बढी हुन्छ’, विश्वकर्माले भने- ‘त्यसैले अन्य घरले पनि मिटर जडान गरेपछि मात्र विद्युत् सेवा सुचारु गर्न सकिन्छ।’ तर अब १ हप्ताभित्रमा आफैंले गाउँमा मिटर ल्याएर जडान गरीदिने आश्वसन विश्वकर्माले दिए।

## १७ प्रतिशत महिलामा पाठेघर र स्तन क्यान्सर

बुटवल, (नेस)

कम उमेरमा विवाह गर्नु, एकभन्दा बढी व्यक्तिसँग असुरक्षित यौन सम्पर्क राख्नु, धेरै बच्चा जन्माउनु, पटक-पटक गर्भपतन गराउनु र यौन स्वास्थ्यमा ख्याल नगर्नाले महिलामा पछिल्लो समय पाठेघरको मुखको क्यान्सरका बिरामीको संख्या बढ्दै गएको एक कार्यक्रममा बताइएको छ।

महिला मञ्च नेपालको आयोजनामा बुटवल-१२ मा महिलाको पाठेघर र स्तन क्यान्सरसम्बन्धी अभिमुखीकरण कार्यक्रम सहभागी स्वास्थ्य विज्ञहरूले पछिल्लो समय क्यान्सरको स्थिति नेपालमा पनि भयाबहरूपमा फैलिएको भन्दै १७ प्रतिशत महिला पाठेघर र स्तन क्यान्सरबाट पीडित रहेको बताएका छन्।

परिवार नियोजन संघ बुटवलका स्वास्थ्य विज्ञ विष्णु गुरुङले यस्ताखालका दीर्घकालीन रोगबाट बच्नका लागि चुरोट, खैनी बिडी तथा सुर्तीजन्य पदार्थको सेवन नगर्न, गुप्तांगको विशेष सरसफाई गर्न र अन्य खर्च कटाएर भए पनि आफ्नो स्वास्थ्यमा ख्याल गर्दै कम्तीमा पनि ६ महिनामा एक पटक पाठेघरको परीक्षण गर्न पनि महिलाहरूलाई सुझाव दिनुभएको छ।

महिला मञ्च नेपालकी अध्यक्ष मधुकला कुँवरले महिला स्वस्थ्य रहन सके परिवार स्वस्थ्य रहन सहयोग पुग्ने र वडाका महिलाहरूमा स्वास्थ्य सचेतना बढाउनका लागि अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा वडा नम्बर १२ का २४ वटा टोल विकास संस्थाबाट ३ जनाका दरले अन्य स्वास्थ्यमा चासो राख्ने महिला गरी करिब ८० जना महिलाको उपस्थिति रहेको थियो।

## सकियो पञ्चकोशी लोक सांस्कृतिक मेला

**हिक्मत नेपाली, दैलेख (दुल्लु)**



कर्णाली प्रदेशको पर्यटकीय क्षेत्रको प्रचारप्रसार र विकासका लागि सरकारद्वारा आयोजित कर्णाली रारा पर्यटन वर्ष-२०७५ लाई सफल बनाउनका लागि स्थानीय जनताको सहभागितामा दुल्लु नगरपालिकाले आयोजना गरेको प्रथम दुल्लु सांस्कृतिक मेला सम्पन्न भएको छ। दुल्लु सांस्कृतिक संग्रहालयको उद्घाटनका दिनदेखि शुरु भएको प्रथम पञ्चकोशी लोक सांस्कृतिक मेला सम्पन्न भएको हो। वैशाख ३१ गते संग्रहालयको उद्घाटन भएको थियो। उक्त संग्रहालयमा पुराना लोपोन्मूख अवस्थामा रहेका परम्परागत १ सय ६२ किसिमका सामग्री राखिएका छन्।

५ दिनसम्म चलेको लोक सांकृतिक मेलामा परम्परागत मारुनी नाच, देउडा (महिला पुरुष), एकल ठाडीभाका, भैलो, राईझुमा, फट्को, सल्लेरी हाइभाका, पन्चेबाजा, झोडा हुड्के नाचलगायतका ४२ प्रकारका कलाको प्रस्तुत गरिएको थियो। पुराना संस्कृति लोप हुन लागेकाले यसलाई बचाउन मेला आयोजना गरिएको दुल्लु नगरपालिकाका नगरप्रमुख घनश्याम भण्डारीले बताए।

विशाल नेपालको शक्तिशाली राज्यमध्येको एक सिंजा राज्यको शितकालीन राजधानीको रूपमा रहेको दुल्लु नगरपालिकाले ज्वाला र सिंजा सभ्यताको केन्द्रविन्दुको रूपमा रहेको श्री ५ राजेन्द्र वीरविक्रम शाहको पालामा काजी जसपाउ थापाले निर्माण गरेको पौवा घरमा संग्रहालय सञ्चालनमा ल्याइएको हो।

तिब्वती पठारको खशानदेखि जडानसम्मको कला, संस्कृति, साहित्य, लोक जीवन, लोक संस्कारसँग सम्बन्धित मूर्त र अमूर्त सम्पदाको जगेर्ना गर्न लोक संस्कृतिलाई बचाइराख्न संग्रहालयको स्थापना गरिएको नगरप्रमुख भण्डारीले बताए। ‘इतिहास, संस्कृति र प्रकृतिको संगम ज्वाला र सिंजा सभ्यताको आदिभूमि दुल्लु’ भन्ने मूल नाराका साथ दुल्लु नगरपालिकाले मेलाको आयोजना गरेको थियो।

मेला समापन कार्यक्रमको दैलेखका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेले नेपालको साहित्य कला ओइलिएको अवस्थामा रहेको बताउँदै पुराना कला संस्कृति जोगाउन नगरपालिकाले चालेको कदमको प्रशंसा गरे। उनले कला, संस्कृति लोप हुँदै गइरहेकाले यसको जगेर्ना गर्नु सबैको दायित्व भएको बताए। दुल्लु दरबार ऐतिहासिक सभ्यता रहेकाले यसलाई संरक्षण र सम्बर्द्धन गर्न सके कर्णाली प्रदेशकै पर्यटकीय गन्तव्य बन्ने विश्वास व्यक्त गरेका थिए।

## पूर्वकर्मचारीको सुझाव लिन आग्रह

राजविराज, (नेस)

सेवा निवृत्त कर्मचारीहरू देशकै सम्पत्ति भएकाले उनीहरूको सुझाव र अनुभवलाई समेटेर अघि बढ्नुपर्नेमा सप्तरीका पूर्वकर्मचारीहरूले जोड दिएका छन्।

राजविराजमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनीहरूले यस्तो बताएका हुन्। देशका विभिन्न क्षेत्रमा गएर लामो समयसम्म सेवा गरेका सेवानिवृत्त कर्मचारीहरू अनुभवको संगालो नै रहेको भन्दै परिवर्तित वर्तमान परिस्थितिमा उनीहरूको अनुभव स्थानीय सरकारदेखि केन्द्रसम्म नै मार्गदर्शक हुन सक्ने पूर्वकर्मचारी परिषद सप्तरीका अध्यक्ष रामनरेश सिंहले दाबी गरे।

सिँचाइ विभागका पूर्वसुपरिटेन्डेन्ट इन्जिनियर सुगम्बर यादवले आफूहरूको अनुभव मुलुकका लागि सान्दर्भिक रहेको बताए।

२२ वर्ष जिल्ला शिक्षा अधिकारी भई १७ जिल्लामा सेवा गरेर अवकाश पाएका उमाकान्त मिश्रले शिक्षा क्षेत्रको स्तर वृद्धिका लागि यस क्षेत्रका अवकाशप्राप्त कर्मचारीहरूको अनुभव समेतलाई समेटेर नीति निर्माण गर्नुपर्नेमा जोड दिए। उनले भने- ‘हचुवाको तालमा शिक्षा नीति बनाउँदा मुलुकलाई गम्भीर असर पर्न सक्छ, त्यसैले विगतका कमी कमजोरी सच्याएर अघि बढ्नका लागि यस क्षेत्रमा अनुभव संगालेकाहरूको सरसल्लाह पनि समेट्नु आवश्यक छ।’

यस्तै, लामो समयसम्म सिँचाइ तथा भवन निर्माण विभागमा काम गरी अवकाश प्राप्त डिभिजनल इन्जिनियर सुरत यादवले स्थानीय तथा प्रदेश सरकारसमेतले सेवा निवृत्त कर्मचारीको अनुभव समेट्नुपर्नेमा त्यसो नगरिएको भन्दै असन्तुष्टि व्यक्त गरे।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

**Government of Province**
**Ministry of Economic Affairs and Planning**

**Invitation for Bids for the Procurement (Supply and Delivery) of 4WD Hardtop Jeep**

Contract Identification No: MoEAP/P4/NCB/G/01/074/75
Date of publication: 2075/02/06

1. The Ministry of Economic Affairs and Planning invites electronic bids from eligible bidders for the procurement (Supply and Delivery) of 4WD Hard Top Jeep under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information at the Ministry of Economic affairs and Planning Province no.4, Pokhara, Telephone no 061-467721 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidding Document is available on PPMO's e-GP system www.bolpatra.gov.np/egp.Eligible Bidders are requested to submit their bid electronically as above mentioned e-GP system including non- refundableFee NRs.5000.00 for the cost of Bidding Documents in the following Rajaswa (revenue) account as mentioned below:
   Name of the Bank: RastriaBanijya Bank,
   Name of Office: Ministry of Economic Affairs and Planing
   Office Code no. : 47701104
   Rajaswa (revenue) Shirshak no. : 1-1-101/14227.
4. Pre-bid meeting shall be held at ministry of Economic Affairs and Planning, Province no 4, Pokhara at 2.00 o'clock of 25th Jestha 2075.
5. Elligible Bidders must be sumitted Electronic bids to the PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12.00 noon on 5th Ashad 2075. Bids submitted after this deadline will be rejected.
6. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in PDF format, amounting to a minimum of NRs. 15, 00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1.00 PM of Ashad 5, 2075 at the Ministry of Economic Affairs and Planning, Province no 4, Pokhara
8. If the date of opening falls on a government holiday, then the next working day shall be considered as the date only for opening purpose. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# विश्व

**पक्राउ**
साउदी अरेबियामा सातजना महिला अधिकारवादी अभियन्तालाई गिरफ्तार गरिएको छ।



**विवाह**
चर्चमा विवाहको क्रममा आफ्नी दुलही मार्कललाई चुम्बन गर्दै बेलायतका राजकुमार ह्यारी।



2018, MAY
Sunday
20

विश्व २ मिनेट

**चीन**

### बमवर्षक विमान अवतरित

बेइजिङ, (एजेन्सी)

चीनको वायु सेनाले शनिबार पहिलो पटक आफूले विवादास्पद दक्षिणी चीन सागरमा आफ्ना बमवर्षक विमानहरू अवतरण गरेको दाबी गरेको छ। यस कदमलाई लिएर संयुक्त राज्य अमेरिकाले चीनले सो क्षेत्रमा अस्थिरता सिर्जना गर्न खोजेको प्रतिक्रिया दिएको छ। सो क्षेत्रका सम्पूर्ण भूभागमा आफ्नो सामरिक पहुँच पुऱ्याउने उद्देश्यले त्यहाँ सैनिक अभ्यासका लागि लगिएका बमवर्षकमा लामो दूरीको एच-६ के लडाकू विमान पनि रहेको छ। यस सागरको व्यापारिक जलमार्गको स्वामित्व माथि छवटा राष्ट्रले दाबी गर्दै आएका छन्।

**भारत**

### सडक दुर्घटना

अहमदावाद, (एजेन्सी)

भारतको गुजरात राज्यमा शनिबार भएको सडक दुर्घटनामा कम्तीमा १९ जना व्यक्तिको मृत्यु भएको प्रहरीले जनाएको छ। भावननगर-अहमदावाद राजमार्गमा भएको सो दुर्घटनामा सिमेन्ट बोकेको एक ट्रकमा बसेर गइरहेका १९ मजदुरको मृत्यु भएको बताइएको छ। यस दुर्घटनामा अन्य छ जना घाइते भएका छन्। १८ जनाको घटनास्थलमा नै र अन्य एकजना घाइतेको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको थियो। मारिनेमध्ये १२ जना महिला रहेका छन् भने तीन जना किशोरावस्थाका र चार जना वृद्ध रहेका छन्।

**साउदी अरेबिया**

### अभियन्ता पक्राउ

रियाद, (एजेन्सी)

साउदी अरेबियाले महिलाहरूमाथि लाग्दै आएको सवारी साधन हाँक्न पाउने प्रतिबन्ध हटाउनु केही साताअघि ७ जना महिला अधिकारवादी अभियन्तालाई गिरफ्तार गरेको स्थानीय सञ्चार माध्यमले जनाएको छ। तिनीहरूको गिरफ्तारीको स्पष्ट कारण थाहा हुन सकेको छैन। तर अभियन्ताहरूले भने महिलाहरूको आवाज थुन्न यो कदम चालिएको आरोप लगाएका छन्। तर साउदीको सरकारी समाचार च्यानलले भने विदेशी शक्तिसँग सम्बन्ध राखेको कारण तिनीहरूलाई गिरफ्तार गरिएको जनाएको छ। साउदीको कडा कानुनअनुसार कुनै पनि काम वा निर्णय गर्न महिलाहरूले पुरुषसँग अनुमति लिनुपर्दछ।

**भारत**

### कुकुरसँग विवाह

नयाँदिल्ली, (एजेन्सी)

पूर्वी भारतको उडिसा राज्यमा अभिभावकले एक बालकको छिमेकीको कुकुरसँग विवाह गरिदिएका छन्। बेहुलालाई जंगली जनावरको आक्रमणबाट बचाउन र दुर्भाग्यबाट जोगाउन जयपुर जिल्लाको जनजातिको समुदायमा यस्तो विवाह परम्परागत रूपमा प्रचलित छ। सो विवाह कार्यक्रममा १ सय ५० भन्दा बढी पाहुनाको सहभागिता रहेको थियो। बालकको मुखमा दुईवटा दाह्रा पलाएपछि उनलाई भविष्यमा हुन सक्ने दुर्भाग्यबाट जोगाउने अन्धविश्वासमा यो संस्कार सम्पन्न गरिएको हो। यसरी दाह्रा पलाउने व्यक्तिलाई भविष्यमा बाघ-हात्तीजस्ता तिखा दाँत भएका जनावरको आक्रमणमा पर्न सक्ने अन्धविश्वास मुन्डा जनजातिमा रहँदै आएको छ।

## इराकको संसदीय चुनावमा सादको गठबन्धनलाई सफलता



बग्दाद, (एजेन्सी)

इराकमा सम्पन्न संसदीय चुनावमा पूर्व सिया छापामार प्रमुख मोक्तदा सादको नेतृत्वमा रहेको गठबन्धनले सानदार विजय हासिल गरेको छ। सादले इराकमाथि अमेरिकाको नेतृत्वमा गठबन्धन फौजले गरेको आक्रमणविरुद्ध आयोजित दुईवटा महत्त्वपूर्ण आन्दोलनको अगुवाइ गरेका थिए।

तर इराकमाथिको गतिविधिमा इरानी संलग्नताको समेत कडा प्रतिकार गर्ने गरेका मोकतादाले उम्मेदवारी नदिएको कारण प्रधानमन्त्री भने बन्न नपाउने भएका छन्। तर उनले सरकार गठनमा भने महत्त्वपूर्ण भूमिका निभाउने अनुमान गरिएको छ।

चुनावको नतिजाअनुसार सत्ताबाट बाहिर लागेका प्रधानमन्त्री हैदर अल अवादी इरान समर्थित गठबन्धनको पछाडि अर्थात् तेस्रो स्थानमा रहेका छन्। गत डिसेम्बरमा इराक सरकारले इस्लामिक स्टेट (आईएस)माथि विजयी हासिल गरेको औपचारिक घोषणा गरेयताको यो पहिलो निर्वाचन हो।

आईएस लडाकूविरुद्ध संघर्षरत इराकी फौजलाई समर्थन र सहयोग गर्न अझै पनि करिब पाँच हजारको संख्यामा इराकमा अमेरिकी फौजको उपस्थिति रहेको छ। शनिबार बिहान सबेरै निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम चुनावी परिणामअनुसार सादको साएरोन ब्लकले संसद्को कुल ३ सय २९ सिटमध्ये ५४ सिट र अवादीको समूहले ४२ सिट जितेका छन्।

त्यसैगरी इरान समर्थित फताह गठबन्धनले ४७ सिट जितेर दोस्रो स्थान ओगटेको छ। सादको गठबन्धनमा उनको र कम्युनिस्ट पार्टीलगायत अन्य छवटा गैरधार्मिक समूह रहेका छन्। साद भ्रष्टाचार विरोधी तथा आर्थिक लगानीमा पोख्त नेताका रूपमा पनि चिनिन्छन्।

अवादीको सरकारले भ्रष्टाचार नियन्त्रण गर्न नसक्नु नै उनको गठबन्धन पछाडि पर्नुको प्रमुख कारण रहेको बताइएको छ। गत फेब्रअरीमा अन्तर्राष्ट्रिय दातृ समूहले इराकको भौतिक संरचनाको पुनर्निर्माणका लागि ३० अर्ब अमेरिकी डलर आवश्यक रहेको जनाएको थियो। तर इराकी अधिकारीहरूले भने यसका लागि १ सय अर्ब डलर आवश्यक रहेको दाबी गरेका छन्।

## क्युबामा भयानक विमान दुर्घटना

### एक सयभन्दा बढीको मृत्यु

हवाना, (एजेन्सी)



ल्याटिन अमेरिकी राष्ट्र क्युबामा स्थानीय समयअनुसार शुक्रबार अपराह्न १२ बजेर ८ मिनेट जाँदा एक यात्रुवाहक बोइङ ७३७-२०० विमान विमान दुर्घटनाग्रस्त भएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। सो दुर्घटनामा १ सय जनाभन्दा बढीको ज्यान गएको छ। क्युबाको राजधानी हवानामा रहेको जोस मार्टी अन्तर्राष्ट्रिय विमानस्थलको नजिकै सो विमान दुर्घटनाग्रस्त भएको हो। यसमा दुर्घटनामा १ सय ७ जना यात्रुको मृत्यु भएको तथा तीनजना बाँच्न सफल भएको क्युबाली कम्युनिस्ट पार्टीको मुखपत्र गान्नाले जनाएको छ। तर बाँच्न सफल सबैको स्वास्थ्यस्थिति निकै चिन्ताजनक रहेको बताइएको छ।

मृत्यु हुनेहरूमा अधिकांश क्युबाली र केही मेक्सिकन पनि रहेका बताइएको छ। उक्त जहाजमा रहेका चालक दलका सम्पूर्ण सदस्यहरूको पनि ज्यान गएको बताइए पनि जीवित तीन जना चालक दलका सदस्य वा यात्रु हुन् भन्ने अझै यकिन हुन सकेको छैन।

सो विमान धावनमार्गबाट उडेको एकैछिनपछि नै खसेको थियो। उडेलगत्तै जहाजको इन्जिनमा समस्या देखिएपछि त्यो विमान बाँझो जमिनमा खसेको थियो।

जहाज जमिनमा धस्सिएपछि धुँवाको ठूलो मुस्लो देखिएको र त्यसलगत्तै उद्धारको कार्य परिचालन भएको थियो। तर विमानमा समस्या रहेकोबारे कुनै पनि पूर्वसूचना प्राप्त नभएको उड्डयन अधिकारीहरूले जनाएका छन्।

तत्काले स्थानीय बासिन्दा र आपत्कालीन उद्धारकर्मीहरू उद्धार कार्यमा खटिएका थिए। परिचालित सबै जनाले उद्धारको काम थालेको भए पनि जहाजमा आगो लागेकाले समयमै विमानबाट यात्रुहरूलाई बाहिर निकाल्न नसकिएको अधिकारीहरूले बताएका छन्।

क्युबाका उड्डयन अधिकारीहरूले विमानमा कुल १ सय ४ जना यात्रु र ६ जना चालक दलका सदस्य गरी कुल १ सय १० जना सवार रहेको पुष्टि गरेका छन्। साथै त्यस विमानमा चालक दलका छ जना सदस्य मेक्सिकन रहेको पनि बताइएको छ। उक्त जहाज मेक्सिकोको एक विमान कम्पनीसँग भाडामा लिएर क्युबाले सञ्चालन गर्दै आएको बताइएको छ। क्युबाको सरकारी एयरलान्सको यो विमान हवानाबाट क्युबाको पूर्वी भूभागमा पर्ने होल्गिन शहरतर्फ जान उडेको थियो। क्युबाका उड्डयनमन्त्री र राष्ट्रपतिले दुर्घटनास्थलको भ्रमण गरिसकेका छन्। राष्ट्रपति मिगेल डिआस कनेलले आफूलगायत सरकार तथा आफ्नो पार्टीका तर्फबाट मृतकहरूप्रति समवेदना प्रकट गर्दै तिनीहरूका आफन्तजनमा सहानुभूति व्यक्त गरेका छन्।

साथै राष्ट्रपतिले आपत्कालीन उद्धारमा खटिएका सबै कर्मचारी र सुरक्षाकर्मीलाई चुस्तताका साथ काम गर्न आह्वान गरेका छन्।

असीको दशकयता क्युबामा भएको यो पहिलो सबैभन्दा ठूलो र भयावह दुर्घटना हो। यसलाई देशको उड्डयन इतिहासकै सबैभन्दा खराब हवाई दुर्घटनाको संज्ञा दिइएको छ। यस दुर्घटनाका कारण यसमा मारिएका क्युबाली परिवारका सदस्य मात्र नभएर सिंगो देश नै शोकमा डुबेका समाचारहरू आइरहेका छन्।

उडेलगत्तै कसरी विमान खस्यो भन्ने बारेमा घटनास्थलबाटै प्रारम्भिक अनुसन्धान थालिएको सरकारी अधिकारीहरूले बताएका छन्। निकै लामो समयदेखि सेवा दिइरहेको यस विमानमा के कति कारणले अचानक प्राविधिक त्रुटि देखियो भन्नेबारे अनुसन्धान थालिएको हो। दुर्घटनामा परेको झन्डै ४० वर्ष पुरानो सो विमान पूर्णरूपमा ध्वस्त भएको छ।

## विद्यालयमा गोली चल्दा १० जनाको मृत्यु

### अमेरिकी झण्डा आधा झुकाइयो




ह्युस्टन, (एजेन्सी)

अमेरिकाको टेक्सास राज्यको ह्युस्टनस्थित एउटा विद्यालयमा एकजना बन्दुकधारी विद्यार्थीले जथाभावी गोली प्रहार गर्दा १० जनाको मृत्यु हुनुका साथै अन्य १० जना घाइते भएका छन्। प्रहरीका अनुसार मृत्यु हुनेमा ९ जना विद्यार्थी र एक जना शिक्षक रहेका छन्।

यस घटनामा घाइते भएका स्कुलका प्रहरी अधिकारी जोन वार्नेसको अवस्था गम्भीर रहेको छ। स्थानीय समयअनुसार शुक्रबार बिहान ८ बजे सान्टा फि हाइ स्कुलमा कला विषयको कक्षा सञ्चालन भइरहेका बेला सोही विद्यालयका विद्यार्थी १७ वर्षीय दिमित्रिओस प्यागोर्टिटसले अन्धाधुन्ध गोली प्रहार गरेका थिए। उनलाई प्रहरीले नियन्त्रणमा लिइसकेको छ। उनी सो हमलापछि आत्महत्या गर्ने मनस्थितिमा रहेका थिए। उनले आफ्नो पिताको नाममा दर्ता भएको सटगन र रिवल्भरबाट गोली प्रहार गरेको खुलेको छ।

टेक्सासका गभर्नर ग्रेग एब्बोटले ह्युस्टनदेखि करिब ६५ किमि दक्षिणमा रहेको सो विद्यालय परिसरमा विभिन्न किसिमका विस्फोट पदार्थ पनि फेला परेको जानकारी दिएका छन्। एब्बोटका अनुसार 'सीओटु डिभाइस' र 'मोलोटोभ ककटेल'जस्ता विस्फोटक पदार्थ भेटिएका छन्। आक्रमणकारीको डायरी र कम्प्युटर तथा मोबाइल फोनबाट प्रहरीले प्राप्त गरेको सूचनाअनुसार उनको आक्रमणपछि आत्महत्या गर्ने योजना रहेको थियो।

एकजना विद्यार्थीले पहिलो गोली चल्नासाथ एक शिक्षकले भावी घटनाको अन्दाज गर्दै विद्यालय खाली गराउने उद्देश्यले तत्काल फायर अलार्म थिचेको स्थानीय टेलिभिजन नेटवर्क केएचओयू-११ लाई जानकारी दिएका छन्। अर्का विद्यार्थी डाकोटा स्राडरले अलार्म बज्नासाथ सम्पूर्ण विद्यार्थी अत्तालिँदै बाहिर भाग्न थालेको सीबीएस न्युजलाई बताएका छन्। उक्त आक्रमणको समय विद्यालयमा १ हजार ४ सय जना विद्यार्थी रहेको प्रहरीले जनाएको छ।

राष्ट्रपति भवन ह्वाइट हाउसमा कारगार व्यवस्था सुधारसम्बन्धी एक कार्यक्रममा बोल्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भनेका छन्- 'यो आक्रमण अत्यन्तै भयावह छ। मेरो सरकार विद्यार्थीहरूको रक्षा, विद्यालयहरूको सुरक्षा तथा आफै र अन्यलाई खतरामा रहेका व्यक्तिहरूका हातबाट हतियार छिन्न जस्तोसुकै कदम चाल्न पनि प्रतिबद्ध रहेको छ।'

उनले यस घटनाप्रति शोक व्यक्त गर्ने क्रममा राष्ट्रपति भवनलगायत सम्पूर्ण सरकारी र सैनिक कार्यालयहरूमा राष्ट्रिय झण्डा आधा झुकाउन पनि आदेश दिएका छन्।



## भारतीय पूर्वकूटनीतिज्ञ दोषी ठहर

नयाँदिल्ली, (एजेन्सी)

दिल्लीको एक अदालतले पूर्वकूटनीतिज्ञ माधुरी गुप्तालाई पाकिस्तानको गुप्तचर निकाय आईएसआईसँग संवेदनशील सूचना बाँड्ने र राष्ट्रिय हितविरुद्ध सम्झौता गरेको भन्ने अभियोगमा दोषी ठहराएको छ।

उनी पाकिस्तानको राजधानी इस्लामावादस्थित भारतीय उच्चायोगमा कार्यरत रहेकी थिइन्। न्यायाधीश सिद्धार्थ शर्माले पूर्वकूटनीतिज्ञलाई सरकारी गोपनीयतासम्बन्धी कानुनका विभिन्न धाराअन्तर्गत दोषी ठहराएका हुन्।

माधुरीलाई दिल्ली प्रहरीको विशेष विभागलेले २२ अप्रिल २०१० मा पाकिस्तानी अधिकारीसँग संवेदनशील सूचना प्रवाह गरेको तथा दुई अधिकारी मुबशर रजा राणा र जमशेदसँग सम्पर्कमा रहेको आरोपमा गिरफ्तार गरेको थियो।

भारतीय उच्चायोगको प्रेस तथा सूचना विभागमा द्वितीय सचिव पदमा कार्यरत माधुरी गुप्तालाई सरकारी गोपनीयता अधिनियमको धारा तीन र पाँच 'क' अनुसार दोषी ठहराइएको हो। यस अपराधका लागि अधिकतम ३ वर्ष लामो कारावास वा जरिवाना वा दुवै हुन सक्छ। यसैक्रममा उनलाई ३ वर्ष लामो कारावास सजाय तोकिएको छ।

डा. रिजालले टेस्ट-ट्युब बेबी सेवा लिनेहरू गरिब, विपन्नवर्गका भन्दा पनि आर्थिक रूपमा सम्पन्नवर्गका बढी भएको बताउनुभयो। रिजालले कार्यपत्र प्रस्तुत गर्दै अब आर्थिक अभाव कमजोर भएका गरिब विपन्न परिवारमा समेत सेवा पुऱ्याउने लक्ष्य रहेको बताउनुभयो।

## जेष्ठ नागरिकलाई फलफूल




काठमाडौं, (नेस)

सर्वहित नेपालले राजधानीका विभिन्न वृद्धाश्रममा बसिरहेका जेष्ठ नागरिकलाई फलफूल खाद्यसामग्री वितरण गरेको छ।

सो संस्थाले पाँच वटा वृद्धाश्रमका ज्येष्ठ नागरिकलाई खाद्यसामग्री वितरण गरेको हो। संस्थाका अध्यक्ष विनोद तुलाधरको नेतृत्वमा शैलेन्द्ररत्न तुलाधर, सुल्जा तुलाधरको टोलीले सो कार्यमा सहयोग गरेको थियो।

# टेस्ट-ट्युब बेबीको १६ वर्ष

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालले टेस्ट-ट्युब बेबी शुरू गरेको १६ वर्ष पुरा भएको छ। सो अवसर पारेर आयोजित एक कार्यक्रममा बोल्दै वरिष्ठ स्त्रीरोग तथा प्रशूति विशेषज्ञ डा. भोला रिजालले निशन्तान भएर बसेका आम मानिसहरूका लागि टेस्ट-ट्युब बेबी एक अभिन्न अंगका रूपमा देखा पर्दै आएको बताउनुभयो। उहाँले दिनुभएको जानकारीअनुसार विश्वमा टेस्ट-ट्युब बेबीको शुरूआत भएको करिब २५ वर्ष पछि नेपालमा पनि यसको शुरूआत भएको हो।

'सन्तानको चाहना हुँदाहुँदै पनि कतिपय अवस्थामा शारीरिक रूपमा देखा पर्ने प्राविधिक समस्याका कारण निसन्तानको पीडा भोग्दै आएको परिवारमा टेस्ट -ट्युब बेबी कार्यक्रमले १६ वर्षदेखि अनवरत रूपमा खुसी दिन सफल भएको छ। यो प्रविधिबाट सन् २०१८ जुलाईसम्ममा १ हजार टेस्ट-ट्युब बेबी जन्माउन सफल भएका छौं' -डा. रिजालले भन्नुभयो।

यही खुसियालीमा शनिबार भारतका टेस्ट-ट्युब बेबी विज्ञ डा. जतिन शाहले आईयूआईसम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा भए गरेका कामहरूका बारेमा जानकारी दिनुभएको थियो। आईयूआईलाई कसरी प्रभावकारी बनाएर लैजान सकिन्छ भन्नेमा अन्तर्राष्ट्रिय जगत्मा भए गरेका कामहरूका आधारमा जानकारी गराउनुभयो। विश्वका घटना केलाएर थप सफलता दिलाउने विषयमा नेपालका चिकित्सकहरूमाझ अनुभव साट्नुभएको थियो।

त्यस्तै ओम अस्पतालको टेस्ट-ट्युब बेबी क्षेत्रमा विगत १६ वर्षदेखि काम गर्दै आउनुभएका डा. सविना श्रेष्ठले वैदेशिक रोजगारीमा गएका युवाहरूका श्रीमतीको स्वास्थ्यमा पर्न गएको समस्याका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। यस कार्यक्रमको मुख्य उद्देश्य भनेको गरिब, विपन्न वर्गहरू जोसमक्ष आर्थिक अभाव छ, तर, सन्ताको चाहना छ, उनीहरूसमक्ष कसरी टेस्ट-ट्युब बेबी सेवा सहुलियत रूपमा पुऱ्याउन सकिन्छ भन्ने हो।

डा. रिजालले टेस्ट-ट्युब बेबी सेवा लिनेहरू गरिब, विपन्नवर्गका भन्दा पनि आर्थिक रूपमा सम्पन्नवर्गका बढी भएको बताउनुभयो। रिजालले कार्यपत्र प्रस्तुत गर्दै अब आर्थिक अभाव कमजोर भएका गरिब विपन्न परिवारमा समेत सेवा पुऱ्याउने लक्ष्य रहेको बताउनुभयो। नेपालको टेस्ट-ट्युब बेबी सेवामा पहिलो अगुवाका रूपमा रिजाल रहँदै आउनुभएको छ। रिजालकै नेतृत्वमा नेपालको पहिलो टेस्ट-ट्युब बबी ओममणि तामाङको जन्म भएको थियो।

## फोटो पत्रकार श्रेष्ठ सगरमाथाको चुचुरोमा



काठमाडौं, (नेस)

फोटो पत्रकार पूर्णिमा श्रेष्ठले पहिलोपटक सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेकी छन्। फोटो पत्रकार क्लबकी सदस्य श्रेष्ठले शनिबार बिहान ८:१० बजे शिखर चुमेकी छन्। सफल आरोहणसँगै श्रेष्ठ सर्वोच्च शिखरमा पाइला टेक्ने पहिलो नेपाली फोटो पत्रकार बनेकी छिन्।

सर्वोच्च शिखर सगरमाथामा पाइला टेक्ने पहिलो नेपाली फोटो पत्रकार बन्न सफल फोटो पत्रकार पूर्णिमाप्रति फोटो पत्रकार क्लबले धन्यवाद ज्ञापन गरेको छ। गोर्खा जिल्लाको आरुघाटमा जन्मिएकी २६ वर्षीय श्रेष्ठले यसअघि २६ सेप्टेम्बर २०१७ मा ८ हजार १ सय ६३ मिटर अग्लो मनास्लु हिमालको पनि सफल आरोहण गरेकी छन्।

आरोहण गर्ने क्रममा फोटो पत्रकार श्रेष्ठले पहिलो पटक सर्वोच्च शिखर सगरमाथाको आधार शिविरबाट चुचुरोसम्म 'मुस्कुराइरहेका नेपाली महिलाहरू' नामक एकल फोटो प्रदर्शनीसमेत गरेकी छन्।

## दबाब...

कर्मचारीले उपलब्ध गराएका सीमित कागजात हेरिसकेपछि विभागको टोलीले उक्त डिलरबाट माघ ८ गते बिक्री भएको इको-स्पोर्ट फोर्ड १ दशमलव ५ लिटर पेट्रोल गाडीको मूल्य सूचीमा कैफियत रहेको फेला पाऱ्यो।

करबाहेक जम्मा लागत २२ लाख ५८ हजार २ सय ९३ रुपियाँ रहेको उक्त एचआर.-६४६०० इन्जिन नम्बर भएको गाडी कम्पनीले २०७४ माघ ८ गते (बिल नम्बर ७५७) बिक्री गर्दा २४ लाख ८६ हजार ७ सय २६ रुपियाँ (कर बाहेक) बिक्री गरेको भेटियो।

यसरी एउटा गाडीको बिक्रीमा २ लाख २८ हजार ४ सय ३३ रुपियाँ ठगी भएको देखेपछि जीओ अटोमोबाइल्स प्रालिलाई के-कति कारणले मूल्य फरक भएको हो ? उक्त कुराको ३ दिनभित्र लिखित जवाफ पेश गर्न निर्देशन दिएर विभागको टोली फर्कियो।

अझ महत्त्वपूर्ण कुरा के भने उक्त कम्पनीले ग्राहकलाई ३ लाख ३६ हजार २ सय ८३ रुपियाँबराबर छुट दिएको भनी भ्रममा समेत पार्ने गरेकोसमेत विभागको अनुगमन टोलीले पत्ता लगायो।

यसरी कम्पनीले छुट दिएको भनिएको रकम पनि जोड्ने हो भने इको-स्पोर्ट फोर्ड १ दशमलव ५ लिटर पेट्रोल गाडीको मूल्य २८ लाख रुपियाँभन्दा माथि पर्ने देखिन्छ। जुन गाडीको वास्तविक बिक्री मूल्य भने २२ लाख ५८ हजार २ सय ९३ रुपियाँ मात्रै हो।

माघ १४ गते जीओ. अटोमोबाइल्स प्रालिका प्रबन्धक तेजकरण जैनले विभागमा गएर गाडीको मूल्य कसरी बढेको हो भन्ने विषयमा लिखित स्पष्टीकरण दिए। तर जैनको मौखिक बयान र लिखित स्पष्टीकरणबाट उक्त कम्पनीले गाडी बिक्री गर्दा कुन आधारमा मूल्य बढाएको हो भन्ने कुराको पुष्टी गर्न सकेन। विभागले जीओ अटोमोबाइल्स कम्पनीले बेच्ने गरेका गाडीमा उपभोक्ता ठगीमा पर्ने गरेको निष्कर्ष निकाल्यो।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोक्ता संरक्षण ऐन, २०५४ र कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन ३०३२ बमोजिम जीओ अटोमोबाइल्सलाई कारबाहीको तयारी थाल्यो। विभागले उक्त विषयलाई प्रहरी प्रशासनको जिम्मा लगाउने तयारी गरेपछि गोल्छा अर्गनाइजेसनका निर्देशक लोकमान्य गोल्छाले जीओ अटोमोबाइल्स प्रालिको प्रतिनिधित्व गर्दै अबदेखि गाडीको मूल्यमा थपघट नगर्ने भन्दै विभागसँग प्रतिवद्धता जनाउँदै माफिसमेत मागेका थिए। तर, उक्त कम्पनीका सञ्चालकहरूको उच्च राजनीतिक संयन्त्रसँगको साँठगाँठपछि विभागले तयार पारेका अनुगमनका फाइल भने लामो समयसम्म थप अनुसन्धान र कारबाहीका लागि अघि बढ्न सकेनन्।

विभागले तयार पारेका बजार अनुगमनका फाइल केही समय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवले आफूसँगै राखेका थिए।

नयाँ सरकार गठन भएसँगै गत फागुनमा मात्र मन्त्रालयको जिम्मेवारी सम्हालेका कारण अनुगमनका फाइलका विषयमा आफूले जानकारी लिने उद्देश्यले मन्त्रालयमा झिकाएको मन्त्री यादवको भनाइ छ।

### आफू ठगिएको थाहा पाए कसरी गर्ने उजुरी ?

उपभोक्ताले विभिन्न वस्तु तथा सेवाको खरिदमा आफू ठगिएको थाहा पाए पनि सम्बन्धित निकायमा निकै कम मात्र त्यसको उजुरी गर्ने गरेका छन्।

केही व्यक्तिले उजुरी प्रकृया र क्षतिपूर्तिका विषयमा थाहा नपाएर र केही व्यक्तिले थाहा पाउँदा पाउँदै पनि उजुरी नगर्ने गरेको वाणिज्य, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक योगेन्द्र गौचनको गुनासो छ। विभागले गरेको बजार अनुगमनको कैफियतबमोजिम ठूला व्यवसायिक घरानालाई कारबाहीको दायरामा ल्याउन नसक्नुमा उपभोक्ताले उनीहरूविरुद्ध ठगी र कालोबजारीका मुद्दा दायर नगर्नु मुख्य कारण रहेको गौचनको भनाइ छ।

'हरेक उपभोक्तालाई आफू ठगिएको भन्ने थाहा हुन्छ। तर उजुरी कहींकतै गर्दैनन्। उजुरी गरेको खण्डमा ठगिएको रकमबराबर बिगो जरिवाना उपभोक्ताले पाउँछन्' -गौचनले भन्नुभयो। शिक्षा, स्वास्थ्य, खाद्यान्न, अटोमोबाइल्सलगायत जुनसुकै क्षेत्रमा पनि उपभोक्ताले आफू ठगिएको विषयमा उजुरी गर्न सक्ने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार नजिकको प्रहरी कार्यालय, जिल्ला समन्वय समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, बजार अनुगमन शाखा, वाणिज्य, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभाग र सबै स्थानीय तहमा उजुरी गर्न सकिनेछ।

जीओ अटोमोमाइल्सलगायत ठगी र कालोबजारी मुद्दामा मुछिएका अन्य बिक्रेता कम्पनीका फाइलका विषयमा मन्त्रालय, विभाग, आन्तरिक राजश्व विभाग र कार्यालयहरू, प्रहरी प्रशासनलगायतको सहयोगमा थप अनुसन्धान गरी कारबाही अगाडि बढाउने मन्त्री यादवले सार्वजनिक रूपमा अभिव्यक्ति दिँदै आएका छन्।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक योगेन्द्र गौचनका अनुसार गाडी बिक्रेता कम्पनीले गरेको ठगीका विषयमा थप प्रमाण जुटाइदिन आन्तरिक राजश्व कार्यालयलाई पत्राचार गरेको भए पनि राजश्व कार्यालयले २ महिना बितिसक्दा पनि त्यसको जवाफ पठाएको छैन। सरकारी वकिलको कार्यालयले विभागलाई दिएको सुझावबमोजिम ती कम्पनीका विषयमा थप अनुसन्धान गर्न राजश्व कार्यालयलाई पत्र पठाइएको हो।

**समाचार प्रभाव**

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनका क्रममा इको-स्पोर्ट फोर्ड १ दबमलव ५ लिटर पेट्रोल गाडीको मूल्यलाई मात्र आधार मान्दै जीओ अटोमोबाइल्स प्रालीले ठगी र कालोबजारी गर्ने गरेको प्रतिवेदन तयार पारेको छ।

तर नेपाल समाचारपत्रले उक्त कम्पनीले बिक्री गर्दै आएको ईको स्पोर्ट फोर्ड', 'फिगो एस्पार ट्रेण्ड', इकोस्पोर्ट ट्रेड, 'इकोस्पोर्ट यम्बियन्ट' र 'फ्रिस्टाइल टाइटानियम' गाडीको खरीदमासमेत उपभोक्ता ४० प्रतिशतसम्म ठगिएको प्रमाणसहित समाचार प्रकाशित गर्दै आएको छ। नेपाल समाचारपत्र दैनिकले जीओ अटोमोबाइल्सका उपभोक्ता ठगीका घटनालाई शृङ्खलावद्ध रूपमा प्रकाशित गरेपछि उक्त कम्पनीले पछिल्लो समय केही मूल्य घटाएको छ।

इको-स्पोर्ट टाइटानियम गाडीमा उपभोक्ता ४० प्रतिशतसम्म ठग्दै आएको उक्त कम्पनीले नेपालमा केही दिनअघि मात्र सार्वजनिक भएको फ्रि स्टाइल टाइटानियम गाडीमा उपभोक्ता २९ प्रतिशत बराबर ठगीमा पर्ने गरी मूल्य निर्धारण गरेको छ।

ठगी तथा कालोबजारी गरेको समाचार प्रकाशित भएपछि कम्पनीले ११ प्रतिशतसम्म मूल्य घटाएको हो। तर अझै पनि कानुनबमोजिम वस्तु तथा सेवाको बिक्रीमा २० प्रतिशतभन्दा बढी मुनाफा राख्न नपाइने व्यवस्थालाई भने कम्पनीले बेवास्ता गर्दै आएको छ। वर्तमान सरकार र सम्बन्धित निकाय यस विषयमा जानकार रहे पनि जीओ अटोमोबाइल्स प्रालिलाई कारबाहीको दायरामा भने ल्याउन सकिएको छैन।

## खानेपानी उपभोक्ता समितिमा कुवँर



ललितपुर, (नेस)। सैंबु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्षमा नवराज कुवँर निर्वाचित हुनुभएको छ। शनिबार सम्पन्न तेस्रो वार्षिक साधारण सभाले उहाँको नेतृत्वमा १५ सदस्यीय कार्य समिति निर्विरोध निर्वाचित गरेको हो। कार्यसमितिको उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्षमा क्रमश: दीपक थापामगर, विशुराम थापा, किशोरकुमार कुवँर, रामेश्वर थापा र वीरेन्द्र थापा निर्वाचित भएका छन्।

कार्यसमितिका सदस्यहरूमा नारायण थापा, भगवती थापा, निरु कुवँर, घनश्याम थापा, विनोद कुवँर, दलबहादुर अछामी, सुदर्शन कुवँर, रामचन्द्र थापा र गंगादेवी खड्का निर्वाचित भएका छन्। खानेपानी डिभिजन कार्यालयका प्रमुख हरिदत्त पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न साधारणसभामा समाजसेवी दामोदर खड्का, श्रीबालकुमारी सिर्जना क्लबका अध्यक्ष शालिकराम कुवँर ,अध्यक्ष कमलभक्त केसीलगायतले बोल्नुभएको थियो।

## कालीगण्डकी...

पर्वतबाट निर्वाचित सांसद पदम गिरी, बागलुङबाट निर्वाचित सांसदहरू देबेन्द्र पौडेल र डा. सूर्य पाठकले अर्थमन्त्री डा. युवराज खतिवडालाई भेटेर परियोजना अघि बढाउन आग्रह गरेका छन्। फलेबास नगरपालिकाका प्रमुख पदमपाणी शर्माले उर्जा मन्त्री वर्षमान पुन र लगानी बोर्डका प्रमुख कार्यकारी निर्देशक महाप्रसाद अधिकारीलाई स्थानीय तहका निर्णय प्रस्तावको रूपमा पेश गरेर परियोजना अघि बढाउन आग्रह गर्नुभएको छ।

कालीगण्डकी बहुउद्देश्यीय परियोजनाबाट कालीगण्डकीको तटीय क्षेत्रको विकास हुनुका साथै यस क्षेत्रको आर्थिक विकासमा सबैभन्दा महत्वपूर्ण भूमिका खेल्ने भएकाले परियोजना अघि बढाउन उपयुक्त भएको जलस्रोत विज्ञ इश्वरीप्रसाद तिवारीले बताउनुभयो। नेपाल विद्युत् प्राधिकरणले २०५२ सालमा गरेको प्रारम्भिक अध्ययनका क्रममा कालीगण्डकी बहुउद्देश्यीय परियोजनाबाट १ हजार मेघावाट विद्युत् उत्पादन गर्न सकिने र कालीगण्डकी किनारका हजारौं हेक्टर जमिनमा सिंचाइ सुबिधा पुऱ्याउन सकिने बताइएको छ।

यसबाहेक जलाशयमा झण्डै ७० किलोमिटर क्षेत्रमा जलयातयात सञ्चालन गर्न पनि सकिने अध्ययनबाट देखिएको नेपाल विद्युत् प्राधिकरणका पूर्वनिर्देशकसमेत रहनुभएका तिवारीले जानकारी दिनुभयो। 'यो परियोजना अघि बढाउने हो भने प्रदेश नं ४ र ५ को समृद्धिको पहिलो आधार तयार हुन्छ' -उहाँले भन्नुभयो 'सबैभन्दा सस्तो लागत र बहुउपयोगी यो परियोजना सरकारले प्राथमिकतामा राखेर अघि बढाउन जरुरी छ।' कालीगण्डकी नदीमा पर्वतको बिहादी गाउँपालिका १ बाच्छा र बिहादी तथा बाग्लुङको जैमुनी नगरपालिका ८ छिस्तीको बीचमा कालीगण्डकी नदीमा १ सय ४५ मिटर अग्लो उच्च बाँध बाँधेर ८ किलोमिटर शुरूङबाट बिहादी गाउँपालिकाको ६ गोलाङमा विद्युत् गृह बनाउन सकिने दाबी गरिएको छ।

कालीगण्डकी गहिरो खोँच भएर बगेका कारण जलासय ६० किलोमिटरमाथि मालढुंगासम्म आइपुगे पनि धेरै जमिन अधिग्रहण गर्नुपर्दैन भने ठुला बस्तीसमेत उठाउनुपर्दैन। ६० किलोमिटरमा जलयात्रा गराउँदै पर्यटन विकास गर्न सकिने अवस्था रहेको छ। कालीगण्डकीको गहिराइका कारण नदी किनारका फाँटहरूमा सिंचाइ पुग्न सकेको छैन। यो परियोजना कार्यान्वयनमा आउँदा सबै फाँटहरूमा सिंचाइ पुग्नेछ।

कालीगण्डकी बहुउद्देश्यीय परियोजना अघि बढाउन लगानी बोर्डसगँ गरिएको छलफलमा यसको सम्भाव्यता अध्ययनका लागि वोर्ड तयार रहेको फलेवास नगरकार्यपालिका प्रमुख शर्माले बताउनुभयो। फलेबास नगरपालिकामा जनप्रतिनिधि आएपछि पहिलो परिषद्बाट परियोजना अघि बढाउने, संभाव्यता अध्ययनका लागि बजेटसमेत विनियोजन गर्ने निर्णय गरेको थियो। उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्री पुनले अहिले सञ्चालन भएका आयोजनाभन्दा कम लागतमा बढी विद्युत् उत्पादन गर्न सकिने र सिंचाइ सुबिधा बहुउद्देश्यीय परियोजना भएकाले सरकारसमेत यो परियोजना अघि बढाउन सहमत भएको प्रमुख शर्माले जानकारी दिनुभयो। 'प्रतिनिधिसभाका सदस्य पदम गिरीले ठूलो जलविद्युत् सञ्चालन गर्दा देशको उर्जा संकट पनि न्यून हुने भएकाले आफूहरूले उक्त आयोजना कार्यान्वयनको महत्वका बारेमा अर्थ मन्त्रालयमा बिफ्रिङ गरेको बताउँदै मन्त्री आगामी बजेटमा परियोजनाको संभाव्यता अध्ययनका लागि बजेट बिनियोजन गर्न तयार रहेको जानकारी दिनुभयो।'

## कनिष्ठ...

२०७१मा करिब ७ सय वन रक्षक आयोगमार्फत नियुक्त भएका थिए भने गत वर्ष खुला गरिएको विज्ञापनमार्फत थप ४ सय ५२ नियुक्त हुने प्रकृयामा छन्।

पछिल्लो समयमा श्रेणीविहीन कर्मचारी र कार्यक्षेत्रका हाकिमको शैक्षिक योग्यताको भिन्नतालाई लिएर कतिपय अवस्थामा मनमुटाव हुने गरेको वन विभागका अधिकारीहरू बताउँछन्। 'प्लस टु वा आईएस्सीएजी योग्यता भएकाहरू स्थानीय तहका जुनियर वन अधिकृत हुने व्यवस्था छ, त्यसैले हाकिमभन्दा माथिल्लो शैक्षिक योग्यता भएका कनिष्ठ कर्मचारीले स्वत: चुरीफुरी देखाउने गर्छन्'- वन विभागका एक अधिकारीले भने।

श्रेणीविहीन वन रक्षक मात्रै होइन, खरदार तहका प्राविधिक वन फरस्टर पदका लागि पनि स्नातक र सोभन्दा माथिको शैक्षिक योग्यता भएकाहरू बीच तीव्र प्रतिस्पर्धा हुने गरेको अधिकारीहरू बताउँछन्। खरदार तहका वन फरेस्टरका लागि एलएससी वा सो सरहको शैक्षिक योग्यतासँगै सीटीईभीटीको आधारभूत तालिम अनिवार्य गरिएको छ।


## Invitation for Bids

**Dhangadhimai Municipality**
**Office of The Municipal Executive**
**Dhangadhi, Siraha**
**Date of publication: 2075/02/06**

1. Dhangadhimai Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction as listed in the table below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhimai Municipality, Siraha, Phone no.0977-033-545238, mail: mundhangadhi@gmail.com or may visit PPMO website www.bolpatra.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the Dhangadhimai Municipality, Siraha and District Treasury Controller Office, Siraha by eligible Bidderson the submission of a written application, along with the copy of company/firm registration certificate, business registration licence, VAT registration certificate, Tax clearance certificate of the fiscal year 2073/74 upon payment of a non-refundable fee of Rs. 3000 till 2074/12/09.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Internal Revenue account as speci fied below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Rastriya Banijya Bank, Lahan.
   Name of Office: Dhangadhimai Municipality
   Shirshak Account no. : 2260303007102
4. Pre-bid meeting shall be held at Dhangadhimai Municipality, Siraha at 2:00 PM on 2075/02/25.
5. Sealed or electronic bids must be submitted to the office of Dhangadhimai Municipality, Office of Municipal Executive,Dhangadhi, Siraha by hand/courier or through PPMO website www.bolpatra.gov.np on or before 12:00 Noon on 2075/03/04. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives at 2:00 pm on 2074/03/05 at the Dhangadhimai Municipality, Office, Siraha. The bid will be opened in particular date and time although the bidders' representatives will be absent .Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:

   Name of the Bank: Rastriya Banijya Bank, Lahan.
   Name of Office: Dhangadhimai Municipality, Office of Municipal Executive
   Dharauti Khata no. : 2260303007102
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserve the right to accept or reject, wholly or partially any or all the bids without assigning reason whatsoever.
9. Bidders who choose to submit the bid by E-Bidding System, must submit the original copies (Hard Copy) of mandatory documents to Dhangadhimai Municipality, Office of Municipal Executive,Dhangadhi , Siraha, within the five days of last date of Bid submission. Non submission of the hard copy by the bidders within specified time shall be considered as non -responsive and may cause for feiture of bid security.
10. Bidders shall quote the item rates in the BOQ's exclusive of VAT and VAT shall be added separately in total amount. All other taxes and levies which may be applicable shall be included in the quoted rates. In case of discrepancies in rates in figures and words, the rate in word shall be govern.
11. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 with amendment), public procurement regulation, 2064 and other prevailing rules and regulations of Nepal.
12. Quality control and test shall be performed in accordance with the "Standard Specifications for Road and Bridge works (2058 Ashad)" and Bidders shall include all expenditure for quality control and tests in items rates.
13. The bidders are required to present their notary public for verification of document if so felt by the employer.
14. Bids shall be disqualified if bid forms submitted does not match standard forms provided in bid documents.
15. Any amendment on bidding document shall be posted on Notice board of office.
16. In the case of discrepancies or error in bidding document, Tender notice or any other document, Dhangadhimai municipality reserves the right to amend and correct at any time.17. Bidders are advised to visit sites and assess the actual site conditions before submitting their bids.
17. Bidders are advised to visit sites and assess the actual site conditions before submitting their bids.

| Contract no./ ID | Description of Works | Total Estimated Amount (Without VAT) Nrs. | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) | Remark |
|---|---|---|---|---|---|
| DH-Mun/13/2074/75 | Construction of Compound Wall | 5399721.50/- | 135000.00/- | Rs. 1,000/- | |

# अर्थ

किम्हे माइग्रेन्ट हाउस, किम्हे उवासंघ र सोजु मदिरा उद्योगबीच भएको छलफल सकारात्मक रहेको प्रतिक्रिया दिँदै संघ पूर्वअध्यक्ष एवम् नेउवा महासंघ सदस्य अरुणराज सुमार्गीले दक्षिण कोरियाली संस्थाबाट प्राप्त सद्भाव र आत्मीयताले भ्रमण टोली प्रभावित भएको र भ्रमण लाभदायक हुनेमा विश्वास व्यक्त गर्नुभयो।


ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| वीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO 500D GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम. एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com


# ऊन, गलैंचा, पस्मिनाको निर्यात घट्यो

**नेपाल समाचारपत्र**

काठमाडौं



चालू आर्थिक वर्षको नौ महिनासम्ममा कुल वस्तु निर्यात ८ दशमलव २ प्रतिशतले वृद्धि भई ५९ अर्ब ७४ करोड रुपियाँ पुगेको छ। नेपाल राष्ट्र बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १२ दशमलव १ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारततर्फ ६ दशमलव ९ प्रतिशत, चीनतर्फ ५८ दशमलव ९ प्रतिशत र अन्य मुलुकतर्फ ७ दशमलव १ प्रतिशतले निर्यात बढेको छ। वस्तुगत आधारमा अलैंची, धागो, पोलिस्टर यार्न, अदुवा, तारलगायतका वस्तुको निर्यात बढेको छ भने जुस, जीआई पाइप, ऊन गलैंचा, पस्मिनालगायतका वस्तुको निर्यात घटेको छ।

समीक्षा अवधिमा कुल वस्तु आयात २० दशमलव ६ प्रतिशतले बढेर ८७६ अर्ब २९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३९ दशमलव ७ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात २१ दशमलव ९ प्रतिशत, चीनबाट भएको आयात २२ दशमलव ८ प्रतिशत र अन्य मुलुकबाट भएको आयात १५ दशमलव ७ प्रतिशतले बढेको छ।

वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, अन्य मेसिनरी तथा पार्टपुर्जा, यातायातका साधन तथा पार्टपूर्जा, सिमेन्ट, हटरोल सिटइन क्वाइल, लगायतका वस्तुको आयात बढेको छ भने कृषि औजार तथा पार्टपूर्जा, हवाईजहाजका पार्टपूर्जा, सेनिटरीवेयर्स, सानो अलैंची, जिंक इनगोट, लगायतका वस्तुको आयात घटेको छ।

भन्सार नाकाका आधारमा वीरगन्ज भन्सार कार्यालय, कृष्णनगर भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालयबाट भएको निर्यातमा कमी आएको भएता पनि अन्य भन्सार नाकाहरूबाट भएको निर्यातमा वृद्धि भएको छ। त्यसैगरी आयाततर्फ समीक्षा अवधिमा सुख्खा बन्दरगाहा भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालयबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ। समीक्षा अवधिमा कुल वस्तु व्यापारघाटा २१ दशमलव ७ प्रतिशतले विस्तार भई ८१६ अर्ब ५५ करोड पुगेको छ।

समीक्षा अवधिमा निर्यात-आयात अनुपात ६ दशमलव ८ प्रतिशत कायम भएको छ जुन अघिल्लो वर्षको सोही अवधिमा ७ दशमलव ६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७४/७५ को नौ महिनामा भन्सार तथ्यांकमा आधारित निर्यातको एकाइ मूल्य सूचकांक वार्षिक बिन्दूगत आधारमा १ दशमलव ७ प्रतिशतले बढेको र आयात मूल्य सूचकांकमा ६ दशमलव ४ प्रतिशतले वृद्धि भएकाले व्यापारको सर्तमा ४ दशमलव ४ प्रतिशतले ह्रास आएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो सर्त ३ दशमलव ३ प्रतिशतले बढेको थियो।

चिया, तामाको तार, पित्तलका पाता, कत्था, लगायतका वस्तुको मूल्य बढेको कारण निर्यात मूल्य सूचकांकमा वृद्धि भएको हो भने पेट्रोलियम पदार्थ, सवारी साधन, टायर, रेफ्रिजिरेटर, ल्यापटपलगायतका वस्तुको मूल्यमा वृद्धि भएका कारण आयात मूल्य सूचकांकमा वृद्धि भएको हो। समीक्षा अवधिमा कुल सेवा आय ४ दशमलव ८ प्रतिशतले र कुल सेवा खर्च १३ दशमलव १ प्रतिशतले बढेको कारण खुद सेवा आय २ अर्ब ७९ करोडले घाटामा गएको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ६ अर्ब ४२ करोडले बचतमा रहेको थियो। सेवा खाताअन्तर्गत पर्यटन आय समीक्षा अवधिमा १४ प्रतिशतले वृद्धि भई ५० अर्ब ३० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ४५ दशमलव ३ प्रतिशतले बढेको थियो।

# गणपति कटन उद्योगमा लफडा



विराटनगर, (नेस)

विराटनगरस्थित रानी मिल्स् एरियामा रहेको गणपति कटन उद्योगको क्वाटरमा २३ वर्ष अघिदेखि बसोबास गर्दै आएका मजदुरहरूले मिलको रेखदेख गर्दै आएका कृष्ण थापालाई दुर्व्यवाहर गरेका छन्। २३ वर्षदेखि क्वाटरमा तलब नै नपाई बस्दै आएका मजदूरलाई हटाउन खोजेको भन्दै आक्रोशित मजदूरले थापालाई नालाको हिलो नै शरिरभरी छ्यापिदिएका हुन्।

श्रीबंशीधर इष्ट्रिज युनिट गणपति कटन मिल बन्द हुनु अगाडिदेखि नै मिलको क्वाटरमा मजदूरहरू बस्दै आएका थिए। अहिले मिल बन्द भएको करिब २३ वर्ष भइसक्यो। मजदूर तलब नै नपाई मिलको क्वाटरमा रेखदेख गर्दै आएका छन्। बन्द भएको मिलको जग्गा अहिले गायत्री डेभलपर्स कम्पनीले किनेको छ। गायत्री डेभ्लोपर्स कम्पनीका प्रतिनिधि र उद्योगको रेखदेख गर्ने थापाको नेतृत्वमा शनिबार विहान आएको टोलीले मजदूर बस्दै आएको जग्गा नाप्न थालेपछि क्वाटरमा बस्दै आएका मजदूरले थापालाई दलाली भन्दै नालाको कालो हिलो अनुहारमा छ्यापीदिएका हुन्।

श्रीवंशीधर इष्ट्रिज युनिट गणपति कटन मिल संघर्ष समितिलाई कुनै जानकारी नदिई शनिबार विहान एक्कासी क्वाटरमा प्रवेश गरेपछि आक्रोशित मजदूरले जग्गा नाप्न आएको टोलीमाथि नै जाइलागेका थिए। गायत्री डेभलपर्सले क्वाटरको कम्पाउन्ड खाली गर्न भनेर यसअघि नै ३५ दिने सूचना जारी गरेको थियो। मिलको क्वाटरमा बस्दै आएको र अहिले अचानक हटाउन लाग्दा विचल्लीमा पर्ने भएकाले आफूहरूलाई उचित क्षतिपूर्ति दिनुपर्ने भन्दै मजदूरहरू माग छ।

दुई सयको हाराहारीमा रहेका मजदुर तथा कर्मचारीले २३ वर्षदेखि तलब पाउन सकेका छैनन्। अहिले क्वाटरलगायत मिलको कम्पनीको खाली जमिनमा ६२ घरपरिवार बसोबास गर्दै आएका छन्। करिब १ विगा ६ कठ्ठा २ धुर जमिन रहेको स्थानमा अहिले पुराना ढल्न लागेको क्वाटर छन् भने आधा दर्जनले त्यही क्वाटरको खाली जमिनमा घर बनाएर बसेका छन्।


**कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. मुख्य कार्यालय जावलाखेल, ललितपुरको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रि गरिने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना**

नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित मिति २०७५/२/६ गते आइतबार

तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको कर्जाको सावाँ तथा सोको ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर रकम समेत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरि/नबुझाई कर्जा सम्बन्धि शर्त कबुलियतको उल्लंघन गरेको तथा संस्थाले पटक-पटक लिखित, मौखिक एवं स्थलगत भेटघाट आदिबाट तरताकेता गर्दा समेत भुक्तानी गर्न नआएकोले लिईएको कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा कर्जा चुक्ता भुक्तान नगर्नु भएकोले सो कर्जाको सुरक्षण वापत यस संस्थामा रहेको तपसिल बमोजिमको अचल सम्पत्तिको लिलाम बिक्रिका लागि यो **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ३६ औं दिनमा सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, यस संस्थाको कर्जा लगानी तथा अशुली सम्बन्धि नियमावली २०६३ तथा प्रचलित नियम, कानून तथा कार्यबाही बमोजिम लिलाम बिक्रि गरी संस्थाले आफ्नो लेना रकम अशुल उपर गरी लिने ब्यहोरा यसै सूचना मार्फत सम्बन्धित ऋणी सदस्य, साक्षी एवं धन जमानी बसिदिने व्यक्तिहरु तथा सम्बन्धित अन्य सबै पक्षहरुलाई जानकारी गराईन्छ। साथै तपशिलको सुरक्षण बापतको सम्पत्ति जे जस्तो अवस्थामा छ सो अवस्थामा लिलाम बिक्रि गरी कर्जा असुल उपर गर्नुपर्ने भएकोले सो लिलाम बिक्रिमा उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक संघ, संस्था, कम्पनी तथा महानुभावहरुलाई समेत जानकारीको लागि अनुरोध छ। कथम कदाचित धितोमा रहेको सम्बन्धित चल अचल सम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नियम अनुसारले ऋणी, जमानीकर्ता र निजहरुका एकासगोलका परिवारका अन्य चल अचल सम्पत्ति पत्ता लगाई सोबाट समेत नपुग रकम असुल उपर गरिनेछ।

| क्र.सं. | ऋणी सदस्यको बिबरण | व्यक्तिगत धनजमानी कर्ता एवं साक्षी बस्नेको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. | नाम : **गणेशप्रसाद पाण्डेय**<br>ठेगाना : स्याङ्जा-१, आमदेवी गा.वि.स.<br>हालः धापासी-६, काठमाडौं<br>बाबुः ठानेश्वर पाण्डेय<br>बाजेः यज्ञप्रसाद पाण्डेय<br>ना.प्र.नं. २४९५/९३७<br>कर्जाको प्रकार : जग्गा विकास कर्जा<br> | १. नाम : **प्रतिमा पाण्डेय**<br>ठेगाना : स्याङ्जा-९, आमदेवी गा.वि.स.<br>हालः धापासी-६, काठमाडौं<br>ससुराः ठानेश्वर पाण्डेय<br>पतिः गणेशप्रसाद पाण्डेय<br>ना.प्र.नं.: ४२२०२४/२९५०१ | मालपोत कार्यालय काठमाडौं, चावहिलमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, साल्खा-३ख स्थित ऋणीको नाममा रहेको कित्ता नं. २३०, २३६ को क्षेत्रफल क्रमशः ०-११-२-० र ०-११-२-० को जग्गा लगाएत जग्गामा रहेको सम्पूर्ण लिग लिगापात समेत। |

**लिलाम बिक्रि सम्बन्धी अन्य शर्तहरू :**

१. प्रस्तुत सूचना प्रकाशित मितिले ३६ औं दिन अर्थात मिति २०७५/०३/१० गते आइतबारका दिन (उक्त दिन सार्वजनिक बिदा परे सोको लगत्तै भोलिपल्ट) दिनको ४ बजे संस्थाको जावलाखेल-१३, ललितपुर स्थित मुख्य कार्यालयमा सरकारी प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्रि सम्बन्धी कार्य हुनेछ।
२. रकम कबुल गर्दा कबुल गर्नेले शर्त राख्न पाउने छैन।
३. लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिले आफूले कबुल गरेको रकमको १०% ले हुन आउने रकम नगदै धरौटी बापत तत्काल संस्थामा जम्मा गर्नुपर्नेछ। धरौटी रकममा ब्याज दिईने छैन। प्रस्ताव स्वीकृत गर्ने वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुनेछैन।
४. लिलामीमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिलाई धितोमा रहेको सम्पत्ति बिक्रि गर्ने/नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार संस्थासँग सुरक्षित रहनेछ।
५. लिलामीमा भाग लिई लिलामीमा स्वीकृती पाएको मितिले ७ दिन भित्र धरौटी बाहेकको रकम संस्थामा बुझाई सम्पत्ति नामसारी गरी नलिएमा धरौटी बापतको रकम जफत हुनेछ।
६. अचल सम्पत्ति सकार गरी लिनेले दा.खा. नामसारी गर्न लाग्ने लगायतका शुल्कहरु निज स्वयंले ब्यहोर्नु पर्नेछ।
७. लिलाम बिक्रि हुने अचल सम्पत्तिहरुको सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले संस्थामा सम्पर्क राख्न सक्नुहुनेछ।
८. सहकारी ऐन, नियमावली तथा संस्थाको कर्जा नीति नियम अनुसार लिलाम गर्नुपर्ने जाय जेथा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा संस्थाले नै उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
९. लिलाम बिक्रि गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले ब्यहोर्नु पर्नेछ।
१०. अन्य कुरा प्रचलित नियम, कानुन तथा कार्यवाही अनुसार हुनेछ।

अन्य थप जानकारी चाहिएमा संस्थामा सम्पर्क राख्न सकिने छ।

**कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
**KALYAN UPAKAR SAVING & CREDIT CO-OPERATIVE LTD.**
**केन्द्रीय कार्यालय**: जावलाखेल-१३, ललितपुर, फोन : ०१-५५२३३०७,५५२२३०८, फ्याक्स नं.५५५४०००
साविक कल्याण से.ए.क्रे.को-अप.लि., ललितपुर र उपकार से.ए.क्रे. को-अप. लि., काठमाडौं एकिकरण भएको संस्था


# सगरमाथामा भए विभिन्न रेकर्ड ३ सय आरोही चुचुरोमा



**दीपेन्द्र थापा, काठमाडौं**

यस वर्षको जारी सिजनमा शनिबारसम्म ३ सय ५ जनाले सगरमाथाको चुचुरोमा पाहिला टेकेका छन्। यस वर्षको पहिलो आरोहण ८ जना शेर्पा पथप्रदर्शकले बाटो बनाउँदै वैशाख ३० गते सगरमाथाको आरोहण गरेका थिए।

नेपालतर्फको दक्षिणी मोहडाबाट बाटो बनाउँदै शेर्पाहरूको टोली चुचुरोमा पुग्न सफल भएका थिए। दोस्रो दिन वैशाख ३१ गते ३९ जना, जेठ २ गते ४९ जना बिहीबार ९४ जना, जेठ ३ गते ६५ जना र शनिबार ५० जनाको हाराहारीमा सगरमाथा आरोहण गरेका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सम्पर्क अधिकृत ज्ञानेन्द्र श्रेष्ठले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

यस वर्ष २२औं पटक सगरमाथा आरोहणमा गर्दै कामिरीता शेर्पाले बुधबार विश्व कीर्तिमान कायम गर्नु भएको छ। शेर्पाले २१ पटक सगरमाथाको आरोहण गरेका आप्पा शेर्पाको रेकर्ड तोड्दै सोलुखुम्बुका शेर्पाले ४८ वर्षको उमेरमा २२ पटकको सफलता पाउनु भएको हो।

यस्तै गोरखाकी फोटो पत्रकार पूर्णिमा श्रेष्ठले समेत शनिबार सगरमाथाको आरोहण पूरा गर्नुभएको छ। 'लैंगिक समानताको लागि सकारात्मक सोच, सर्वोच्च शिखरबाट समावेशी समाजको उद्घोष' भन्ने नाराको साथ बिहीबार दिकी शेर्पाले समेत सगरमाथाको चुचुरो पाइला टेक्नु भएको छ। यस्तै दुवै खुट्टा गुमाएका चिनियाँ नागरिकले समेत सगरमाथाको आरोहण गरेका छन्। चारपटकको प्रयासपछि दुई वटै कृत्रिम खुट्टाको सहायताले जिया बोयुले गत सोमबार विहान सगरमाथा आरोहण गरेका थिए। नेपाली मोहोडाबाट कृत्रिम खुट्टाको सहायताले सगरमाथा आरोहण गर्ने पहिलो नागरिक भएको बुझिएको छ।

यसैगरी लाक्पा शेर्पाले धेरैपछक सगरमाथा चढ्ने महिला आरोहीको रेकर्ड बनाउनु भएको छ। उहाँले आफ्नै रेकर्ड तोड्दै उक्त रेकर्ड बनाउनुभएको हो। शेर्पाले ९ पटक सगरमाथा आरोहण गरेर उक्त रेकर्ड बनाउनु भएको हो। शेर्पाले सन् २००० मा पहिलोपटक सगरमाथा आरोहण गर्नुभएको थियो।

पर्यटक विभागका अनुसार यस वर्ष वैशाख २१ गतेसम्म १ सय ४ समूहले विभिन्न हिमाल आरोहणको लागि अनुमति लिएका छन्,जस्मा ८ सय ३८ जना संलग्न रहेका छन् भने सगरमाथाको लागि ३४ समूहमा ३ सय २६ विदेशी र ४ नेपाली समूहसहित २० जनाले आरोहणको लागि अनुमति लिएका छन्। धौलागीरी हिमालमा ३ समुहसहित ३४ जना, लोत्सेमा १ सय ७ जना, मकालुमा २७ जना, मुस्ताङमा ५० जनाले अरोहणको अनुमति लिएका छन्।

विभागका अनुसार गत वर्ष सगरमाथा आरोहणका लागि अनुमति लिनेको संख्या हालसम्मकै बढी नेपाली मोहोडाबाट ४१ वटा आरोहण दलका ३ सय ७५ जनाले सगरमाथाका लागि मात्रै अनुमति लिएका थिए। सगरमाथा आरोहणका लागि विदेशीले सगरमाथा आरोहण अनुमति लिन प्रतिव्यक्ति ११ हजार अमेरिकन डलर रोयल्टी तिनुपर्ने व्यवस्था छ भने नेपालीको हकमा प्रतिव्यक्ति ७५ हजार नेपाली रुपियाँ रोयल्टी तिर्नुपर्नेछ। सगरमाथा आरोहणका लागि बढीमा १५ जनासम्मको समूह बनाउन पाउने व्यावस्था रहेको विभागले जनाएको छ।

# प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन शुरू

इलाम, (नेस)

पर्यटकीय जिल्ला इलामको पर्यटन विकासमा मद्दत पुर्‍याउन इलाममा प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन शुरू गरिएको छ। शनिबारबाट इलामका विभिन्न स्थानमा गएर प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन शुरू गरीएको हो। आइतबार प्याराग्लाइडिङको परीक्षण उडान गरीने भएको छ। इलाम भौगोलिक र मौसमी हावापानीका आधारमा पनि प्याराग्लाइडिङका लागि सम्भावना बोकेको जिल्ला हो।

८ डिग्री सेल्सियसदेखि ३६ डिग्री सेल्सियस तापक्रमसम्मका स्थानमा प्याराग्लाइडिङको मज्जा लिन सकिन्छ। हावाको बहाव तेज चाहिन्छ। यो मौसमी वातावरण इलाममा रहेकाले समेत प्याराग्लाइडिङको कम्पनी खोलेर सुचारु गर्न सकिने प्याराग्लाइडिङ सम्भावना अध्ययनका लागि इलाम आएकी एनआरएनमा कार्यरत पोखराकी सुमित्रा राईले बताउनुभयो। सम्भावना अध्ययनका लागि राईसँगै प्याराग्लाइडिङका पाइलट विवेक शम्शेर राणा र विनोद लावतीसमेत आएका छन्।

इलाममा ऐतिहासिक पुरातात्विक महत्त्व बोकेका स्थानदेखि विभिन्न रमणीय स्थानसमेत प्रशस्त छन्। सम्भाव्यता अध्ययनपछि इलाममा प्याग्लाइडिङ कम्पनी खोल्ने र स्थानीय क्षेत्रमा नै प्याराग्लाइडिङ पाइलट उत्पादनमा जोड दिइने राईले बताउनुभयो। 'पोखरा र इलामको पर्यटन विकासमा सहकार्य गर्न हामी तत्पर छौं' राईले भन्नुभयो-'तर यस कार्यका लागि हामीलाई इलामबासीको साथ र सहयोग अनिवार्य हुनुपर्छ।'

इलाममा प्याराग्लाइडिङ कम्पनी खोल्न र सुचारु गर्न स्थानीय तहदेखि केन्द्रसम्म पहल गर्ने इलाम नगरपालिकाका प्रमुख महेश बस्नेतले प्रतिबद्धता जनाउनुभयो। 'यस कार्यका लागि इलामनगरपालिकाले सक्दो सहयोग गर्छ,' बस्नेतले भन्नुभयो-'यस कार्यमा हुने कानुनी झन्झट हटाउनका लागि नगरपालिकाले नेतृत्व लिएर काम गर्नेछ।'

# मकवानपुर-कोरिया सम्झौता

हेटौंडा, (नेस)



मकवानपुर उद्योग वाणिज्य संघले कोरियाको किम्हे माइग्रेन्ट हाउससँग द्विपक्षीय सम्झौता गरेको छ। आधुनिक प्रविधि, लगानी र आवश्यक जनशक्ति भित्र्याउने विषयमा द्विपक्षीय सम्झौता गरिएको संघ अध्यक्ष कृष्ण कटुवालले बताउनुभयो।

सम्झौतापत्रमा संघ अध्यक्ष कटुवाल र किम्हे माइग्रेन्ट हाउस अध्यक्ष यज्ञराज सुवेदीले हस्ताक्षर गर्नुभएको थियो। भ्रमण टोलीले किम्हे उद्योग वाणिज्य संघसँग छलफल गरेको छ। छलफलका क्रममा किम्हे उवा संघका पदाधिकारीले मकवानपुर उद्योग वाणिज्य संघसँग भगिनी सम्बन्ध कायम गर्न चाहेको बताउनुभएको थियो। आगामी दिनमा दुवै देशबीच व्यावसायिक वातावरण तयार गर्ने विषयमा छलफल केन्द्रित रहेको संघ सचिव विष्णुगोपाल महर्जनले बताउनुभयो। भ्रमण टोलीले दक्षिण कोरियाको मदिरा 'सोजु' उद्योगको अवलोकन गरेको छ। विभिन्न सम्भावित उद्योगमा लगानी र व्यापारका विषयमा छलफल भएको भ्रमण टोली सदस्य कृष्णप्रसाद ढुंगानाले बताउनुभयो।



# नेवाः पुर्खाया इतिहासं नेवाः पुस्तायात हे हिके फई

बाज्या तापा बाज्याया बाखँ
बजे तापा बजेया बाखँ
माँ अबुया बाखँ

जात्रा पर्वया बाखँ
नसाः त्वँसाः वसः तिसाः
व बाजंया बाखँ

फुक्कँ फुक्कँ छिकपिनियाहे बाखँ
साँस्कृतिक राष्ट्र नेवाः तय्गु बाखँ
झिसँ च्वयेगु जुई ।

नेवाः संस्कृति संरक्षणय् झिगु योगदान च्वयेन
जीवन व जीवनी ईनेनु न्हुगु पुस्तायात ज्ञान ।
स्वनिगः वा मेमेगु ईलाकाय् च्वना च्वनादिपिं नेवाः तय्गु
बाखँ व अनुभूति छगु देय्या बाखँ मजुइमा ।

थ्वहे तातुना छिगु, छिगु परिवारया मुलिया वा थथिति तय्गु
सफू च्वया इतिहास दयेकेगु इच्छा दु ।।।

नेवाः तय्गु बाखँ झासँ झिसँ हे मिलेय् जुया च्वये पायछि दँ जक कया ॥

GHOSTWRITING NEPAL
ETERNAL JOURNEY

स्वापू : **घोस्ट राईटिङ् नेपाल, लेखन कुञ्ज**
थापागाउँ, नयाँबानेश्वर, वनेगु लँ दथ्वीइ
फोन : ०१-४४८३१११, ०१ -४४८३८१०, ९८५१००४७६१
ईमेल : **ghostwriting.nepal@gmail.com**

# श्री स्टारसँग मनाङ फेरि पराजित

काठमाडौं, (नेस)

ललितपुरको थ्री स्टार क्लबले उदयपुरमा भएको पाँचौं रमझम उदयपुर गोल्डकपको उपाधि जितेको छ। थरुहट रंगशालामा शनिबार भएको फाइनल खेलमा थ्री स्टारले मनाङमर्स्याङ्दी क्लबलाई १-० गोल अन्तरले हराएको हो। यो टोलीको वर्षको दोस्रो र उदयपुरमा तेस्रो उपाधि थियो। यसअघि वर्षको शुरुआतमा माईभ्याली गोल्डकपमा पनि मनाङलाई नै हराएर थ्री स्टार च्याम्पियन बनेको थियो।

थ्री स्टारका लागि अजायी मार्टिन्सले १९औं मिनेटमा गरेको गोल नै निर्णायक बनेको थियो। योसँगै टोलीले फुटबलमा पुनरागमन गरेपछि सात उपाधि हात पारिसकेको छ। गत वर्ष टोलीले ५ उपाधि जितेको थियो। थ्री स्टारले विजेता हुँदै ५ लाख नगद प्राप्त गऱ्यो भने यस वर्ष तीन फाइनल खेलेको मनाङका लागि उपविजेता नै हात परेको छ। टोलीले ३ लाख ५० हजार नगद हासिल गरेको थियो। थ्री स्टारका पिटर सेगुन सर्वश्रेष्ठ खेलाडी घोषित हुँदै ५० हजारको हकदार भएका थिए।



# सन्दीप आज मुम्बईविरुद्ध खेल्दै

काठमाडौं, (नेस)

इन्डियन प्रिमियर लिगअन्तर्गत दुई खेलमा सानदार प्रदर्शन गरेका नेपाली स्पिनर सन्दीप लामिछानेले आज मुम्बई इन्डियनविरुद्ध बलिङ गर्ने भएका छन्। यो उनको आईपीएलमा तेस्रो तथा यस सिजनको अन्तिम खेल हुनेछ। यसअघि ११ खेलसम्म दिल्ली डेयरडेभिल्सले नखेलाएपछि १२औं खेलमा मात्रै उनले डेब्यु गर्ने मौका पाए। मौका पाउनासाथै उनले जसरी बलिङ गरे त्यसले सम्पूर्ण विश्व क्रिकेटमा अमिट छाप छाडेका छन्।

सन्दीपको पहिलो खेल भारतीय कप्तान विराट कोहलीको नेतृत्वमा रहेको रोयल च्यालेन्जर्स बैंगलोरविरुद्ध थियो, जसमा सन्दीप एक्लो किफायती बलर सावित भए। उनले पार्थिव पटेलको विकेट लिएर आईपीएलमा विकेटको श्रीगणेश गरे। उनले सो खेलमा ४ ओभर बलिङ गर्दै २५ रन दिएर १ विकेट लिए। यो खेल भने दिल्लीले हाऱ्यो। तर शुक्रबारको खेलमा भने सन्दीपले ४ ओभरमा २१ रन दिएर एक मात्र विकेट सुरेश रैनाको रूपमा हात पारे। रैनाजस्ता आक्रामक ब्याटसम्यानलाई गुगली बलिङ गर्दै क्याच आउट गराएका थिए। यसवापत उनलाई स्टाइलिस प्लेयर अफ द म्याच घोषित गरियो र उनको हातमा पऱ्यो १ लाख भारु।

### रोयल्सबीचको भीडन्तमा राजस्थानको बाजी

इन्डियन प्रिमियर लिगअन्तर्गत अन्तिम चरणको खेलमा दुई रोयल्सको भीडन्तमा राजस्थान रोयल्सले बाजी मारेको छ।

शनिबार भएको खेलमा राजस्थानले रोयल च्यालेन्जर्स बैंगलोरलाई ३० रनले पराजित गरेको हो। यो जित दुवै टोलीका लागि महत्त्वपूर्ण रहेको थियो। जित्ने टोलीले प्लेअफमा खेल्न सकिने तर हारले प्रतियोगिताबाटै बाहिरिने समीकरण थियो। हारेपछि भारतीय कप्तान विराट कोहलीको टोली बैंगलोर बाहिरियो। बैंगलोरले कुल १४ खेलबाट १२ अंकसहित छैटौं स्थानमा रहेको छ। यस्तै विजेता टोली राजस्थानले कुल १४ खेलबाट १४ अंक जोडेर चौथो स्थानमा उक्लिन सफल भएको छ।

राजस्थानले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ५ विकेटको क्षतिमा १ सय ६४ रन जोडेको थियो। फर्ममा रहेका जोस बटलर इंग्ल्यान्ड फर्केपछि ओपनर सम्हालेका राहुल त्रिपाठीले टोलीलाई निरास गरेनन्। उनी नटआउट हुँदै ८० रन जोड्नु नै टोली सुरक्षित स्कोरमा पुगेको थियो। ५८ बल खेलेका उनले ५ चौका र ३ छक्का प्रहार गरेका थिए। त्यस्तै टोलीका लागि कप्तान आजिन्क्य रहाणेले ३३ रन र हेनरिच क्लासनले ३२ रनको योगदान दिए। बैंगलोरका बलरमा उमेश यादवले सर्वाधिक ३ विकेट लिएका थिए।

जवाफमा कप्तान कोहली ४ रनमै गुमाएको बैंगलोरले एबी डिबिलियर्स र पार्थिव पटेलको ब्याटिङ हुन्जेल जित्ने लक्षण देखाएको थियो। जब यी दुई ब्याटसम्यान श्रेयास गोपालका सिकार भएपछि राजस्थानका बलरले उनीहरूको इनिङ १ सय ३४ रनमै समेटेका थिए। एबीले ७ चौकासहित ५३ रन जोड्दा पार्थिवले ३३ रन बनाएका थिए। बैंगलोरको प्लेअफको आशा समाप्त गरेका गोपाल म्यान अफ द म्याच घोषित भए। उनले ४ ओभरमा मात्र १६ रन खर्चेर चार विकेट लिएका थिए।






## धरहरा

# सोमरसको कमाल



काठमाडौं उपत्यका मात्रै होइन मुलुकका अधिकांश शहर बजारमा शुक्रबार साँझको रौनक विशेष हुन्छ। विशेष बन्न थालेको छ। साथीभाइ र आफन्तहरू जुट्ने, आफ्नो गच्छेअनुसारका परिकार र जलपान गर्नेहरूरु धेरै देखिन्छन्, भेटिन्छन्। साथीकोमा जाने भन्दै घरबाट निस्कने छोरी/चेली ब्यायफ्रेन्डसँग भेटिनु नौलो होइन।

शहर बजारमा अन्य दिनभन्दा कयौं गुणा बढी 'सोमरस'को व्यापार हुने गरेको छ। आइतबारदेखि बिहीबारसम्मको सोमरसको व्यापार जति हुन्छ, त्योभन्दा कयौं गुणा बढी व्यापार त शुक्रबार एकै दिन हुन्छ रे, धरहराले यो कुरा सोमरस व्यापारीहरूबाट सुन्या। तारे होटलदेखि, निकै चलेका रेस्टुराँ, नामै मात्रका रेस्टुराँ र कुनै पनि साइनबोर्डविनाका भट्टी सबैतिर सोमरसको डिमान्ड हुन्छ।

यसपटक शुक्रबार साँझ ललितपुरको गोदावरीमा निकै चल्तीमा रहेको होटलमा सोमरस निकै खपत भएको धरहराले देख्यो। त्यहाँ ग्राहक थिए २ दिन अघिदेखि मुलुकभरबाट भेला भएका जिल्ला वन अधिकृत। माहोल अझ विशेष बनाउन पुग्या थिए, वनका उपल्लो तहका हाकिमहरू। राम्रोसँग साँझ नपर्दै शुरू भएको सोमरस पार्टी राति अबेरसम्म चल्यो। चल्तीका स्वदेशी र विदेशी आइटम गीत/संगीतको चर्को आवाजका साथ।

माहोल खुब जम्या थियो, राति साढे ९ बजेको आसपासमा बत्ती गयो, आउने छाँटकाँट देखिएपछि वैकल्पिक व्यवस्थाका साथ होटलले सोमरस माहोल जारी राख्यो। सामान्य अवस्थामा गीत र संगीतको धुनमा ताली बजाउन कन्जुस्याइँ गर्ने बहुसंख्यक अधिकृतहरू नाचगानमा उत्रिया देख्दा धरहरा निकै छक्क पऱ्या छ।

# अर्जेन्टिनाको महिला फकाउने मार्गदर्शन !

ब्युनोस आयर्स, (एजेन्सी)

अर्जेन्टिना फुटबल एसोसिएसन (एएफए)ले रुसमा हुने विश्वकपमा लियोनल मेसी र उनको टोलीलाई रुसी महिलाबारे मार्गदर्शन दिएको छ।

एएफएले प्रकाशित गरेको ह्यान्डबुकमा कसरी रुसी महिलासँग कुरा गर्ने, कसरी उनीहरूलाई फकाउनेजस्ता विषय समावेश गरिएको छ। यसको चारैतिर विरोध भएपछि एएफएले क्षमा पनि मागेको छ। यो भुलवश हुन गएको भनेर एएफले स्वीकार गरेको पनि छ।

भित्री पृष्ठमा शीर्षक राखिएको छ कि कसरी रुसी महिलासँग मौका लिने? मार्गदर्शनमा रुसी महिलाले आफूहरूलाई वस्तुको रूपमा व्यवहार गर्न मन पराउँदैनन् भनेर पनि हाइलाइट गरिएको छ। सो ह्यान्डबुकमा उल्लेख गरिएको छ- प्रायजसो पुरुष उनीहरूलाई पलङमा ल्याउन चाहन्छन् किनभने रुसी महिलहरू सुन्दरी छन्। सायद उनीहरू पनि यही चाहन्छन्। तर उनीहरू यस्ता पनि छन् कि उनीहरूले महत्त्वपूर्ण र बेग्लै भएको महसुस गर्न चाहन्छन्।

यसैगरी अर्को पृष्ठमा उल्लेख गरिएको छ कि प्रायजसो महिला नजिक आउन चाहन्छन्, यदि तपाईं सफा हुनुहुन्छ, वासना राम्रो र राम्रो लुगा लगाउनुहुन्छ भने। पहिलो प्रभाव नै उनीहरूका लागि ज्यादै महत्त्वपूर्ण हुन्छ।

यी पाठले भरिएको मार्गदर्शन आगामी जुन १४ देखि जुलाई १५ सम्म रुसमा हुने विश्वकप अगाडि सार्वजनिक गरिएको हो। एएफएले करिब ४० पत्रकारसामु रुसी भाषा र संस्कृतिबारे जानकारी गराएको थियो।

यो सार्वजनिक भएअनुसार विश्वसामु एएफएको कडा आलोचना भएको छ। एएफएले महिलाप्रति अपमान गरिएको भनेपछि माफी माग्नु परेको थियो। नजानेर यस्तो गल्ती भएको पनि उनीहरूले वक्तव्यमा भनेका छन्। एएफएले मार्गदर्शनहरू गलत ढंगले प्रकाशित भएको भनेर पनि आफूलाई बचाएको छ। प्रशासनले यी मार्गदर्शनलाई छिटै निकालेको पनि जनाएको छ।

जाति, रंगजस्ता विभेदका विरुद्ध राष्ट्रिय संस्थाका प्रमुख क्लाउडियो प्रेसम्यानले सो मार्गदर्शन पुस्तकमा सेक्सीस्ट शब्दविरुद्ध बोलेका थिए। उनले ब्युनस आयर्सको टीएन टेलिभिजन च्यानलमा बताए- 'हामीले एएफएसँग यसबारे स्पष्टीकरण मागेका छौं। यो शब्दले महिलालाई लज्जित र अपमान गरेको छ।'

ब्युनस आयर्समा विश्वकप हुन अगाडि खेलाडी, प्रशिक्षक र पत्रकारलाई राखेर शैक्षिक कोर्स आयोजना गरिएको थियो। उनीहरू सबै विश्वकपमा जानेहरू हुन्। जसमा लियोनल मेसीले पनि सो कोर्समा भाग लिएका थिए।




# सुखद अन्त्यको अपेक्षामा शिवराम

नेपाल समाचारपत्र

काठमाडौं

डिफेन्डिङ च्याम्पियन तथा नेपालका नम्बर एक गल्फर शिवराम श्रेष्ठ सूर्य नेपाल प्रिमियर गल्फको उपाधि रक्षा गर्दै सिजनको छैठौं उपाधि जित्ने दाउमा रहेका छन्। सूर्य नेपाल टुरअन्तर्गत २०१७/१८ सिजनको अन्तिम प्रतियोगिता प्रिमियर गल्फलाई नगद पुरस्कारले ठूलो र विशेष बनाएको छ। कूल १२ लाख ६० हजार नगद पुरस्कार यो प्रतियोगिताको आकर्षक पक्ष हो। यही आकर्षक प्रतियोगिताका प्रमुख दावेदार हुन्, शिवराम।

सूर्य नेपाल गल्फ टुरमा लामो समयदेखि दबदबा कायम गर्न सफल शिवरामको लागि यो सिजन सोचेजस्तो सफल हुन सकेन। अहिलेसम्म सिजनको ९ प्रतियोगितामध्ये ५ प्रतियोगिताको उपाधि जिते जुन तारिफयोग्य सफलता हो। यो सिजनमा घनश्याम प्रोफेसनल गोल्डेन जुब्ली, सूर्य नेपाल इस्टर्न ओपन, सूर्य नेपाल सेन्ट्रन ओपन, सूर्य नेपाल एनपीजीए म्याच प्ले, गल्फर पाइलट्स एनपीजीए क्लासिकको उपाधि उनले आफ्नो पक्षमा पारे। बाँकी ३ प्रतियोगितामा दोस्रो हुनु र सूर्य नेपाल च्यालेन्जमा १०औं स्थानमा खेल सकाउनु निराशाजनक प्रदर्शन हो शिवरामका लागि। यसैले उनको नम्बर एक स्थान पनि शतप्रतिशत सुरक्षित छैन।

सूर्य नेपाल प्रिमियर गल्फको उपाधि जित्नुपर्ने दबाब उनलाई रहेको छ। नगद पुरस्कारमा भुवन नगरकोटीभन्दा एक लाख ३३ हजार ७ सय मात्रै अगाडि छन्। सिजनको ९ प्रतियोगिता सकिदा शिवरामले ६ लाख ६४ हजार २ सय ५० नगद पुरस्कारसहित अर्डर अफ मेरिटमा पहिलो स्थानमा छन्। ५ लाख ३० हजार ५ सय ५० नगद पुरस्कारसहित दोस्रो स्थानमा रहँदै भुवनले शिवरामलाई दबाब दिइरहेका छन्।

यो सिजन सोचेजस्तो प्रदर्शन नहुनुको प्रमुख कारण खराब पटिङ र प्रशिक्षणमा समय दिन नसकेको शिवरामको भनाइ छ। पछिल्लो सबै प्रदर्शनलाई बिर्सिएर सूर्य नेपाल प्रिमियरको तयारीमा जुटिरहेको बताउँदै पटिङ र सर्ट गेमलाई सुधार गरिरहेको बताए। यो पटक उपाधि जित्न बढी महत्त्वपूर्ण रहेको र सोहीअनुसार कुनै गल्ती नगरी उपाधि रक्षा गर्न सक्दो कोसिसमा शिवराम रहेका छन्।

यो सिजन प्रत्येक प्रतियोगितामा चूनौती दिएका भुवन उनको प्रमुख प्रतिद्वन्द्वी हुन्। खेलमा भुवनले धेरै सुधार गरेको शिवरामको भनाइ छ। उनले भुवनसँगै सञ्जय लामालाई पनि कडा प्रतिद्वन्द्वीका रूपमा लिएका छन्। गत वर्ष सञ्जय र सूर्यप्रसाद शर्मालाई तीन स्ट्रोकले हराउँदै शिवरामले उपाधि जितेका थिए।

आइतबारबाट शुरु हुने सूर्य नेपाल प्रिमियर गल्फको मुख्य स्पर्धा सोमबारदेखि शुरू हुनेछ। ७२ होलको प्रतिष्पर्धामा कूल १२ लाख ६० हजार नगद पुरस्कारका लागि खेलाडीहरूले प्रतिष्पर्धा गर्नेछन्। गोकर्ण गल्फ क्लबमा हुने प्रतियोगिताको विजेताले २ लाख ३० हजार तथा दोस्रो र तेस्रो हुनेले क्रमशः १ लाख ४० हजार र ९५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन्।

# राखेप, दीर्घायू र दृष्टिबीच सम्झौता

काठमाडौं, (नेस)

राष्ट्रिय खेलकुद परिषद् (राखेप), चावहिलको दीर्घायु गुरु हस्पिटल एन्ड रिसर्च सेन्टर, कलंकीको दृष्टि आइकेयर सिस्टमबीच शनिबार महत्त्वपूर्ण सम्झौता भएको छ।

यो सम्पूर्ण खेलाडी र खेलाडी परिवार, राखेप कर्मचारी र परिवार, खेल पत्रकार र पत्रकार परिवार, खेल पदाधिकारी र परिवारलाई सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धमा सम्झौता भएको हो। राखेपका सदस्य-सचिव केशवकुमार विष्ट, दीर्घायुका प्रबन्ध



निर्देशक सुरज बलाय श्रेष्ठ र दृष्टिका कार्यकारी निर्देशक डा. भाइराजा श्रेष्ठले छुट्टाछुट्टै सम्झौता पत्रमा हस्ताक्षर गरे।

सम्झौताअनुसार राखेपले आयोजना गर्ने कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा दीर्घायू हस्पिटलले स्वास्थ्य सेवा उपलब्ध गराउने छ। खेलाडी, प्रशिक्षक, खेलकर्मी, कर्मचारी, खेल पत्रकारका साथै प्रशिक्षणमा सहभागी सम्पूर्ण खेलाडी एवं अन्य खेलाडीलाई आवश्यक स्वास्थ्य उपचारका लागि राखेपको सिफारिसमा दीर्घायूमा उपलब्ध नशा रोग, हाडजोर्नी, स्त्री तथा प्रसुति रोग, मुटु, ईएनटीलगायत अन्य आवश्यकीय सेवा प्रदान गर्नेछ।

त्यस्तै ओलम्पियन खेलाडीलाई ओपिडी सेवा निशुल्क, अन्य सम्पूर्ण परीक्षणमा ५० प्रतिशत, शल्यक्रियामा ३५ प्रतिशत र औषधिमा १० प्रतिशत छुट दिने सहमति भएको छ। ओलम्पियनमाथि आश्रित परिवारलाई ओपीडीमा १ सय शुल्क, परीक्षणमा २५ प्रतिशत, शल्यक्रियामा २० प्रतिशत र औषधिमा १० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

अन्य खेलाडी र राखेपका कर्मचारीको हकमा ओपिडी शुल्कमा १ सय रुपियाँ तथा परीक्षण र शल्यक्रियामा २५ प्रतिशत र औषधिमा १० प्रतिशत छुट कायम गरिएको छ। खेलाडी र कर्मचारी परिवारलाई ओपीडी शुल्कमा १ सय लिने तथा परीक्षणमा २० प्रतिशत, शल्यक्रियामा १५ प्रतिशत र औषधिमा १० प्रतिशत छुटको व्यवस्था गरिएको छ।

खेल पत्रकार र खेल पदाधिकारी तथा उनका परिवारको ओपीडी शुल्क १ सय मात्र लिनुपर्ने तथा परीक्षणमा २० प्रतिशत, शल्यक्रियामा १५ प्रतिशत र औषधिमा १० प्रतिशत छुट हुने सम्झौता भएको छ। राखेपको यो सम्झौता अवधि २ वर्षको हुनेछ।

यसै गरी आँखासम्बन्धी उपचार उपलब्ध गराउने दृष्टिसंग पनि ओलम्पियन, अन्य खेलाडी, राखेप कर्मचारी, खेल पत्रकार र खेल पदाधिकारीका साथै उनीहरूका परिवारका लागि निश्चित छुटको व्यवस्था गरी सेवा प्रदान गर्ने सम्झौता भएको छ। उक्त सम्झौतामा पनि ओलम्पियन प्राथमिकतामा राखी अरुको भन्दा छुट प्रतिशत बढी दिइएको छ।




भर्खरै !
भर्खरै के भयो दुनियामा ?
भर्खरै सोध्नुहोस् हामीलाई
भर्खरै हाजिर हुनेछ
जबाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ
भर्खरै !


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ